# लक्ष्मीदत्त भट्टको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
**रीता लामिछाने**
शैक्षिक सत्र : २०६५-२०६७
त्रि.वि. दर्ता नं.: ९-१-२४०-११८९-९९
क्याम्पस क्रमाङ्क : २५/०६५

**नेपाली विभाग**
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०७२/२०१५

# कृतज्ञता ज्ञापन

साहित्यकार **लक्ष्मीदत्त भट्टको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र स्नातकोत्तर (एम.ए.) तह द्वितीय वर्षको दसौँ पत्रका लागि तयार गरिएको हो । शोधकार्यको सुरुदेखि मेहनतपूर्वक निर्देशन गर्नुहुने आदरणीय गुरु तथा शोधनिर्देशक उपप्राध्यापक श्री मुरलीधर घिमिरेप्रति हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र लेखन कार्यमा अन्यन्तै उत्साहजनक उत्प्रेरणा, जानकारी, अमूल्य समय, सल्लाह र सुझाब प्रदान गर्नुहुने नेपाली विभागका प्रमुख तथा आदरणीय गुरु प्रा.डा. होमनाथ सापकोटा तथा पूर्व विभागीय प्रमुख प्रा.डा. नारायणप्रसाद खनालप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधलेखनका क्रममा आवश्यक सामग्रीको व्यवस्था मिलाई सहयोग गरिदिने शोधनायक लक्ष्मीदत्त भट्ट, गजलकार गोर्खे साइँलो (ऋषि लामिछाने) तथा वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालयका कर्मचारीहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । गजल एवम् अन्य साहित्यिक सन्दर्भ पुस्तक एवम् राय सल्लाह प्रदान गर्नुहुने समालोचक डी.आर. पोखरेलप्रति पनि कृतज्ञता व्यक्त गर्दछु ।

मलाई उच्च शिक्षा आर्जनको अवसर दिई यहाँसम्म आइपुग्न प्रेरणा दिनुहुने आदरणीय बुबा श्री प्रेमनारायण लामिछाने र आमा श्री सीता लामिछानेप्रति म सदैव ऋणी छु । यसै गरी अध्ययनका क्रममा आइपरेका हरतरहका चुनौतीहरूसँग जुध्न सहयोग गर्नुहुने सहयात्री आदरणीय पति श्री सूर्यराज तिवारी एवम् शोधलेखनका क्रममा घरायसी वातावरण मिलाई प्रत्यक्ष अप्रत्यक्षरूपमा सहयोग गरिदिनुहुने मेरा आदरणीय सासू ससुराप्रति कृतज्ञता प्रकट गर्दछु र यसै गरी मेरा प्यारा सुपुत्र रिसन तिवारीप्रति पनि आभार प्रकट गर्दछु । यस शोधपत्रलाई शुद्धसँग कम्प्युटर टङ्कन कार्यलाई समयमा गरिदिनुहुने कम्प्युटर प्राविधिक महेश पौडेलप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७२/०७/१६
२ नोभेम्बर २०१५

............................

**रीता लामिछाने**
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्दसूची

यस अध्ययन पत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अनु. | अनुवादक |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| इ.सं. | इस्वी संवत् |
| गा.वि.स. | गाउँ विकास समिति |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| पृ. | पृष्ठ |
| प्र. | प्रकाशित |
| प्रा. | प्राध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम संवत् |
| सं. | संस्करण |
| संस्क. | संस्करण |
| शै.व. | शैक्षिक वर्ष |

# विषयसूची

## परिच्छेद : एक

## शोध परिचय


| | |
|---|---|
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको विवरण र समीक्षा | २ |
| १.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता | ६ |
| १.६ शोधको क्षेत्र र सीमा | ६ |
| १.७ सामग्री सङ्कलन विधि | ६ |
| १.८ शोधविधि | ७ |
| १.९ शोधपत्रको रूपरेखा | ७ |


## परिच्छेद : दुई

## साहित्यकार लक्ष्मीदत्त भट्टको जीवनीको अध्ययन


| | |
|---|---|
| २.१ जीवनी परिचय | ९ |
| २.२ वंशपरम्परा र जन्म | ९ |
| २.३ बाल्यकाल र शिक्षादीक्षा | १० |
| २.४ वैवाहिक जीवन र पारिवारिक स्थिति | १० |
| २.५ जीविका | ११ |
| २.६ आर्थिक अवस्था | ११ |
| २.७ साहित्य क्षेत्रमा प्रवेश, प्रेरणा र सिर्जना | १२ |
| २.८ सामाजिक क्षेत्रमा संलग्नता | १२ |
| २.९ मान, सम्मान र पुरस्कार | १४ |
| २.९ भ्रमण | १५ |
| २.१० अविस्मरणीय घटना | १५ |

२.११ रुचि र स्वभाव १६
२.१२ जीवनदर्शन १६
२.१३ निष्कर्ष १७

## परिच्छेद : तिन

## लक्ष्मीदत्त भट्टको व्यक्तित्वको अध्ययन

३.१ साहित्यकार लक्ष्मीदत्त भट्टको व्यक्तित्वको परिचय १८
३.१.१ बाह्य व्यक्तित्व १८
३.१.२ आन्तरिक व्यक्तित्व १९
३.१.२.१ साहित्यिक व्यक्तित्व २०
३.२ निष्कर्ष २३

## परिच्छेद : चार

## लक्ष्मीदत्त भट्टको कृतित्वको अध्ययन

४.१ कृतित्वको अध्ययन २४
४.१.१ हाम्रो कर्तव्य र गन्तव्य २५
४.१.१.१ कथावस्तु २५
४.१.१.२ पात्रविधान २९
४.१.१.३ केन्द्रीय कथ्य २९
४.१.१.४ भावविधान ३०
४.१.१.५ लयविधान ३१
४.१.१.६ बिम्ब, अलङ्कार र प्रतीक विधान ३२
४.१.१.७ भाषाशैली ३४
४.१.१.८ निष्कर्ष ३७
४.१.२ चाँदनीको व्यथा गजल सङ्ग्रहको अध्ययन ३८
४.१.२.१ परिचय ३८
४.१.२.२ गजलका तत्त्वहरूको आधारमा चाँदनीको व्यथाको अध्ययन र
विश्लेषण : सेर, काफिया, रदीफ, तखल्लुस, भाव वा विषयवस्तु ३८

४.१.२.३ सारांश ५३
४.२ आमाको स्मृति शोककाव्यको अध्ययन ५४
४.२.१ कृति संरचना ५४
४.२.२ तत्त्वका आधारमा 'आमाको स्मृति' शोककाव्य ५५
४.२.२.१ कथावस्तु ५५
४.२.२.२ विषयवस्तु ५६
४.२.२.४ पात्र ६२
४.२.२.५ परिवेश ६२
४.२.२.६ केन्द्रीय कथ्य ६३
४.२.२.७ भाव विधान ६४
४.२.२.८ लयविधान ६५
४.२.२.९ बिम्ब, प्रतीक एवं अलङ्कार विधान ६५
४.२.२.१० भाषाशैली ६७
४.२.३ सारांश ६८
४.३ बहर सागरको अध्ययन एवं विश्लेषण ६९
४.३.१ कृति परिचय ६९
४.३.२ गजलका तत्त्वहरू ७०
४.३.२.१ सेर ७०
४.३.२.२ काफिया ७२
४.३.२.३ रदीफ ७४
४.३.२.४ तखल्लुस ७५
४.३.२.५ भाव तथा विषयवस्तु ७६
४.३.२.६ सङ्गीत ७९
४.३.२.७ कल्पना ८१
४.३.२.८ बिम्ब तथा प्रतीक ८२
४.३.२.९ भाषा ८३
४.३.३ सारांश ८६

## परिच्छेद : पाँच

## निष्कर्ष तथा उपसंहार


| | |
|---|---|
| ५.१ निष्कर्ष | ८७ |
| ५.२ उपसंहार | ८८ |
| परिशिष्ट : एक - शोधनायक लक्ष्मीदत्त भट्टको छायाँचित्र | ९२ |
| परिशिष्ट : दुई - शोधनायक लक्ष्मीदत्त भट्टले प्राप्त गरेका सम्मान/प्रमाण-पत्रहरू | ९३ |
| **सन्दर्भग्रन्थ सूची** | ९६ |

# परिच्छेद : एक

# शोध परिचय

# परिच्छेद : एक

# शोध परिचय

## १.१ विषय परिचय

वि.सं. २०२९ मा बैतडी जिल्लाको आमचौर गा.वि.स वडा नं. १ मा जन्मिएका लक्ष्मीदत्त भट्ट नेपाली साहित्यमा एक साहित्यिक स्रष्टाका रूपमा परिचित छन् । यिनको साहित्यिक जीवन वि.सं. २०६५ मा **गुगुल्डी** पत्रिकामा कवितासङ्ग्रह प्रकाशित भएपछि सुरु भयो । **गुगुल्डी चिनारी** र **हिमिका** जस्ता पत्रपत्रिकाको सम्पादनमा सम्बद्ध लक्ष्मीदत्त भट्ट जापान सरकारबाट स्पेसल अवार्ड २००० द्वारा पुरस्कृत भएका छन् । नेपाली साहित्यका क्षेत्रमा उदीयमान स्रष्टाका रूपमा देखापरेका साहित्यकार भट्ट नेपाली साहित्यमा मूलतः कवि एवम् गजलमा कलम चलाउने अथक वाङ्मयसेवी हुन् । हालसम्म यिनका प्रकाशित कृतिहरू यसप्रकार रहेका छन् :

क) **हाम्रो कर्तव्य र गन्तव्य** (खण्डकाव्य-२०६३)

ख) **चाँदनीको व्यथा** (गजलसङ्ग्रह-२०६८)

ग) **आमाको स्मृतिमा** (शोककाव्य-२०६९)

घ) **बहर सागर** (शास्त्रीय बहरबद्ध गजल सङ्ग्रह-२०६९)

प्रस्तुत कृतिहरूका आधारमा लक्ष्मीदत्त भट्टलाई प्रतिभाशाली कविका रूपमा चिन्न सकिन्छ । नेपाली साहित्यको बगैँचालाई समृद्ध तुल्याउने काममा लागेका यिनको बारेमा केही पत्रपत्रिका र पुस्तकहरूमा चर्चा परिचर्चा गरिएको भए पनि उनको जीवनी व्यक्तित्व र कृतित्व माथि व्यवस्थित अध्ययन र अनुसन्धान भने हालसम्म हुन सकेको छैन । यस्ता सिर्जनशील कविको रचनात्मक योगदनको समुचित मूल्याङ्कन हुनु अनिवार्य छ । यस्ता कृतिकारको जीवनी र व्यक्तित्व पनि कृतित्वसँगै प्रस्तुत हुँदा अरू बढी प्रभावकारी हुने भएकाले यस शोधकार्यका लागि **लक्ष्मीदत्त भट्टको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षक छनोट गरिएको हो ।

## १.२ समस्या कथन

लक्ष्मीदत्त भट्टको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु यस शोधकार्यको मुख्य समस्या रहेको छ । यस मूल समस्यासँग सम्बन्धित अन्य समस्याहरू यसप्रकार छन् :

क) लक्ष्मीदत्त भट्टको जीवनी के-कस्तो रहेको छ ?

ख) लक्ष्मीदत्त भट्टको व्यक्तित्व कस्तो रहेको छ ?

ग) लक्ष्मीदत्त भट्टका कृतिहरू के कस्ता रहेका छन् ?

घ) नेपाली साहित्यमा उनका योगदान के कस्तो रहेको छ ?

यो शोधकार्य यिनै समस्याहरूको समाधानतर्फ उन्मुख रहेको छ ।

## १.३ शोधको उद्देश्य

लक्ष्मीदत्त भट्टको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र उनका कृतिहरूको अध्ययन तथा विश्लेषण गरी उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको परिचर्चा गर्नु प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य हो । यस उद्देश्य परिपूर्तिका लागि निम्नलिखित विशिष्ट उद्देश्यहरू रहेका छन् :

क) लक्ष्मीदत्त भट्टको जीवनी प्रस्तुत गर्नु,

ख) लक्ष्मीदत्त भट्टको व्यक्तित्वको अध्ययन-विश्लेषण गर्नु,

ग) लक्ष्मीदत्त भट्टका कृतिहरूको विवेचना गर्नु ।

घ) नेपाली साहित्यमा लक्ष्मीदत्त भट्टको योगदानको मूल्याङ्कन गर्नु ।

यो शोधकार्य यिनै उद्देश्यहरूको परिपूर्तितर्फ उन्मुख रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यकार लक्ष्मीदत्त भट्टको साहित्यकारिताको बारेमा समष्टिगत रूपमा अध्ययन भएको पाइँदैन । उनको बारेमा आजसम्म जे-जति पूर्वाध्ययन भएका छन्, तिनको कालक्रमिक विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

क)	नन्दलाल आचार्यद्वारा **चितवन पोष्ट** राष्ट्रिय दैनिक पत्रिकाको (वर्ष १६, अङ्क ३३, २०७०) *पुस्तक समीक्षा* शीर्षकमा गजलकार सत्यप्रेमीको **चाँदनीको व्यथा** गजल सङ्ग्रहले मनको पीडालाई सम्बोधन गर्न शक्ति चाहिएको कुरालाई वकालत गरेको देखाइएको छ । सत्यप्रेमीलाई जनन्मभूमिको ताकत राम्ररी थाहा भएको र उनले साहित्यमा सबैको नेत्र भिजाउने गरी गजल रचना गर्न सक्ने देखाइएको छ । यसले उक्त गजल सङ्ग्रहको अध्ययन र विश्लेषणका क्रममा भाव वा विषयवस्तुका बारेमा विश्लेषण गर्न सघाउ पुऱ्याए पनि गजलका तत्त्वहरूका आधारमा यस गजललाई पूर्णरूपले विश्लेषण गरिएको पाइँदैन ।

ख)	निर्मलकुमार भण्डारीद्वारा लिखित लक्ष्मीदत्त भट्टको **हाम्रो गन्तव्य र कर्तव्य** खण्डकाव्यको *मन्तव्य* (२०६५) शीर्षकको भूमिकामा दुष्प्रवृतिको उन्मूलन, सत्यप्रवृति सम्बन्धन, लोककल्याण, आत्मकल्याण एवम् वातावरणीय परिष्कारका साथै समग्र जीवन जगत्कै समुज्ज्वल भविष्यको कामना गरिएकोले उक्त कृति पठनीय र सङ्ग्रहणीय रहेको कुरा उल्लेख गरिएको छ । उक्त अध्ययनमा यस विवेच्य खण्डकाव्यलाई भावना र संरचनाका दृष्टिले आध्यात्मिक भएको कुराहरू समेटिएका छन् । जे होस्, यस पूर्वकार्यले यस शोधकार्यअन्तर्गत खण्डकाव्यको अध्ययन विश्लेषण गर्नमा केही सहयोग पुऱ्याएको छ ।

ग)	दीपेन्द्र कुमार जोशीले लक्ष्मीदत्त भट्टको **चाँदनीको व्यथा** गजल सङ्ग्रहको *प्रकाशकीय* शीर्षकमा डोट्याली भाषा र स्थानीय क्षेत्रमा प्रचलित रहँदै आएका परम्परागत शब्दपुष्पहरूलाई टपक्क टिपेर गजलकारिताको धर्म निर्वाह गर्दै गजलरूपी माला गुथ्न उनी सफल रहेको कुरा उल्लेख गरेका छन् । यस पूर्वकायले विवेच्य गजल सङ्ग्रह **चाँदनीको व्यथा**को अध्ययन विश्लेषण गर्न मद्दत पुऱ्याएको छ ।

घ)	वीरबहादुर चन्दले लक्ष्मीदत्त भट्टको **चाँदनीको व्यथा** गजलसङ्ग्रहको भूमिका अन्तर्गत *शुभकामना मन्तव्य* (२०६६) शीर्षकमा समसामयिक राजनैतिक

विकृति माया, प्रेम, आफन्तबाट धोका, अन्याय, अत्यचार पक्षपात र भ्रष्टाचार बढेकोप्रति भट्टजीका सेरहरूले मार्मिक र मिठास ल्याउनुका साथै चोटिलो प्रहार गरिएको कुरा उल्लेख गरेका छन् । यसले कृतिको अध्ययन विश्लेषण गर्न सघाएको छ ।

ङ) आत्माराम ओझाद्वारा लक्ष्मीदत्त भट्टको **आमाको स्मृतिमा** शोककाव्यको भूमिकाअन्तर्गत *मन्तव्य* (२०६९) शीर्षकमा गजलकार सत्यप्रेमीको **चाँदनीको व्यथा** नामक गजल रचना पनि उत्कृष्ट रहेको कुरा उल्लेख गर्दै यस **आमाको सम्झना** शोककाव्यका रचनाहरू शोककाव्यहरूको पङ्क्तिमा अद्वितीय शोककाव्य भएको उल्लेख गरेका छन् । उनले उल्लेख गरेअनुसार यो अद्वितीय नभए पनि नेपाली शोककाव्य परम्परामा उनले योगदान पुऱ्याएको देखिन्छ । अतः यस पूर्वकार्यले प्रस्तुत शोधकार्यको अध्ययन विश्लेषणका लागि केही आयाम प्रदान गरेको छ ।

च) केशवराज आमोदीद्वारा प्रस्तुत **आमाको स्मृतिमा** शोककाव्यको भूमिका अन्तर्गत *मन्तव्य* (२०६९) शीर्षकमा लक्ष्मीदत्त भट्ट सफल गजलकारका साथै कुशल काव्यशिल्पी पनि भएको उल्लेख गरेका छन् । उनी त्यस्ता कुशल शिल्पी भएको कुरा अतिरञ्जित भए पनि नेपाली साहित्यमा उनको योगदान भने रहेको पाइन्छ । अतः यस पूर्वकार्यले उनको शोककाव्यको विश्लेषणमा यही मात्र भए पनि सहयोगी भूमिका निर्वाह गरेको छ ।

छ) गोर्खे साइँलोले लक्ष्मीदत्त भट्टको **आमाको स्मृतिमा** शोककाव्य सङ्ग्रहको भूमिका अन्तर्गत *मन्तव्य* (२०६९) द्वारा कवि सत्यप्रेमी भाषा, साहित्य, संस्कृति, अध्यात्म र बहरबद्ध गजल र पद्य कविता लेखनमा सिद्धहस्त भएको अभिव्यक्ति दिँदै उनी कुशल कवि भएको कुरा व्यक्त गरेका छन् । त्यसैले प्रस्तुत शोधकार्यमा यस पूर्वकार्यले उनका बारेमा अध्ययन गर्न थप मद्दत पुऱ्याएको छ ।

ज) केशवराज आमोदीले **पल्लव साहित्यिक पत्रिका** (वर्ष ९, अङ्क १८, २०७०) मा *चाँदनीको व्यथा प्रति सामान्य दृष्टिकोण* शीर्षकमा कवि भट्टलाई कुशल,

काव्यशिल्पी वा गजल शिल्पीका रूपमा उदीयमान प्रतिभाशाली कवि मान्दै नेपाली साहित्य फाँटमा 'सत्यप्रेमी' उपनामद्वारा परिचित गराएको तथा साहित्यप्रतिको अनुरागका कारणले उनी विभिन्न साहित्यिक तथा गैरसाहित्यिक सङ्घ संस्थाहरूप्रति आबद्ध रहँदै आएको कुरा उल्लेख गरेका छन् । उनको बढी प्रशंसा गरिएको भए पनि यस पूर्वकार्यले प्रस्तुत शोधकार्यको विश्लेषणमा केही आधार प्रदान गरेको छ ।

झ) नन्दलाल आचार्यद्वारा **पल्लव साहित्यिक पत्रिका**मा *आमाको स्मृतिमा बनेको सत्यप्रेमीको आँसुको दह छिचोल्दा* (२०७०) शीर्षकको लेखमा कवि भट्टका कविता सरल र सहज भएको उल्लेख गर्दै उनका कविता हृदयस्पर्शी, रसिला र कमला समेत भएको कुरा व्यक्त गरेका छन् । साथै ती कविताहरू गीतझैँ लयात्मक र विचारमा इस्पाटिला पनि भएको उल्लेख गरेका छन् । उनको मूल्याङ्कनमा कवि भट्टका शब्दहरू र प्रकट विचारहरू दुर्बोध्य भएको उल्लेख गरेका छन् । यसले उनका कृतिहरूको अध्ययन विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

ञ) श्यामबहादुर भावुकद्वारा **पल्लव साहित्यिक पत्रिका** (२०७०) मा *सुदूर पश्चिमका लगनशील कवि-गजलकार लक्ष्मीदत्त भट्ट 'सत्यप्रेमी'* शीर्षकको कवितामा गजलकारले आफ्ना गजलमार्फत देशमा विद्यमान विकृति र विसङ्गति बढारेर फाल्न पाइला चालेको कुरा लयबद्ध रूपमा व्यक्त गरिएको छ । यस गजलमा वीर रसको प्रयोग गरिएको र यसले नेताहरूमाथि व्यङ्ग्य प्रहार गरिएको समेत देखाइएको छ । यस शोधकार्यमा समावेश गरिएको यस पूर्वकार्यको समीक्षाले भट्टको गजलकार व्यक्तित्व दर्साउन र यस गजलको भाव विश्लेषण गर्न सघाउ पुऱ्याए पनि गजलका तत्त्वहरूका आधारमा यस गजलको पूर्ण रूपले विश्लेषण गरिएको पाइँदैन ।

यी पूर्वकार्यहरूमा नेपाली गजलकार र लक्ष्मीदत्त भट्टको जीवनी, व्यक्तित्व र कृतित्वका कुनै न कुनै पक्षमा समग्र सम्बन्धित छन् । यिनमा उनका सम्पूर्ण कृतिहरूको विभिन्न कोणबाट विवेचना गरिएको छ । यी पूर्वाध्ययनहरूमा उनको कृतित्वको सकारात्मक

पक्षहरूमा बढी केन्द्रित भई विवेचना गरिएको पाइन्छ । उनी अद्यावधिक साहित्यिक क्षेत्रमा क्रियाशील रहेको हुनाले यस सन्दर्भमा वि.स.२०७० सम्मका भट्टका रचना उपलब्ध भएसम्मका सामग्रीको कालक्रमिक विवरण दिएर यिनै रचनाहरूलाई आधार बनाउँदै उनको जीवनी व्यक्तित्व र कृतित्वको सही र तटस्थ रूपमा विस्तृत अध्ययन र विश्लेषण हुन बाँकी नै रहेको देखिन्छ । विभिन्न पत्रपत्रिकामा प्रकाशित उनका रचनाहरूको समग्र अध्ययन विश्लेषण गर्न बाँकी नै देखिन्छ ।

## १.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

फुटकर रूपमा साहित्यकार लक्ष्मीदत्त भट्टका केही रचनाहरूको केही अध्ययन भए पनि समग्रमा उनको जीवनी र व्यक्तित्वका साथै कृतिहरूको अध्ययन हुन सकेको छैन । यही आवश्यकताको महसुस गरी यहाँ उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिएको हो । अतः नेपाली साहित्यमा योगदान पुऱ्याउने भट्टको बारेमा गरिएको यो अध्ययन औचित्यपूर्ण देखिन्छ । यो अध्ययन नेपाली साहित्यमा रुचि राख्ने शिक्षक, विद्यार्थी, साहित्यकार, साहित्यप्रेमी र समालोचकहरूका लागि विशेष उपयोगी हुने देखिन्छ ।

## १.६ शोधको क्षेत्र र सीमा

साहित्यकार भट्टको जीवनीको अध्ययन गर्नुका साथै उनको व्यक्तित्वको परिचय दिनु र उनका २०७१ सालसम्म प्रकाशित साहित्य सम्बन्धी पुस्तककार कृतिहरूको विश्लेषण गर्नु र अप्रकाशित तथा प्रकाशित फुटकर कृतिहरूको सूची प्रस्तुत गर्नु यस शोधकार्यको सीमा रहेको छ । पुस्तकाकार कृतिको विश्लेषणका क्रममा सामान्यतः विधाका संरचनात्मक तत्त्वलाई आधार बनाइएको छ र अप्रकाशित कृतिको विधागत सूची मात्र प्रस्तुत गरी समग्र नेपाली साहित्यमा भट्टको योगदानको अध्ययन र विश्लेषण यस शोधकार्यमा गरिएको छ ।

## १.७ सामग्री सङ्कलन विधि

यस शोधकार्यका लागि विभिन्न सामग्रीहरूको सङ्कलन मूलतः पुस्तकालयीय विधिअनुसार गरिएको छ । विभिन्न पुस्तकालय र व्यक्तिहरूसँग सम्पर्कका आधारमा सामग्री सङ्कलन गरी यो शोधकार्य सम्पन्न गरिएको छ ।

प्रस्तावित शोधकार्य शोधनायक लक्ष्मीदत्त भट्टको जीवनीसँग सम्बद्ध रहेको हुँदा आवश्यकताअनुसार भेटघाट गरी तथा लिखित प्रश्नावलीका माध्यमबाट अन्तर्वार्ता समेत लिई क्षेत्रीय विधि समेत केही मात्रामा उपयोग गरी आइपरेका समस्याहरूको समाधान गरिएको छ ।

## १.८ शोधविधि

शोधविधि तयार गर्दा तयारीका सिलसिलामा सामग्री सङ्कलनका माध्यमबाट प्राप्त सबै तथ्य र सूचनाहरूलाई व्यवस्थित किसिमले अध्ययन गरिएको छ । लक्ष्मीदत्त भट्टको जीवनी र कृतित्वको अध्ययन विश्लेषणका क्रममा आवश्यकता अनुसार निगमनात्मक र वर्णनात्मक विधि अपनाइएका छन् ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको स्वरूप र संरचनालाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित पाँच अध्ययनमा विभाजन गरिएको छ :

**परिच्छेद एक : शोध परिचय**

यस परिच्छेदअन्तर्गत विषय परिचय, समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, अध्ययनको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि र शोधविधि र शोधपत्रको रूपरेखा रहेका छन् ।

**परिच्छेद दुई : साहित्यकार लक्ष्मीदत्त भट्टको जीवनीको अध्ययन**

यस परिच्छेदमा जीवनी परिचय, पुर्ख्यौली / पारिवारिक पृष्ठभूमि, जन्म र जन्मस्थान, बाल्यकाल, मातृवियोग र दिशानिर्देश, शिक्षा, दाम्पत्य जीवन, सन्तान, आर्थिक अवस्था, पेसागत संलग्नता, रुचि र स्वभाव, भ्रमण साहित्यिक र सामाजिक सङ्घ संस्थामा संलग्नता, साहित्य सृजना, जीवन दर्शन, मान सम्मान र पुरस्कार र निष्कर्षलाई शीर्षक उपशीर्षकका रूपमा प्रस्तुत गरिएको छ ।

**परिच्छेद तिन : लक्ष्मीदत्त भट्टको व्यक्तित्वको अध्ययन**

यस परिच्छेदअर्न्तगत परिचय, शारीरिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व, साहित्यकार जीवनी, व्यक्तित्व र साहित्य लेखन बिचमा अन्तरसम्बन्ध र निष्कर्ष रहेका छन् ।

**परिच्छेद चार : लक्ष्मीदत्त भट्टको कृतित्वको अध्ययन**

परिचय, लक्ष्मीदत्त भट्टको साहित्यिक यात्राको चरण विभाजन, कृतित्वको अध्ययन, लक्ष्मीदत्त भट्टको **हाम्रो गन्तव्य र कर्तव्य** खण्डकाव्यको अध्ययन, **आमाको स्मृतिमा शोक** काव्यको अध्ययन र *चाँदनीको व्यथा* गजलसङ्ग्रहको अध्ययन र निष्कर्ष रहेका छन् ।

**परिच्छेद पाँच : निष्कर्ष तथा उपसंहार**

यो परिच्छेद उपसंहार तथा निष्कर्षका रूपमा रहने छ । यसअन्तर्गत प्रत्येक अध्यायको निष्कर्षहरू प्रस्तुत गरिने छन् र अन्त्यमा समग्र निष्कर्ष दिइएको छ ।

यसप्रकार शोधको पूर्वभागका साथै शोधपत्रको अन्त्यमा सन्दर्भसामग्री समेत दिइएको छ र साङ्गोपाङ्ग शोध प्रतिवेदन प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# साहित्यकार लक्ष्मीदत्त भट्टको जीवनीको अध्ययन

# परिच्छेद : दुई

# साहित्यकार लक्ष्मीदत्त भट्टको जीवनीको अध्ययन

## २.१ जीवनी परिचय

मानिसको जन्मदेखि मृत्युसम्मको समय जीवन हो । यस जीवनमा गरिएका प्रमुख कार्यहरूको विवरण अर्थात् जीवनभर गरेका काम कुराको क्रमबद्ध लेखन वा कथनचाहिँ जीवनी हो (पोखरेल, २०४० : ४९७) । मानव प्राणीको जन्मदेखि मृत्युसम्मको समयावधि र त्यस अवधिभित्र घटेका घटनाहरूलाई सामान्यतः जीवन, जिन्दगी वा जिन्दगानी भनिन्छ । त्यही जीवनका घटनाक्रमको समष्टिलाई नै जीवनी भन्ने गरिन्छ (प्रधान, २०४४ : २८) । हरेक व्यक्तिको आफ्नो जीवनक्रम हुन्छ । कुन व्यक्ति कुन देशकाल र परिवेश विशेषमा रहेको हुन्छ, उसको जीवनको वृत्तान्त पनि त्यही अनुकूलको वा त्यसकै सापेक्षतामा निर्माण भएको हुन्छ । एउटा व्यक्तिको जीवनी अरूका लागि प्रेरणादायी बन्न सक्छ । यसै सन्दर्भमा महाकाली अञ्चल बैतडीमा वि.सं. २०२९ असोजमा जन्मिएका र हाल महाकाली अञ्चल कञ्चनपुरमा बसोबास गर्दै कविता, खण्डकाव्य, गजल आदि विधामा कलम चलाई साहित्य क्षेत्रमा देखापरेका शोधनायक साहित्यकार लक्ष्मीदत्त भट्टको जीवनीसित सम्बन्धित कुराहरू पनि प्रेरणादायी र जीवनप्रदायक शक्तिका रूपमा प्रस्तुत हुने भएकाले उनको जीवनीलाई विभिन्न उपशीर्षकहरूमा अध्ययन र विश्लेषण गरिएको छ ।

## २.२ वंशपरम्परा र जन्म

वंशपरम्परा कुनै पनि व्यक्तिको जीवनीलाई उद्घाटन गर्ने महत्त्वपूर्ण कडी हो । कसका पुर्खा कहाँबाट आए र कहाँ बसोबास गरे तथा तिनको वंशवृक्ष कसरी फैलियो भन्ने कुरा जीवनीका लागि महत्त्वपूर्ण कुरा ठहर्छ । लक्ष्मीदत्त भट्टको वंश काश्यप गोत्री गौह्रे ब्राह्मण अन्तर्गत पर्दछ । भारतको विन्ध्य पर्वतको उत्तरपट्टि बस्ने ब्राह्मणहरूलाई गौडु-ब्राह्मण भनिन्थ्यो । कान्यकुब्ज गौड, उत्थल, मौथिल र सारस्वत यी पाँचलाई पञ्चगाउँ भनिन्थ्यो (पोखरेल, २०४० : ३६०) । यसरी हेर्दा लक्ष्मीदत्त भट्टका पुर्खाहरू भारतको विन्ध्य

पर्वतको उत्तरी क्षेत्रबाट वर्तमान नेपालको सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको महाकाली अञ्चल, बैतडी जिल्ला, आमचौर गा.वि.स. वडा नं. १, सैलोडा गाउँमा बसोबास गर्न आइपुगेको देखिन्छ । शोधनायक लक्ष्मीदत्तका भनाइअनुसार उनको जन्म वि.सं. २०२९ असोज २० गते बुबा रामदत्त भट्ट र आमा स्व. रत्नादेवी भट्टका माहिला सन्तानका रूपमा भएको हो ।

## २.३ बाल्यकाल र शिक्षा-दीक्षा

लक्ष्मीदत्त भट्टको जन्म बैतडीको पहाडी इलाकामा एक किसान परिवारमा भएकाले उनको बाल्यकाल सामान्य रूपमा बितेको देखिन्छ । बोली ढिलो फुटेकाले ११ वर्षको उमेरसम्म उनले लठेब्रो भएरै बिताए । यसरी हेर्दा उनको बाल्यकाल दुःखद रहेको देखिन्छ । मध्यम वर्गीय किसानको घरमा जन्मिएका उनले एक प्रकारको सामाजिक उपेक्षाको बाल्य जीवन बिताएको देखिन्छ । उनी १२ वर्षका भएपछि बोली फुटेको र आमाबुबाबाट र उनकै घरमा डेरा गरी बस्ने गुरु कृष्णदत्त पैतोलाबाट बाह्रखरी सिकेर गाउँकै स्कुल जबलपुर मा.वि. मा कक्षा तिनमा भर्ना भए । यसरी उनको औपचारिक शिक्षाको थालनी वि.सं. २०४१ मा भएको देखिन्छ । उनले जबलपुर मा.वि. मा नै तिन कक्षादेखि ७ कक्षासम्म शिक्षा आर्जन गरे । त्यसपछि ८, ९ र १० कक्षा तथा एस.एल.सी. परीक्षा विजयपुरको विजयपुर मा.वि. बाट २०४६ सालमा उत्तीर्ण गरे । यसपछि उनी प्राविधिक शिक्षातर्फ लागे । नेपाल सरकार शिक्षा मन्त्रालय प्राविधिक शिक्षाअन्तर्गत सेती प्राविधिक शिक्षालय दिपायलबाट २०५१ सालमा पशुस्वास्थ्य सम्बन्धी टि.एस.एल.सी. सम्मको पढाइ एवं तालिम प्राप्त गरी उनी प्राविधिक बने । उच्चशिक्षाको उनको गन्तव्य भने यहीँनिर रोकियो । एघार वर्षको उमेरसम्म लठेब्रो जीवन बिताउनु लक्ष्मीदत्त भट्टको बाल्यावस्थाको दुःखद घटना थियो भने बाह्र वर्षको उमेरमा बोली फुटेर घरमै रहेका गुरुसित शिक्षार्जन गर्न पाउनु उनको बाल्यकालको सुखद घटना रहेको देखिन्छ ।

## २.४ वैवाहिक जीवन र पारिवारिक स्थिति

लक्ष्मीदत्त भट्टको वैवाहिक जीवन २५ वर्षका हुँदा सुरु भएको देखिन्छ । बैतडी जिल्ला न्वाली गा.वि.स.-३, लबरी गाउँ (हाल चाँदनी गा.वि.स.-२) देवीस्थान निवासी

भारद्वाज गोत्री ब्राह्मण धर्मानन्द भट्टका साहिँला छोरा दुर्गादत्त भट्ट र द्रौपदी भट्टकी जेठी छोरीसित हिन्दू परम्परा अनुसार २०५४ साल वैशाख २८ गते उनको विवाह भएको हो । उनको विवाह परम्परागत ढङ्गमा चिना जुराई तथा लगन ठहऱ्याई भएको हो । विवाहपछिको उनको दाम्पत्य जीवन सुखद रहेको पाइन्छ । उनीहरूबाट विवाहको चार वर्षपछि २०५८ साल असोज २५ मा छोरी पुनम भट्टको जन्म भएको र त्यसको दुई वर्षपछि २०६० साल जेठ ३१ मा छोरा प्रदीप भट्टको जन्म भएको देखिन्छ । लक्ष्मीदत्त भट्टका तिनजना बहिनीहरू छन् र ती सबैको विवाह भइसकेको छ । चार दाजुभाइमध्ये उनी माहिला हुन् । उनका दाजु निर्मल प्रकाश भट्ट, भाइहरू रघुवीर भट्ट, काव्यप्रसाद भट्ट र बहिनीहरू गोमती भट्ट, विमला भट्ट र देवी भट्ट छन् । सबैजना आज आ-आफ्ना परिवारसित रमाएर बसेका छन् । उनकी आमाको २०६८ सालमा ब्लड क्यान्सर रोगले मृत्यु भयो । अहिले उनी बुबासित बस्दै आएका छन् । छोरा छोरीहरू पढ्दै छन् र उनकी श्रीमतीले एक असल गृहणीको रूपमा घर समालेकी छन् ।

## २.५ जीविका

लक्ष्मीदत्त भट्टको परिवारले परम्परागत रूपमा अपनाउँदै आएको पेसा भनेको कृषि हो । पछि उनी पढाइ र तालिम सकेर नोकरीतिर लागे । उनको पेसा नोकरी भए पनि घर परिवार कृषि व्यवसायबाट एकदमै मुक्त भइसकेको भने छैन । उनले विवाह हुनुअघि नै नोकरी सुरु गरेका थिए । उनकै भनाइअनुसार उनले २०५२ साल भाद्र ६ गतेदेखि प्राविधिक शिक्षालय दिपायलमा प्राविधिक सहायक प्रशिक्षक पदमा काम गर्न थालेका हुन् । हाल उनी चाँदनी गा.वि.स. वडा नं. २, विष्णुनगरमा बसोबास गर्दै आएका छन् । उनको मध्यम वर्गीय परिवारमा कृषिसहित नोकरी पनि थपिँदा राम्रो आयआर्जनको बाटो बनेको छ र परिवारमा खुसियाली छाएको छ ।

## २.६ आर्थिक अवस्था

कृषि र नोकरी दुबै क्षेत्रको आय आर्जनसँगै केही मात्रामा पशुपालन पनि गरेका लक्ष्मीदत्त भट्टको आर्थिक अवस्थामा सुधार भएको छ । मध्यमवर्गीय परिवारको आयस्रोतको नियमित बाटो भएकाले उनको आर्थिक अवस्था राम्रो रहेको देखिन्छ । कृषि, पशुपालन,

नोकरी आदि क्षेत्रबाट उनको घर राम्रै चलेको देखिन्छ । छोराछोरीलाई पढाउन, र विधुर पिता लगायत परिवारको पालन पोषण, औषधी खर्च आदि गर्नलाई उनले ऋण खोज्नु नपर्ने स्थिति बनेको छ ।

## २.७ साहित्य क्षेत्रमा प्रवेश, प्रेरणा र सिर्जना

शोधनायक लक्ष्मीदत्त भट्टका अनुसार साहित्यिक क्षेत्रमा प्रवेशका निम्ति उनको पहिलो प्रेरणाका स्रोत भनेका उनका मातापिता नै हुन् । त्यसपछि उनकै घरमा डेरा गरी बस्ने गुरु कृष्णदत्त पैतोला पनि उनको साहित्य यात्राका प्रेरक हुन् । घरमा **महाभारत** र **रामायण**को लयबद्ध सस्वर वाचन हुने हुनाले उनी त्यो सुनेर काव्यकलातर्फ आकर्षित भएका हुन् । अलिपछि भने उनले वीरबहादुर चन्द र चितवनका गोर्खे साइँलाबाट पनि प्रेरणा पाए । यसरी उनी साहित्यतर्फ प्रेरित भएर लागेपछि २०५५ सालमा उनको रचना *यो देशको दुर्दशा* नाामक कविता, दिपायल स्थित रेडियो नेपालबाट प्रसारित भयो र पछि २०५७ सालमा यही कविता **लालीगुराँस** नामक पत्रिकामा उनको पहिलो कविताको रूपमा प्रकाशित भयो । यसले उनलाई अरू धेरै प्रेरणा र प्रोत्साहन मिल्यो र उनले आफ्नो कलमलाई अगाडि बढाउँदै लगे । साठीको दशकमा त उनका पुस्तकाकार कृतिहरू नै छापिए ।

आजसम्म उनका खण्डकाव्य, शोककाव्य र गजल सङ्ग्रह गरी चारवटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । प्रकाशित यी कृतिहरूमध्ये तिनवटा पुस्तकहरू चितवनबाटै प्रकाशित भएका देखिन्छन् । बैतडीका कवि तथा गजलकार भए पनि उनका सिर्जनालाई बाहिर ल्याउने काम चितवनमा भएको देखिन्छ । उनका हालसम्म ती चारवटा पुस्तकाकार कृतिहरूसहित अनेक फुटकर रचनाहरू प्रकाशित भइसकेका छन् र उनी अहिले पनि निरन्तर सिर्जनशील बनिरहेका देखिन्छन् ।

## २.८ सामाजिक क्षेत्रमा संलग्नता

प्राविधिक शिक्षार्जन गरी नोकरीमा संलग्न भएका लक्ष्मीदत्त भट्ट साहित्य क्षेत्रमा जसरी प्रवेश गरे, त्यसै गरी सामाजिक क्षेत्रमा पनि उनको सलग्नता रहँदै आएको छ । एउटा प्राविधिक व्यक्ति साहित्यका क्षेत्रमा प्रवेश गर्नु आफैमा उल्लेखनीय घटना हुँदै हो;

त्यसमाथि सामाजिक क्षेत्रमा पनि सक्रियतापूर्वक संलग्न रहनु झन् महत्त्वपूर्ण कुरो भएको छ ।

उनले आजसम्म झन्डै डेढ दर्जन सामाजिक सङ्घसंस्थाहरूमा संलग्नता जनाउँदै आएका छन् । उनी संलग्न संस्था र पदीय कार्यभारको सूची यसप्रकार छ :

| **क्र.सं.** | **संस्थाको नाम** | **संलग्नता** | **पदभार** |
|---|---|---|---|
| १. | महाकाली साहित्य सङ्गम, डोटी शाखा | साहित्य | अध्यक्ष |
| २. | महाकाली साहित्य सङ्गम केन्द्रीय कार्यालय, कञ्चनपुर | साहित्य | आजीवन सदस्य |
| ३. | पल्लव साहित्य प्रतिष्ठान, चितवन | साहित्य | आजीवन सदस्य |
| ४. | पल्लव साहित्य प्रतिष्ठान, चितवन | साहित्य | कार्यसमिति सदस्य |
| ५. | नेपाल स्रष्टा समाज | साहित्य | आजीवन सदस्य |
| ६. | सुदूर पश्चिमाञ्चल साहित्य समाज, कैलाली | साहित्य | आजीवन सदस्य |
| ७. | त्रिवेणी कला सङ्गम, डोटी | साहित्य | आजीवन सदस्य/ सल्लाहकार |
| ८. | महाकाली गजल प्रतिष्ठान, कञ्चनपुर | साहित्य | संस्थापक सदस्य |
| ९. | बालकल्याण एवं बाल साहित्य शोध संस्थान, व्यास, उत्तराखण्ड, भारत | साहित्य | आजीवन सदस्य/ डोटी प्रतिनधि |
| १०. | **गुगुल्डि** मासिक साहित्यिक पत्रिका, कञ्चनपुर | साहित्य | क्रियाशील सदस्य |
| ११. | **चिनारी** त्रैमासिक साहित्यिक पत्रिका, कैलाली | साहित्य | आजीवन सदस्य |
| १२. | सिद्धनाथ युनेस्को क्लब, कञ्चनपुर | सामाजिक संस्था | आजीवन सदस्य/ सल्लाहकार |
| १३. | दीपेश्वर सनातन समाज, डोटी | सामाजिक संस्था | आजीवन सदस्य/ सल्लाहकार |
| १४. | नेपाल रेडक्रस सोसाइटी | सामाजिक संस्था | आजीवन सदस्य |
| १५. | सिद्धनाथ सामाजिक सञ्जाल, कञ्चनपुर | सामाजिक संस्था | आजीवन सदस्य |

यसरी डेढ दर्जन जति साहित्यिक एवं सामाजिक सङ्घ-संस्थाहरूमा लक्ष्मीदत्त भट्टको संलग्नता रहँदै आएको छ ।

## २.९ मान, सम्मान र पुरस्कार

लक्ष्मीदत्त भट्टले साहित्यिक र सामाजिक क्षेत्रमा जुन योगदानहरू गर्दै आएका छन्, ती योगदानहरूको कदर पनि हुँदै आएको छ । उनका योगदानको कदरस्वरूप उनले विभिन्न साहित्यिक र गैरसाहित्यिक सङ्घसंस्थाबाट डेढ दर्जन जति सम्मान र पुरस्कार प्राप्त गरेका छन् । उनले प्राप्त गरेका सम्मान र पुरस्कारको सूची यसप्रकार छ :

| क्र.सं. | सम्मान/पुरस्कार | प्रदान गर्ने संस्था | निम्ति | मिति |
|---|---|---|---|---|
| १. | शिक्षा पुरस्कार | नेपाल सरकार | शिक्षा | २०५८ |
| २. | स्पेसल अवार्ड २००० | जापान सरकार | तालिम | १९९९ |
| ३. | अभिनन्दन | सेती प्राविधिक शिक्षालय, दिपायल | नोकरी | २०६४ |
| ४. | प्रशंसापत्र | महाकाली साहित्य सङ्गम, केन्द्रीय कार्यालय | साहित्य | २०६९ |
| ५. | प्रशंसापत्र | निजामति सेवा दिवस समारोह | साहित्य | २०६४ |
| ६. | सम्मानपत्र | महाकाली साहित्य सङ्गम, केन्द्रीय कार्यालय, कञ्चनपुर | साहित्य | २०६९ |
| ७. | प्रशंसापत्र | विज्ञान साहित्य मञ्च, सिद्धनाथ विज्ञान क्याम्पस, कञ्चनपुर | साहित्य | २०६९ |
| ८. | पल्लव साहित्य सम्मान | पल्लव साहित्य प्रतिष्ठान, चितवन | साहित्य | २०६९ |
| ९. | अभिनन्दन | बालकल्याण एवं बाल साहित्य शोध संस्थान व्यास, उत्तराखण्ड, भारत | साहित्य | सन् २०१२ |
| १०. | बाल साहित्य रत्न | बालकल्याण एवं बाल साहित्य शोध संस्थान व्यास, उत्तराखण्ड, भारत | साहित्य | सन् २०१३ |
| ११. | सम्मान | गुगुल्डी मासिक साहित्यिक पत्रिका, कञ्चनपुर | सम्मान | २०७० |
| १२. | मोहन रेग्मी स्मृति सम्मान | नेपाल स्रष्टा समाज, नेपाल, काठमाडौं | साहित्य | २०७० |
| १३. | स्वर्णपदक | नेपाल सरकार, द्विवार्षिकी मूल समारोह समिति, संस्कृति पर्यटक | साहित्य | २०७१ |

| | | | | |
|---|---|---|---|---|
| १४. | प्रशंसापत्र | त्रिवेणी कला साहित्य, डोटी | साहित्य | २०७१ |
| १५. | स्व. आनन्द प्रकाश स्मृति सम्मान | उत्तराखण्ड, बाल कल्याण साहित्य संस्थान, भारत | साहित्य | सन् २०१४ |
| १६. | अभिनन्दन | दिल्लेश्वर सनातन समाज, डोटी | सामाजिक कार्य | २०७१ |

## २.९ भ्रमण

साहित्यकार लक्ष्मीदत्त भट्टले देश विदेशका विभिन्न भू-भागको भ्रमणमा जाने अवसर पाएका छन् । उनले भारत, जापान र थाइल्यान्डको भ्रमण गरिसकेका छन् । उनले जापानमा डेढ वर्ष बसेर पशु स्वास्थ्य सम्बन्धी तालिम लिने अवसर पनि पाएको देखिन्छ । उनले जापानका धेरै गाउँहरू घुमेका छन् । त्यहाँको जनजीवन र राजनीतिक एवं सामाजिक व्यक्तिहरूको इमान्दारी, लगनशीलता र सकारात्मक सोचबाट उनी प्रभावित पनि भएका छन् । उनले नेपालको एक दर्जन जति जिल्लाहरूको भ्रमण गरेका छन् । उनले प्राविधिक तालिम दिने र साहित्यिक कार्यक्रमहरूमा भाग लिने सन्दर्भमा विभिन्न जिल्लाको भ्रमण गरेका छन् । उनले चितवनको पनि पटक पटक भ्रमण गरेका छन् । यसरी देश विदेशको भ्रमण र महत्त्वपूर्ण स्थानहरूको अवलोकन, जनजीवन र संस्कृतिको अवलोकनबाट नयाँ ज्ञान र अनुभव बटुलेका छन् ।

## २.१० अविस्मरणीय घटना

हरेक मानिसको जीवनमा दुःख सुखका घटनाहरू घट्ने गर्दछन् । लक्ष्मीदत्त भट्टको जीवनमा पनि यस्ता दुःखसुखका घटना घटेका छन् । २०५५ सालमा उनकी छोरीको मृत्यु भयो । छोरीको मृत्युको घटनाले विह्वल भइरहेको अवस्थामा उनकी जीवन सँगिनी पनि बिरामी भइन् । उनलाई रगत दिनुपर्ने भयो । लक्ष्मीदत्त भट्टले रगत खोजे तर प्राप्त गर्न सकेनन् । पछि रगत परीक्षण गर्दा आफ्नो रक्तसमूह र उनको रक्तसमूह एउटै भएको थाहा भएपछि उनी खुसी भए । उनले आफ्नो रगत दिएर श्रीमतीलाई बचाए । उनकै भनाइअनुसार यस क्षणलाई उनी कहिल्यै नबिर्सने सुखद क्षण मान्छन् भने उनी ११ वर्षको उमेरसम्म लठेब्रो भएका र १२ वर्षदेखि बोली फुटेकाले त्यो बोली फुटेको दिनलाई पनि

उनी सुखको क्षण मान्छन् । तर २०५५ सालमा छोराको मृत्यु हुँदाको क्षण र उनकी ममतामयी माताको क्यान्सर रोगबाट अचानक मृत्युलाई भने उनले जीवनभरिकै दुःखद क्षण भएको बताएका छन् ।

## २.११ रुचि र स्वभाव

हरेक मानिसको रुचि र स्वभाव अलग अलग भएजस्तै लक्ष्मीदत्त भट्टका पनि आफ्नै अलग रुचि र स्वभावहरू छन् । उनी अध्ययनशील स्वभावका छन् । ज्ञान विज्ञानका पुस्तकहरू खोजी खोजी पढ्ने स्वभावले उनलाई जीवन र जगत्प्रति जिज्ञासु तुल्याएको छ । यसले उनको मनमा अनेक भावहरू उब्जाउन थालेपछि उनको लेखनमा पनि रुचि बढेको देखिन्छ । उनको अध्यात्मप्रति पनि गहिरो रुचि देखिन्छ भने यसै स्वभावले उनलाई प्राविधिक शिक्षातर्फ आकर्षित गरेको देखिन्छ । उनका मनपर्ने किताब **महाभारत, रामायण, श्रीमद्भागवत गीता** लगायत लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन** हुन् ।

राजनीतिक व्यक्तित्वहरूमा उनी बी.पी.कोइराला र महात्मा गान्धीलाई रुचाउँछन् भने साहित्यकारहरूमा उनलाई मनपर्ने व्यक्तित्व बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा हुन् ।

उनी क्रियाशील, लगनशील, मिलनसार र सिर्जनशील र साहित्यको अध्ययन र लेखनमा रुचि भएका सधैँ प्रसन्नचित्त रहने व्यक्ति हुन् । साहित्यमा कविता र गजल उनको रुचिको क्षेत्र हो । उनी दाल, भात, रोटी, दही, मही खाने र साधारण आफू सुहाउने लुगा लगाउने रुचि भएका र खुला दिल तर जिज्ञासु स्वभाव भएका व्यक्ति हुन् ।

## २.१२ जीवनदर्शन

साहित्यकार लक्ष्मीदत्त भट्टको जीवन सङ्घर्षमय र जीवन परिवर्तनशील छ भन्ने ठान्छन् । उनका भनाइमा यो उकालो ओरालोले भरिएको कठिन छ तर पनि सुन्दर छ । जीवंन पथमा सकारात्मक सोच र अनुशासन भएन भने जीवन ब्रेकफेल भएको गाडी समान बन्छ र दुर्घटित हुन्छ । त्यस कारण यसरी दुर्घटित नहुनका लागि सामाजिक मर्यादा, एकअर्काप्रति सम्मान, देशभक्ति, निस्वार्थ, इमान्दारी, समानता र मानवता आदिको जरुरत

पर्दछ भन्ने उनको ठम्याइ छ । असल योग एवं संस्कारित जीवनशैलीको जरुरत पर्दछ भन्ने उनको जीवनदर्शन रहेको पाइन्छ । यसरी राजनीतिक दृष्टिले देशभक्ति, धार्मिक दृष्टिले आत्मज्ञान र संस्कारित जीवन यापनको सोच र सांस्कृतिक दृष्टिले मानवीय र समानताको व्यवहार हुनुपर्छ भन्ने उनको जीवनदर्शन रहेको बुझिन्छ ।

## २.१३ निष्कर्ष

बैतडी, आमचौर गा.वि.स.को सैलोडामा बाबा रामदेव भट्ट र आमा स्व. रत्नादेवी भट्टको माहिलाो पुत्ररत्नका रूपमा वि.सं. २०२९ असोज २० गते जन्मिएका लक्ष्मीदत्त भट्ट नै आजका साहित्यकार लक्ष्मीदत्त भट्ट 'सत्यप्रेमी' हुन् । 'सत्यप्रेमी' उनको साहित्यिक नाम हो । उनले गाउँकै मा.वि. मा एस.एल.सी. उत्तीर्ण गरेपछि प्राविधिक शिक्षालय दिपायलमा पशुस्वास्थ्य सम्बन्धी पढाइ र तालिम प्राप्त गरी २०५२ सालदेखि आफैँले शिक्षार्जन गरेको प्राविधिक शिक्षालयमा कृषि सहायक प्रशिक्षकको रूपमा सेवा गर्न सुरु गरे । २०५४ सालमा उनले रञ्जनासित वैवाहिक सम्बन्ध जोडे । २०५८ सालमा उनकी छोरी पुनम र छोरा प्रदिप (२०६०) को जन्म भयो ।

लक्ष्मीदत्त भट्ट शिक्षाले प्राविधिक भए पनि रुचिले साहित्य र समाज सेवामा लागे । २०५३ सालदेखि फुटकर साहित्यिक रचनामा देखापरेका उनी २०६५ सालमा आइपुग्दा पुस्तकाकार कृति नै प्रकाशन गर्न सक्षम भए । यसपछि पनि उनी साहित्य सिर्जनामा लाग्दै आए र आजसम्म आइपुग्दा उनका खण्डकाव्य, शोककाव्य र गजलका चारवटा पुस्तकाकार कृतिहरू प्रकाशन आएका छन् । डेढ दर्जन जति साहित्यिक, शैक्षिक र सामाजिक संस्थाहरूमा संलग्न रहँदै उनले देश र समाजका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् । उनका योगदानहरूले सामाजिक कदर पनि पाउँदै आएको देखिन्छ । आजसम्म उनले डेढ दर्जन जति सम्मान र पुरस्कारहरू प्राप्त गरिसकेका छन् । उनले देश विदेश पनि भ्रमण गरी तिनबाट गहकिलो ज्ञान र अनुभव हासिल गरी निकै गहन गङ्गाका जीवनदर्शन पनि निर्माण गरेका छन् । यसरी उनको सिर्जनात्मक जीवन झन्झन् उचाइ प्राप्त गर्दै अगि बढेको देखिन्छ ।

# परिच्छेद : तिन

# लक्ष्मीदत्त भट्टको व्यक्तित्वको अध्ययन

## परिच्छेद : तिन

# लक्ष्मीदत्त भट्टको व्यक्तित्वको अध्ययन

### ३.१ साहित्यकार लक्ष्मीदत्त भट्टको व्यक्तित्वको परिचय

व्यक्तित्व संस्कृत भाषाबाट लिइएको तत्सम शब्द (नाम) शब्द हो । व्यक्ति भन्नाले एउटा वा अरूभन्दा छुट्टै अस्तित्व भएको मानव प्राणी भन्ने अर्थबोध हुन्छ भने व्यक्तित्व भन्ने शब्दले कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई प्रस्तुत गर्दछ । वास्तवमा व्यक्तित्व भनेको व्यक्ति विशेषको निजीपन हो उसमा रहेका विशेषताहरूलाई देखाउने गुण हो । अर्थात् व्यक्ति विशेषमा रहेका विशेषता नै व्यक्तित्व मानिन्छ (पोखरेल, २०४० : १२४५) । खास गरी व्यक्तिले गरेका कार्य, स्वभाव, प्रवृत्ति दृष्टिकोण, नैतिक आवरण आदि व्यक्तित्व निर्माणका साधन हुन् । त्यसकारण यी कुराहरूलाई ध्यानमा राखी हरेक व्यक्तिका निजीपनका आधारमा उसको व्यक्तित्वलाई नियाँल्नु पर्ने हुन्छ ।

हरेक व्यक्तिका छुट्टाछुट्टै निजीपनहरू हुन्छन् । यिनै निजीपनले एक व्यक्तिलाई अर्को व्यक्तिसित छुट्याउँछन् । हरेक व्यक्तिको आआफ्नै अलग पहिचान हुन्छ । त्यसो भएकाले व्यक्तित्वको आधारमा व्यक्तिको मूल्याङ्कन गरिएको हुन्छ । व्यक्तिको यथार्थ अध्ययन भएन भने व्यक्तिको सही मूल्याङ्कन हुन सक्दैन । यसर्थ व्यक्तित्व सम्बन्धमा अध्ययन गर्दा यसका दुई पाटाहरूको विश्लेषण गर्नु पर्दछ । व्यक्तित्वको एउटा पाटो आन्तरिक पाटो हुन्छ भने अर्को पाटो बाह्य हुन्छ । बाहिर सरसरती हेरिएको भरमा देखिने बाह्य वा शारीरिक पाटो हो र केलाएर मसिनो तरिकाले हेरिने व्यक्तित्वको क्षमता र दक्षताको पाटो भनेको आन्तरिक पाटो हो ।

#### ३.१.१ बाह्य व्यक्तित्व

बाहिरबाट हेर्दा देखिने शारीरिक बनावटलाई नै बाह्य व्यक्तित्व भनिन्छ । कुनै व्यक्तिको उचाइ, मोटाइ, आकार-प्रकार, वजन, रूपरङ्ग, प्रवृत्ति, बानी, रुचि, स्वभाव आदि बाह्य व्यक्तित्वलाई जनाउने कुराहरू हुन् अर्थात् बाह्य व्यक्तित्वका परिचायक हुन् । यस

दृष्टिले हेर्दा लक्ष्मीदत्त भट्ट ५ फिट ८ इन्च अग्ला र गहुगोरो वर्णका खाइलाग्दा देखिने व्यक्तित्व हुन् । चुच्चे नाक, तेजिला नयन, बाटुलो मुहार, रक्तिम आभायुक्त मुखमण्डल भएका लक्ष्मीदत्त भट्ट पावरवाला चस्मामा शोभायमान देखिन्छन् । झट्ट हेर्दा उनको शारीरिक बनावट आकर्षक देखिन्छ ।

लक्ष्मीदत्त भट्ट सधैँ प्रसन्न देखिन्छन् र साथीभाइसित हाइहेलो गर्दै हिँड्छन् । उनी मिलनसार पनि त्यतिकै छन् । खुलापन तर जिज्ञासु स्वभावका, अध्ययनमा रुचि भएका एवं क्रियाशील, लगनशील, सहयोगी र सिर्जनशील स्वभावका लक्ष्मीदत्त भट्ट लेखहरू लेख्न रुचाउँछन् । ठिक्कको मोटाइ भएका, जुँगा पाल्ने गरेका र ७५ के.जी. तौल भएका लक्ष्मीदत्त भट्ट बाहिरबाट हेर्दा भरोसा लाग्दा देखिन्छन् ।

## ३.१.२ आन्तरिक व्यक्तित्व

लक्ष्मीदत्त भट्टको जुन बाहिरी व्यक्तित्व निर्माण भएको देखिन्छ यसमा भित्री वा आन्तरिक व्यक्तित्वको ठुलो भूमिका रहेको छ । आन्तरिक व्यक्तित्वमा व्यक्तिको आन्तरिक शक्ति, प्रतिभा, योग्यता, कला, क्षमता र सिर्जनशीलता पर्दछन् । यी कुराहरू कुनै पनि व्यक्तिको जन्मजात प्रतिभा र सामाजिक परिवेशको आधारमा निर्माण भएको हुन्छ । व्यक्तित्व निर्माणका आधारशिला भनेका शिक्षादीक्षा, जातीय र वंशीय संस्कार र संस्कृति, सामाजिक, आर्थिक र नैतिक परिवेश, भौगोलिक परिवेश र त्यसबाट निर्मित सामाजिक चेतनाका साथै व्यक्ति चेतना पनि हुन् । यिनै आधारशिलामा टेकेर व्यक्ति उभिएको हुन्छ र उसले समाज परिवर्तन र सुन्दर समाजको निर्माणमा टेवा पुऱ्याएको हुन्छ । यसर्थ व्यक्तित्वको अध्ययन गरिनु एकदमै जरुरी हुन्छ । यसै सन्दर्भमा लक्ष्मीदत्त भट्टको आन्तरिक व्यक्तित्वको अध्ययन गर्ने क्रममा उनको व्यक्तित्वका विभिन्न पक्षहरूको अध्ययन गर्नुपर्ने हुन्छ । उनको आन्तरिक व्यक्तित्व अन्तर्गत साहित्यिक व्यक्तित्व सबैभन्दा महत्त्वपूर्ण छ । उनको साहित्यिक व्यक्तित्वमा पनि कवि व्यक्तित्व र गजलकार व्यक्तित्व गरी दुई विधागत व्यक्तित्व प्रमुख रूपमा अगाडि आएका देखिन्छन् । यसै गरी उनको शैक्षिक एवं अध्यापक व्यक्तित्व र सङ्गठक व्यक्तित्व पनि देखिन्छ । यसरी उनको व्यक्तित्वका पाटाहरूको अध्ययन गरी साहित्य सिर्जनासित यिनको अन्तर्सम्बन्ध पहिल्याउनु महत्त्वपूर्ण र औचित्यपूर्ण देखिएको छ ।

### ३.१.२.१ साहित्यिक व्यक्तित्व

#### क) कवि व्यक्तित्व

लक्ष्मीदत्त भट्टले वि.सं. २०५३ देखि कविता सिर्जना गर्न थालेका हुन् । उनकै घरमा डेरा गरी बस्ने गुरु कृष्णदत्त पैतोलाबाट साहित्य सिर्जनाको प्रेरणा पाएका थिए । त्यस्तै घरमै बाचन हुने रामायण र महाभारतका लयबद्ध ध्वनिश्रवणबाट उनको भित्री कवि व्यक्तित्व जागृत भएको देखिन्छ । २०५३ सालदेखि यस क्षेत्रमा उनको लेखन सुरु भई वि.सं. २०५५ मा रेडियो नेपालको क्षेत्रीय प्रसारणबाट उनको रचना प्रसारण भएपछि त्यही रचना २०५६ सालमा लालीगुराँस भित्ते पत्रिकामा प्रकाशित भयो । यहीँबाट उनको कवि व्यक्तित्व समाजसामु प्रकट हुन थालेको हो । वि.सं. २०५६ मा आइपुग्दा त उनले **हाम्रो गन्तव्य र कर्तव्य** खण्डकाव्य नै प्रकाशित गरे । यसै गरी २०६९ सालमा आमाको वियोगमा उनको शोककाव्य **आमाको स्मृतिमा** प्रकाशित भयो । यसरी दुई दुईवटा पुस्तकाकार कृतिहरू प्रकाशित भएपछि उनको कवि व्यक्तित्व पनि भ्याङ्गिँदै गएको देखिन्छ । उनका पुस्तकाकार कविता कृतिहरूका साथै फुटकर रचनाहरू पनि प्रकाशित भएका छन् । यसरी उनको कवि व्यक्तित्व अघि बढिरहेको छ ।

#### ख) गजलकार व्यक्तित्व

कवि लक्ष्मीदत्त भट्ट कवि मात्र होइनन्, गजलकार पनि हुन् । गजलको क्षेत्रमा उनले विशेष पहिचान बनाउँदै गएका छन् । गजलका क्षेत्रमा उनका दुईवटा पुस्तकाकार कृतिहरू **चाँदनीको व्यथा** र **बहर सागर** प्रकाशित भएका छन् । यी दुई गजल कृतिहरू क्रमशः २०६८ र २०७० सालमा प्रकाशित भएका हुन् । गजलको पहिलो कृतिमार्फत उनले गजल सिर्जनाको नेपाली प्रवृत्तिलाई नै नयाँ आयाम दिएका छन् । दोस्रो कृतिमा गजलका शास्त्रीय बहरहरूको अध्ययन गरी तिनको कुशल प्रयोग गरेका छन् । यसरी लक्ष्मीदत्त भट्टको गजलकार व्यक्तित्व प्रकट भएको देखिन्छ ।

#### ग) समाजसेवी व्यक्तित्व

कवि तथा गजलकार लक्ष्मीदत्त भट्ट समाजसेवी व्यक्तित्व पनि हुन् । उनले विभिन्न सामाजिक सङ्घसंस्थाहरूमा रहेर समाज सेवा गर्दै आएका छन् । उनले

चारवटा सामाजिक संस्थाहरूमा संलग्न रही विभिन्न किसिमका समाजसेवा गरी योगदान पुऱ्याएका छन् । उनले सिद्धनाथ युनेस्को क्लब कञ्चनपुरका सल्लाहकार भई सेवा पुऱ्याएको देखिन्छ भने दिपेश्वर सनातन समाज डोटीका पनि सल्लाहकार भई महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । यस्तै नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य रही समाज सेवामा टेवा पुऱ्याएका छन् भने सिद्धनाथ सामाजिक सञ्जाल कञ्चनपुरका आजीवन सदस्य रही सेवा पुऱ्याएका छन् । यसरी विभिन्न संस्थामा रही विभिन्न विषय र क्षेत्रमा उनले सेवा पुऱ्याएको देखिन्छ । यसरी उनको समाजसेवी व्यक्तित्व पनि उज्ज्वल नै देखिन्छ ।

### घ) शैक्षिक एवं प्रशिक्षक व्यक्तित्व

बैतडी विजयपुर मा.वि. बाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि साहित्यकार लक्ष्मीदत्त भट्टले दिपायलबाट पशुस्वास्थ्य सम्बन्धी तालिम लिई आफ्नो शैक्षिक स्तर उकासेको देखिन्छ । तालिम लिएपछि उनी एक प्राविधिक प्रशिक्षक बने र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सेती प्राविधिक शिक्षालय दिपायलमा कृषि सहायक प्रशिक्षकको पदमा २०५२ सालदेखि कार्यरत उनले पशु स्वास्थ्य र पोषण, पशुरोग, दुग्ध प्रविधिलगायत अनेक किसिमका तालिमहरू किसानहरूलाई दिँदै आएका छन् । जापानमा रहँदा कम्युनिकेसन सिस्टम सम्बन्धी पनि तालिम लिएका छन् । त्यहीँ उनले जापानी भाषा पनि सिके । कृषि व्यवस्थापन, स्वास्थ्यकर खाना, पशुजन्य उत्पादन र व्यवस्थापन, कार्यालय व्यवस्थापन सम्बन्धी अनेक तालिममा उत्तीर्ण भई आज उनी स्वयं प्रशिक्षक बनेका छन् । उनी अहिले खास गरी जेटिएहरूलाई प्रशिक्षण दिने गर्छन् । साथै कृषक समूहमा सामुदायिक पशुपालन सम्बन्धी तालिम सञ्चालन गर्छन् । यसका साथै कृषक समूहलाई छोटो अवधिका तालिमका निम्ति पाठ्यक्रम निर्माण पनि गर्ने गर्छन् । यसरी उनको प्रशिक्षक व्यक्तित्व मुखरित भएको छ ।

### ङ) सङ्गठक व्यक्तित्व

लक्ष्मीदत्त भट्टले आफ्नो बहुमुखी व्यक्तित्वको उपयोग गरेका छन् । उनी साहित्यिक व्यक्तित्व हुन् र आफ्नो यस व्यक्तित्वलाई साहित्यिक सङ्घ निर्माण र

सञ्चालनमा लगाउँदै आएका छन् । यसै गरी उनले आफ्नो समाजसेवी व्यक्तित्वलाई सामाजिक सङ्घसंस्थाको निर्माण र सञ्चालनमा प्रस्तुत गरेका छन् । यसरी नै उनले आफ्नो प्रशिक्षक व्यक्तित्वलाई कृषक समुदायको समूह गठन र सञ्चालनमा लगाउँदै आएका छन् । साहित्य, समाजको सेवा र प्राविधिक प्रशिक्षण तिनै क्षेत्रमा उनले सङ्गठन निर्माण गर्ने, त्यसको सञ्चालन गर्ने र जनचेतना फैलाउने जस्ता कार्यहरू गर्दै आएका छन् । उदाहरणका निम्ति उनले सङ्गठित गरेका र नेतृत्व गरेका अनेक सङ्घसंस्थाहरूलाई लिन सकिन्छ । महाकाली साहित्य सङ्गम डोटी, त्रिवेणी कला सङ्गम डोटी, महाकाली गजल प्रतिष्ठान कञ्चनपुर, सुदूर पश्चिमाञ्चल साहित्य समाज कैलाली, बालकल्याण एवं बाल साहित्य शोध संस्थान, व्यास उत्तराखण्ड भारत, **गुगुल्डी** मासिक साहित्यिक पत्रिका, कञ्चनपुर आदि साहित्यिक सङ्घसंस्थाहरूलाई सङ्गठित गर्ने, नेतृत्व गर्ने कार्यमा उनको अग्रणी भूमिका देखिन्छ ।  यसै गरी नेपाल रेडक्रस सोसाइटी सिद्धनाथ सामाजिक सञ्जाल, कञ्चनपुर, सिद्धनाथ युनेस्को क्लव कञ्चनपुर, दिपेश्वर सनातन समाज, डोटी आदि सामाजिक संस्थामा पनि उनको संलग्नता र क्रियाशीलता रहँदै आएको देखिन्छ । यसै गरी कृषक समूहमा तालिम दिने क्रममा कृषकहरूको समूह गठन गर्ने र पाठ्यक्रम तयार गर्ने जस्ता सङ्गठनका प्राज्ञिक कार्यमा पनि लक्ष्मीदत्त भट्टको सक्रियता रहँदै आएको देखिन्छ । यसरी साहित्यिक, सामाजिक र प्राविधिक तिनवटै क्षेत्रमा सक्रिय रही तिनवटै क्षेत्रलाई सङ्गठित गर्ने र जागरुक गराउने कार्यमा उनको जुन भूमिका रहँदै आएको छ, यसले उनको सङ्गठक व्यक्तित्वलाई आलोकित गरेको देखिन्छ ।

### च) प्रेरक व्यक्तित्व

लक्ष्मीदत्त भट्टको बहुमुखी व्यक्तित्व त छँदै छ, साथै उनी एक प्रेरक व्यक्तित्व पनि हुन् । उनले साहित्य एवं सिर्जनाका क्षेत्रमा पनि सर्जक र सङ्गठक दुबै बनेर युवा र कृषकहरूलाई सङ्गठित भई समाज सेवामा लाग्न प्रेरणा दिएको

देखिन्छ । उनीबाट धेरैले प्रेरणा र शिक्षा लिने तथा व्यवहारबाट पाठ सिक्ने गरेको देखिन्छ । त्यसकारण उनी एक प्रेरक व्यक्तित्वको रूपमा पनि स्थापित छन् ।

## ३.२ निष्कर्ष

व्यक्तित्व कुनै पनि व्यक्तिको परिचय हो । यसैले एउटा व्यक्ति अरूभन्दा पृथक् देखिन्छ तर व्यक्तित्व जन्मसिद्ध हुन्छ भन्ने होइन । समाजमा ऊ कुन परिवेशमा कुन भूगोल, कुन जाति, कुन संस्कृति र कस्तो परिवेशमा हुर्केको छ र समाजबाट उसले कति शिक्षा-दीक्षा पाएको छ भन्ने कुराले व्यक्तित्व निर्माणमा प्रभाव पारेको हुन्छ । लक्ष्मीदत्त भट्टको व्यक्तित्व निर्माणमा पश्चिम नेपालको समाज र संस्कृतिको ठुलो हात छ । उनले जुन शिक्षा पाए र जुन सामाजिक परिवेश प्राप्त गरे अर्थात जुन प्राविधिक शिक्षा र तालिम प्राप्त गरे, त्यसबाट उनले विदेशमा अझ प्रशिक्षित हुने मौका पनि पाए र आफूले शिक्षार्जन गरेकै ठाउँमा प्रशिक्षक पनि बने । यसबाट उनको प्रतिभामा निखार पनि आयो र विभिन्न विधाजन्य प्रतिभा पनि प्रकट भयो । यसरी उनीभित्रको कवि व्यक्तित्व, गजलकार व्यक्तित्व, समाजसेवी व्यक्तित्व र सङ्गठक व्यक्तित्व बाहिर प्रकट भयो । यसका आधारमा उनलाई बहुमुखी प्रतिभाका धनी व्यक्तित्व मान्न सकिन्छ ।

# परिच्छेद : चार

# लक्ष्मीदत्त भट्टको कृतित्वको अध्ययन

## परिच्छेद : चार

# लक्ष्मीदत्त भट्टको कृतित्वको अध्ययन

लक्ष्मीदत्त भट्टको कृतित्वको अध्ययन भनेको नै उनका कृतिहरू वा उनले रचेका लेख रचना र पुस्तकहरूका गुण वा विशेषताहरूको अध्ययन हो । अध्ययनका आधारमा गुण र विशेषताहरूको स्तर निर्धारण गर्नु र तिनका गुणदोषहरू खुट्याउनु मूल्याङ्कन हो । सिद्धान्ततः कृति भनेको मानिसले गरेको कुनै असल वा ठूलो काम वा सम्पन्न गरेको कुनै कार्य पनि हो । तर यहाँ कृति भन्नाले लेखक कवि वा कलाकारद्वारा रचिएको कुनै पुस्तक वा चित्रलाई औंल्याइएको छ (पोखरेल, २०५५ : २५८) । कृतिका आफ्ना गुण वा विशेषता हुन्छन्; यिनलाई कृतित्व भनिन्छ ।

लक्ष्मीदत्त भट्टका पनि चारवटा पुस्तकाकार कृतिहरू छन् । यी कृतिहरूबाहेक केही फुटकर लेख रचनाहरू पनि छन् । यी सबै कृतिहरूका आ-आफ्ना गुण र विशेषताहरू छन् । यिनै गुण र विशेषताहरूको अध्ययन गर्नु नै लक्ष्मीदत्त भट्टका कृतित्वको अध्ययन गर्नु हो ।

## ४.१ कृतित्वको अध्ययन

लक्ष्मीदत्त भट्टको कृतित्वलाई उनका कृतिहरूको अध्ययनद्वारा प्रस्ट पार्ने काम यहाँ गरिएको छ । उनका प्रकाशित पुस्तकाकार कृतिहरू यसप्रिकार छन् :

क) **हाम्रो कर्तव्य र गन्तव्य** (२०६५) - खण्डकाव्य

ख) **चाँदनीको व्यथा** (२०६८) - गजल सङ्ग्रह

ग) **आमाको स्मृतिमा** (२०६९) - शोककाव्य

घ) **बहर सागर** (२०७०) - बहरबद्ध गजल सङ्ग्रह

विधागत दृष्टिले लक्ष्मीदत्त भट्टका कृतिहरू, खण्डकाव्य, शोककाव्य र गजल सङ्ग्रहमा विभक्त रहेका छन् । यसरी कृतिका विधागत विशेषता हेर्दा लक्ष्मीदत्त भट्ट कवि एवम् गजलकारका रूपमा स्थापित भएका देखिन्छन् । यहाँ कवि एवं गजलकार लक्ष्मीदत्त भट्टका कृतित्वको अध्ययनार्थ उनका पुस्तकाकार कृतिहरूको अध्ययन गरिएको छ ।

### ४.१.१ हाम्रो कर्तव्य र गन्तव्य

**हाम्रो कर्तव्य र गन्तव्य** कवि लक्ष्मीदत्त भट्टको पहिलो कविता कृति हो । विधाका दृष्टिले यो कविता विधाअन्तर्गतको खण्डकाव्य हो । खण्डकाव्यलाई कविताको उपविधा पनि भनिन्छ । यो प्रथम पटक वि.सं. २०६५ मा महाकाली साहित्य सङ्गम महेन्द्रनगरबाट प्रकाशित भएको हो । यो ४८+१०=५८ पृष्ठको आयाममा फैलिएको छ । यसको भूमिका खण्डमा आमाबाबालाई समर्पण गरिएको छ । महाकाली साहित्य सङ्गमको प्रकाशकीय र निर्मल कुमार भण्डारीद्वारा भूमिका स्वरूप दुई शब्द लेखिएको र मदनराम भट्ट, कृष्णदत्त अद्वैत र वीरबहादुर चन्दद्वारा शुभकामनाका शब्दहरू शीर्षकका कृति र कृतिकार सम्बन्धी लेखहरू रहेको पाइन्छ । **हाम्रो गन्तव्य र कर्तव्य** शीर्षक हेर्दा यो कुनै अखबारी लेख जस्तो लाग्छ; काव्यको शीर्षक जस्तो लाग्दैन । खण्डकाव्य भए पनि यसमा कुनै आख्यान छैन । यसलाई लामो कविता वा उपदेश-कविता भन्दा पनि फरक पर्दैन । खण्डकाव्यमा जुन सर्गहरू हुनुपर्ने भनिन्छ अर्थात् खण्डकाव्यमा जुन आख्यानका खण्डहरू, घटनावलीहरू हुनुपर्ने मानिन्छ, त्यो यसमा छैन । यसमा ३२४ वटा चार हरफका श्लोकहरू छन् । प्रत्येक श्लोक आफैमा पूर्ण छन् । कथानक नभएकाले ती घटनावलीमा उनिएका छैनन् । समाज र यसभित्रका असङ्गति तथा विसङ्गति नै यस खण्डकाव्यका विषयवस्तु हुन् । यसमा यिनलाई आध्यात्मिक र खास गरी वेदान्त दर्शनको आधारमा सुकर्म, सुमति, सुसंस्कार र आत्म मुक्तिको उपदेश आदि सिकाउने प्रयत्न गरिएको छ । यिनै उपदेशहरूलाई नै मानवको कर्तव्य र गन्तव्य हो भनी यस खण्डकाव्यमा भनिएको छ । यस कृतिको अध्ययन विभिन्न उपशीर्षकहरूमा गरिएको छ ।

#### ४.१.१.१ कथावस्तु

कवि लक्ष्मीदत्त भट्टको **हाम्रो गन्तव्य र कर्तव्य** खण्डकाव्य लामो कविता जस्तो छ । यसमा आख्यान छैन । खण्डकाव्य भनेको प्रबन्ध काव्य हो । यसमा कथावस्तु वा आख्यान रहन्छ । यो सर्गबद्ध हुन्छ । कतिपय यसका विशेषताहरू महाकाव्यका समान हुन्छन् । यसमा पात्रहरू हुन्छन् । पौरस्त्य मान्यताअनुसार धीरोदत्त गुण भएको नायक हुन्छ, छन्द र सर्गको प्रयोग हुन्छ । मूल कुरो यसमा कथावस्तु हुन्छ, घटनाहरू हुन्छन् र त्यहाँ चरित्रहरू रहन्छन् । भट्टको **हाम्रो गन्तव्य र कर्तव्य** खण्डकाव्यमा भने यी विशेषताहरू छैनन् । यसमा छन्दमा

लेखिएका श्लोकहरू मात्र छन् । ती सामाजिक, आध्यात्मिक र नैतिक-सांस्कृतिक विषयहरूसँग सम्बन्धित छन् । यसो भएकाले यहाँ कथावस्तुको रूपमा यसमा प्रस्तुत विषयवस्तुको अध्ययन गरिएको छ ।

यस खण्डकाव्यको पहिलो श्लोकमा सृष्टिको कुरो छ । जीवहरूको उत्पत्तिसँगै ईशहरूको पनि सृष्टि भएको र सूर्य चन्द्रहरू दिनरातको गतिमा क्रियाशील रहेको कुरा उल्लेख गरिएको छ भने दोस्रो श्लोकमा यहाँका प्राणीहरूको जीवनचर्या सृष्टिकर्ता अनुसार नै चलेको, उनले आचारको आधारमा यो चलाएको र संसार चल्दै आएकोमा संस्कार लिन नसकेर मानिसहरूको नैतिक जीवनमा ह्रास आउँदै गरेको कुरा उल्लेख छ । यसै गरी तेस्रो श्लोकमा मानिस सृष्टिको विशिष्ट प्राणी भएको विचार प्रकट गर्दै उसका धार्मिक कर्महरूको आधार आचार हो र आचार कर्म अनुसार सत् तम र रज तिन गुणका हुन्छन् भनिएको छ । छैटौँ श्लोकमा जब कलिकाल आयो, तब दुष्कर्महरू फैलिएर दानधर्म छाडेर मानिस स्वार्थ र पापकर्मतर्फ लागे भनिएको छ । यसरी मानिसले गर्न हुने र गर्न नहुने कर्महरू नजानेर सत्य धर्म र देवकर्महरू बिर्सियो, पुर्खाका उपदेशहरू पनि बिर्सिएको । मानिसहरू मूर्खभावका बन्दै गएको र धर्म विरुद्ध कामहरू निर्लज्ज भएर गर्न थालेको कुरा छ । मानिसले ईश्वर मान्न छाडेको, आफू नै ईश्वर जस्तो हुँ भन्न थालेको र यस्ता पापीहरूले धर्मको, सत्यको आवास नै फ्याँकिदिएको कुरा सातौँ र आठौँ श्लोकहरूमा पाइन्छन् । यसै गरी नवौँ श्लोकमा द्रोह गर्नु शत्रुता हो, यसले जीवलाई नाश गर्छ तसर्थ मिलिजुली बस्नु वेदको मन्त्र हो भनिएको छ भने दसौँ श्लोकमा क्रोध, लोभ, चोरी, घमन्ड आदि संसारका बन्धक भएकाले यस्तो बन्धनमा परेको शरीर यहीँ छोड्नु पर्छ र यहाँ रहने भनेको सत्य कर्म धर्म मात्र भएको कुरा उल्लेख छ । यसपछि संसारमा संस्कार ढलेको, सत्य हराएको, यो दुर्लभ जीवनमा ज्ञान र विवेक नै सत्य भएकोले अध्यात्ममा लाग्नुपर्ने, हिँसा, चोरी, डकैती त्याग्नुपर्ने, मान्यजनलाई आदर गर्नुपर्ने कुराको उल्लेख गरेको छ । पुर्खाले पनि शान्तिको खोजी गरेका थिए भन्दै आत्मा अमर छ, हिन्दू संस्कारले मानव जीवनमा नयाँ अध्याय ल्याएको र सत्य एवं पुण्यले संसार हाँस्ने आदि ज्ञानगुनका कुराहरू एघारौँ श्लोकदेखि २० औँ श्लोकसम्म प्रस्तुत गरिएका छन् । यसरी नै एक्काइसौँदेखि तिसौँ श्लोकसम्म भनिएको छ- पुर्खाको उपदेश मान्नु, वेदले यही भन्छ, यसले हाम्रो शोभा बन्छ र यसले नीति, संस्कृति, सभ्यता र विविधतालाई जोगाउँछ । सत्य जगत् सपना जस्तो छ, वेदले सत्य

आमरणलाई नै अमर भनेको छ । हाम्रा पुर्खा वीर थिए, सत्यवादी थिए ती अमरापुरमा बस्छन् आदि कुराहरू यी श्लोकमा पाइन्छन् । यसरी नै ३१ औं श्लोक देखि ३४ औं श्लोकसम्म पहिलेकै कुरा दोहोऱ्याइएको छ । चालिसौं श्लोकमा मान्छेभित्रै सत्य छ, त्यो ज्ञानबिना देखिन्न, यसैको आधारमा रहनु पर्छ, संस्कारले कर्म बन्छ, कर्मले आचार बन्छ र यसरी संस्कारको कान्ति भनेको शान्ति हो भन्ने कुरा उल्लेख छ । यसको साथै संस्कारले सन्तान सप्रन्छ, सत्कर्म गर्नुपर्छ, सत्यबिना दुःख पाइन्छ, सत्य छाडेर कुकर्म गरेमा जीव नष्ट हुन्छ, घमन्ड गर्नु हुन्न, मन शुद्ध राख्नुपर्छ, सबैलाई मृत्युले लैजान्छ र यमदूतले दण्ड दिन्छ, मरेर लैजानु केही छैन, तेरो र मेरोको चक्रमा, माया, मोह, लोभको नशामा परेर यस झुटो संसारमा के बाँच्नु, यो जगत् माया हो, यहाँ जितहार जे भए पनि त्यो व्यर्थ छ भन्ने भाव समेत व्यक्त गरिएको छ ।

पचासौं श्लोकदेखि देशप्रेम, समाजसेवा, संस्कृति आदि सम्बन्धी भावहरू प्रस्तुत गरिएको पाइन्छ । उनका अनुसार देशप्रेमको समाजसेवाको भावना छैन, भक्तिभावना छैन, यसै भएकाले आचार छोडिएको छ । परिश्रम गर्ने सधैं पछि पर्छ । यसो भएकाले सत्मार्ग र संस्कृति बनिरहोस्, कोही दुःखी नहोऊन्, एउटै आँगनमा अटाउन सक्ने होऊन्, संस्कारहीन किनारा लागून्, अधर्मको मार्ग कसैले नलिऊन्, भव झुटो हो भाइबन्धु सब झुटा हुन् सबैले मर्नु पर्छ, मर्दा कसैले केही लाँदैन, स्वर्ग भनेको सत्य हो, दुष्टहरू नरकमा पर्छन्, संस्कार रहे धर्म हुन्छ र वर्ग बढ्छ । त्यसकारण विवेक ज्ञान र चैतन्यको मार्ग अपनाऔं । संस्कृति बचाऔं, वैदिक संस्कृति वा हिन्दू संस्कृति सबैभन्दा फराकिलो संस्कृति हो, यो सद्भावपूर्ण छ । आमा, बाबा, गुरुहरू मित्र अतिथिको मान गर्नु पर्दछ, संस्कृति जोगाउनु पर्दछ नत्र चौरासी जुनी भोग्नु पर्दछ । त्यसैले शास्त्रद्वारा ज्ञान प्राप्त गरौं र आत्मबोध गरौं । हामीलाई उद्धार गर्ने देवता आत्माभित्र छन् आदि कुराहरू उल्लेख गरिएको छ । पचासौं श्लोकसम्मको यो भनाइलाई अरू पछिल्ला श्लोकहरूले पनि दोहोऱ्याएका छन् । त्यसपछि भौतिक तत्त्व नष्ट हुन्छ, आत्मा चाहिँ अमर छ, यस संसारमा कर्म अनुसारको फल पाइन्छ, त्यसैले सद्गुण छोड्नु हुँदैन भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ ।

संसारका जीवहरूमा मानिस सर्वश्रेष्ठ प्राणी हो तर मानिस उहिले ठिक थियो, सत्यमागी थियो, अहिले स्वार्थवश बिग्रिएको छ । आचार छोडेको छ । अन्यायी कामहरू

गरेको छ । भोगविलासका इच्छाबाहेक आजका मानिसले केही सोच्दैन । आफ्नो स्वार्थपूर्तिमा मानिस व्यस्त हुँदै आएको छ । आचार छाडेकाले उसको कुलनीति बिग्रिएको छ । लोभले मानिसको जीवन बन्धक परेको छ, तैपनि आत्मा शाश्वत र पवित्र छ । हामी आत्मउत्थानतर्फ लाग्नु पर्दछ किनभने सत्यकर्म छोडी दुर्गुणतर्फ आडम्बरतर्फ लाग्दा धर्म मासिन्छ भन्ने आध्यात्मिक कुराहरू पनि यहाँ व्यक्त गरिएका छन् ।

मानिस यस धर्तीमा नाङ्गै आएको हो र धर्तीको सुखभोग भोगेर पुनः नाङ्गै जानुपर्छ र सबै कुरा यही छोड्नु पर्छ । त्यसकारण मानिसले ज्ञानी बनेर सत्मार्गमा लाग्नु पर्छ । जीवनमा शत्रु र मित्र हुन्छन्, मित्रलाई चिन्नु पर्दछ, कर्मको फल सबैले भोग्नु पर्दछ, तर एकदिन सबै कुरा छाडेर जानुपर्छ, मानिस आज पनि हाँस्न सकेको छैन लोभ र मोहमा परेको छ, पूर्वजले दिएको संस्कार अपनाउन सकेको छैन । यसरी ५०औं श्लोकदेखि १५०औँ श्लोकसम्ममा यी कुराहरू भनिएको छ ।

त्यसपछिका श्लोकहरूमा यस्तो भाव व्यक्त गरिएको छ - यहाँ सत्य धर्म रहेन, पाप मात्र रह्यो । पशुको जस्तो चोला भयो । यसर्थ बाँच्नु व्यर्थ छ । पुर्खाहरूले त सत्कर्मको सन्देश छरेका थिए तर कलियुग आएपछि सत्कर्म छोडे, पुर्खाहरू बिराना भए । हाम्रा पूर्वज ऋषिमुनि हुन् । तिनले वैदिक हिन्दू सँस्कृति छोडेका थिए जुन संस्कृतिमा दया धर्म, ममता र सत्कर्मको काम थियो जुन कामनाले असुरहरू नास गरेको थियो । त्यसो भएकाले वेदको वचन प्रति श्रद्धा गरौँ । पूर्वजको संस्कारपालन गरौँ, मृत्यु शाश्वत छ, हामीले सत्कर्म गर्नुपर्छ । यसैबाट संस्कार सागर तर्न सकिन्छ ।

त्यस्तै आत्मा सबैमा समान छ । कर्म गर्न शरीर चाहिन्छ । राग, काम, क्रोध, लोभ, मोहलाई जीवनमा बन्धन ठानेर त्यग्नु पर्छ । आत्मा भित्र शान्ति र सद्भावको ज्ञानतत्त्व छ । ज्ञानतत्त्व धर्म हुन्छ । दम्भ, अभिमानले दुःख भोग्नु पर्छ । शानित र सत्य आत्माको गुण हो । यसबाट मोक्षसम्म पुग्न सकिन्छ, जसबाट फेरि जन्मनु पर्दैन । यो काम विधा बुद्धि ज्ञानबाट सम्भव छ । सत्कर्म भनेको सेवा हो । भोगवृत्तिबाट मुक्त भई संस्कार र आचारशुद्ध बनाएर कर्मपथमा लाग्नु पर्छ यहाँबाट लैजानुपर्ने केही छैन, सबै कुरा छोडेर जाने हो । भौतिक कुराहरूको प्राप्तिले शान्ति प्राप्त हुँदैन । तसर्थ राम्रो कर्म गरेर जीवन सुधार्नु पर्छ भन्ने भावना तथा उपदेशहरू यस खण्डकाव्यमा विषयवस्तुका रूपमा रहेका छन् र यी विषयवस्तु नै यसका कथावस्तु जस्तो बनेका छन् ।

### ४.१.१.२ पात्रविधान

**हाम्रो गन्तव्य र कर्तव्य** खण्डकाव्य भए पनि यसमा कथावस्तु पनि छैन, घटनावलीहरू छैनन् र त्यसमा कुनै पात्रहरूको उपस्थिति पनि छैन । मूल पात्र, मुख्य पात्रको रूपमा कुनै व्यक्ति पात्र छैन । ऋषिमुनि र उनीहरूको सत्कर्मलाई अनुकूल चरित्र र वर्तमान समाज र ती ऋषिमुनिलाई वर्तमानका सन्तानको दुश्चरित्र वा दुश्कर्मलाई प्रतिकूल चरित्रको रूपमा प्रस्तुत गरिएको छ । अध्यात्मवादी परम्परागत संस्कारलाई मान्दै आएका लोभ, मोह, क्रोध, रोगलाई छाडेका, आत्मज्ञानी, विवेकी सुसंस्कृत र मोक्षमार्गी मानिसहरूलाई आदर्श पात्रको रूपमा र अरूलाई लोभीपापी, अपराधी र संस्कारहीन पशुको रूपमा चित्रण गरिएको छ । यसमा यी दुई परस्पर विरोधी चरित्रहरूको आपसी संवाद त पाइन्न केवल लेखकीय वर्णनद्वारा यी उर्दूको चरित्र प्रस्तुत गरिएको छ । आध्यात्मिक उपदेशहरू खास गरी अद्वैत वेदान्तका कुराहरूलाई लेखकले उपदेशका रूपमा छन्दोबद्ध श्लोकहरूमा प्रस्तुत गरेका छन् । यस खण्डकाव्यको विषयवस्तु भनेको ऋषिमुनिद्वारा प्रदत्त विचार संस्कार धर्म र संस्कृति र वर्तमान समयमा यी संस्कार र संस्कृतिमा छाएको विकृति र विसङ्गति हुन् । 'जगत् मिथ्या ब्रह्म सत्य' भन्ने शङ्कराआचार्यको अद्वैत चिन्तनलाई मूल रूपमा यस खण्डकाव्यमा विषयवस्तु बनाइएको छ । काम क्रोध, लोभ, मोह, राग, द्वेषबाट मुक्त भई सत्मार्गमा हिँडेर आत्मज्ञान गरी यस संसारमा पुनः जन्मन नमर्ने गरी मुक्ति मार्गमा लाग्नुपर्ने उपदेशहरू नै यस काव्यका विषयवस्तु हुन् । हिन्दू संस्कारनिष्ठ छ, पुर्खाले प्रदान गरेको संस्कार छाड्नु हुँदैन र छोडियो भने शान्ति प्राप्त हुँदैन । शान्ति प्राप्त गर्न सद्मार्गमा हिँड्नु पर्छ, हिँसा हत्या गर्नु हुँदैन, लोभ, मोह र क्रोध गर्नु हुँदैन । आत्मभित्रै ईश्वर छ, ज्ञान विवेकद्वारा आत्मोन्नति गर्नुपर्छ र जीवन सुधार्नु पर्छ भन्ने सन्देश भएको विषयवस्तु यसमा रहेको छ ।

### ४.१.१.३ केन्द्रीय कथ्य

**हाम्रो गन्तव्य र कर्तव्य** खण्डकाव्य वेदान्त उपदेशहरूमा आधारित रहेकाले अद्वैत वेदान्तले भने झैं अर्थात् शङ्कराचार्यले भने झैं 'जगत् मिथ्या ब्रह्म सत्य' कै भावधारामा प्रस्तुत भएको छ । अध्यात्मवादी चिन्तन खास गरी हिन्दू संस्कारलाई महत्त्व प्रदान

गरिएकाले परम्परागत धर्म, संस्कृति विचार र संस्कारलाई आजको समाज र मानव पुस्ताले पनि छोड्नु हुँदैन, मानव मुक्ति त्यसैमा छ भन्ने केन्द्रीय कथ्य यस खण्डकाव्य रहेको छ ।

### ४.१.१.४ भावविधान

परम्परागत धर्म-संस्कृति, विचार र संस्कारलाई आजको समाज र मानव पुस्ताले छोड्नु हुँदैन, त्यसलाई अपनाउँदा नै जीवन मुक्ति सम्भव छ भन्ने केन्द्रीय कथ्यलाई अनेक भावहरूद्वारा प्रस्ट पार्न खोजिएको छ, जस्तै :

आयो मानव यो धरातल यहाँ नाङ्गै र रित्तै बनी ।

(१६२ औँ श्लोकको तेस्रो हरफ)

यस जगत्मा मानिस नाङ्गै आएको थियो र नाङ्गै जान्छ भन्ने भाव यस श्लोकमा पाइन्छ । त्यस्तै जगत्को भोग्य वस्तुको व्यर्थतालाई कविले यसरी व्यक्त गरेका छन् :

भोग्नै पर्दछ कर्मको फल यहाँ जानी नजानी यहाँ ।

(१४३ औँ श्लोकको तेस्रो हरफ)

मानिसले जस्तो कर्म गर्छ त्यसै अनुसारको फल उसलाई प्राप्त हुने भाव भएको यस शलोकबाट कविले दुष्कर्महरू नगर्न खबरदारी गरेका छन् । यस्तै भाव भएको अर्को एउटा श्लोक यस्तो छ :

संस्कारै बलियो छ पूर्व जुनिको आचार नै सार हो
यौटा चेतनशील सिर्जनकला यो सृष्टि आधार हो ।

(१५३ औँ श्लोकको दोस्रो पङ्क्ति)

बाँच्नु व्यर्थ छ फेरि मात्र पशुको पाएर चोला यहाँ ।

(१५४औँ श्लोकको अन्तिम हरफ)

संस्कार नै जगत्को आधार भएको र संस्कारहीन भएर बाँच्नु व्यर्थ छ भन्ने भाव व्यक्त गरिएका यी हरफहरू हेर्दा कविले अनेक भनाइहरू मार्फत आफ्नो कथ्यलाई पुष्टि गर्ने काम गरेका छन् । परम्परागत संस्कार अपनाउन नसक्दा वर्तमान मानव दिग्भ्रमित बनेको छ । सांसारिक लोभ र मोहमा फसेको छ र उसको जीवन आलोकित हुन सकेको छैन भन्ने भावलाई आफ्ना सुन्दर पङ्क्तिद्वारा भट्टले यसरी व्यक्त गरेका छन् :

मान्छे हाँस्न सकेन जीवन अझै उस्तै छ ऐले पनि ।
खाली लोभ र मोहका बश परी बित्ने भयो जीवनी ।

(१४७औँ श्लोकको अन्तिम पाउ)

यो मेरो अरूको नहोस् जगत्मा साझा बनोस संस्कृति ।
यौटै आँगनमा रमाउन सकून् यो भूमिका सन्तती ॥

(६७औँ श्लोकको अन्तिम पाउ)

यस जगत्मा तेरो मेरो भन्ने स्वार्थी भावना नरहोस्, साझा भावनाको विकास होस्, साझा संस्कृतिको निर्माण होस् र सबै मानिस एउटै साझा थलोमा रमाउन सकून् भन्ने विचार यस श्लोकमा अभिव्यक्त भएको छ ।

कविले यस्तो सुन्दर विचारको कामना र सुन्दर समाजको परिकल्पना गरेका छन् । यस परिकल्पनामा उनको आध्यात्मिक दर्शन यसरी प्रकट भएको पाइन्छ :

के ल्यायो कति के छ यो जगतमा लादेर लाने कहाँ
मुष्ठि बाँधि त जन्म भो जगतमा खाली त जाने वहाँ ॥

(५२औँ श्लोकको अन्तिम पाउ)

यो संसारमा कसैले पनि केही लिएर आएको छैन र जाँदाखेरि भारी बोकर जाने कुरा पनि केही छैन । रित्तै संसारमा आइएको हो र रित्तै संसारबाट जानुपर्छ भन्ने आध्यात्मिक विचारलाई यस श्लोक मार्फत व्यक्त गरिएको छ ।

यस खण्डकाव्यमा जुन जीवनदर्शन व्यक्तिएको छ, त्यसलाई पुष्टि गर्ने खालका अनेक भावहरू यसमा प्रस्तुत भएका छन् । श्लोकहरूमा बिम्ब, प्रतीक, अलङ्कार आदिको व्यापक प्रयोग भएको नभए तापनि आफ्ना आध्यात्मिक, वेदान्तिक विचारहरूलाई व्यक्त गर्नका लागि भने यस खण्डकाव्यमा व्यक्त भएका कुराहरू उल्लेखनीय नै रहेका छन् ।

## ४.१.१.५ लयविधान

**हाम्रो गन्तव्य र कर्तव्य** खण्डकाव्य शार्दूलविक्रीडित छन्छमा लेखिएको छ । छन्दोबद्ध कविता भएकाले यो लयबद्ध पनि बनेको छ । लयले कविता र गद्यमा शब्द वा ध्वनि प्रवाहको ढाँचालाई पनि बुझाउँछ । लयको उत्पत्ति प्रवाह, गति, यति, आघात आदिको परस्पर क्रमिक मेलबाट हुन्छ । विशेषतः आवृत्तिबाट लयोत्पादन हुने हुँदा लयको स्वरूप आवृत्तिमूलक हुन्छ भनिन्छ (लुइटेल, २०६० : १३७) । कवितामा जुन ध्वनि प्रवाह हुन्छ, जुन

आवृत्ति हुन्छ वा जुन सङ्गीत तत्त्व छिपेको हुन्छ, त्यो नै लय हो । कवितामा विशिष्ट भाषाको प्रयोग हुने हुँदा त्यो पनि लयात्मक भाषा हुन्छ, सुन्दर, कोमल र मधुर भाषा हुन्छ, सुरुमा यसले नै एउटा लय पैदा गर्छ, त्यसपछि छन्दको यति, गति, आघातले शब्दहरू र भावहरूको आवृत्तिले र काव्यात्मक भाव वा विचारहरूको प्रवाह र सङ्गीत तत्त्वले जुन कोमलता पैदा गर्छ जुन मधुरता पैदा गर्छ, त्यसले नै कविताको लय विधानलाई निर्धारित गर्दछ । कवितालाई छन्द, अनुप्रास, अलङ्कार, वाक्यीय ढाँचाले पनि लयात्मक तुल्याउँछ । यस खण्डकाव्यमा पनि लयात्मकता रहेको छ, जस्तै :

यौटै आँगनमा रमाउन सकून् यो भूमिका सन्तति

(श्लोक ६७ औं)

जीवैमा छ अमूल्य सुन्दर कला आचार यो जीवमा

(३६औं श्लोक)

हाम्रा सत्य र शान्त पूर्वज गर्नु छ पुष्पाञ्जली

(४२औं श्लोक)

जीवन नाटक हो यसै जगतमा मान्छे भने पात्र हो ।

(२२२औं श्लोक)

यी श्लोकका हरफहरू सरल र सरस भाषाशैली तथा गेयात्मक छन् । यति हुँदाहुँदै पनि ठाउँठाउँमा छन्दभङ्गको स्थिति पनि छ । कविले छन्दको अनुशासनलाई भने त्यति राम्ररी आत्मसात गर्न सकेको पाइँदैन ।

## ४.१.१.६ बिम्ब, अलङ्कार र प्रतीक विधान

### क) बिम्ब

बिम्बको शाब्दिक अर्थ छाया, प्रतिरूप, प्रतिमा एवं प्रतिबिम्ब हो । यो कविताका भावहरूलाई व्यक्त गर्ने साधन हो । यसलाई कुनै वस्तुबारे वर्णन गरिएको शब्दचित्र पनि भनिन्छ । बिम्ब भनेको कुनै दृश्यचित्र वा वस्तुको वर्णन गरिएको शब्द चित्र हो (लुइँटेल, २०६० : ११८) । काव्यमा यो शब्दबिम्ब र अलङ्कार बिम्ब गरेर दुई प्रकारले प्रयोग भएको हुन्छ । कवितामा यसलाई सबल बनाउनका निमित्त

जुन शब्दहरूको प्रयोग भएको हुन्छ, जस्तो 'निलो', 'चम्किलो', 'कोमल' इत्यादि सरल बिम्ब हुने शब्द बिम्ब हुन् । त्यस्तै गरी शब्दको शब्दार्थभन्दा पर गएर कुनै भाव व्यक्त गर्दा जुन उपमा श्लेषहरूको श्लोकहरूमा प्रयोग गरी भाव व्यक्त गरिन्छ, त्यसलाई आलङ्कारिक बिम्ब भनिन्छ । जस्तो कि वा चन्द्रमुखी, चन्द्रमाको जस्तो उज्यालो मुख भएकी भन्ने अभिव्यक्तिमा उज्याली मात्रै भन्दा शब्दबिम्ब हुन्छ, चन्द्रमा जस्तै भन्दा अलङ्कारिक बिम्ब हुन्छ । यस खण्डकाव्यमा पनि यस्ता बिम्बहरूको प्रयोग पाइन्छ, जस्तै :

जीवन नाटक हो यसै जगतमा मान्छे भने पात्र हो ।

२३३ औँ श्लोक

यसमा मानव जीवनलाई नाटक भनिएको छ । मानिसलाई नाटकको पात्र भनिएको छ । मानव र मानव जीवनलाई पात्र र नाटकको बिम्बका रूपमा प्रस्तुत गरिएको छ ।

**ख) अलङ्कार**

अलङ्कारको शाब्दिक अर्थ गहना वा आभूषण हो । यो भाषाद्वारा प्रकट हुने आभूषण हो । यसले काव्यको शोभा बढाउँछ । अलङ्कार दुई प्रकारका हुन्छन् : शब्दालङ्कार र अर्थालङ्कार । शब्दका माध्यमबाट चमत्कार थप्ने अलङ्कारलाई शब्दालङ्कार भनिन्छ भने अर्थका माध्यमबाट चमत्कार थप्नेलाई अर्थालङ्कार भनिन्छ । शब्दालङ्कारमा अनुप्रास वा शब्दहरूको आवृत्ति र द्वैधअर्थ लाग्ने श्लेषहरू पर्दछन् भने अर्थालङ्कारमा उपमा, रूपक, दृष्टान्त र लोकोक्तिहरू पर्दछन् । यस खण्डकाव्यमा पनि अलङ्कारको राम्रै प्रयोग भएको छ । शब्दालङ्कारहरू यथेष्ट प्रयोग भएको छ । प्रायः सबै श्लोकहरू अन्त्यानुप्रासयुक्त छन् । कतै कतै उपमा र दृष्टान्त जस्ता अर्थालङ्कारको प्रयोग गरिएको छ भने लोकोक्तिहरू पनि रहेका छन्, जस्तै :

जस्तै शीतल चन्द्रमा गगनमा, सत्य छरी घुम्दछ ।
त्यस्तै भानु सदा भरी सुनीतिले ज्योती यहाँ छर्दछ ॥
हुने छन् जन ती सबै जगत्मा स्रष्टा ठुला साधक ।
दिन्छन् शोभन नै प्रशन्न मनले आनन्दका द्योतक ॥ (२२०औं श्लोक)

**ग) प्रतीक**

प्रतीकलाई सङ्केतभन्दा पनि फरक पर्दैन किनभने यसले कुनै कुराको चित्रण गर्दैन, बरु त्यसको विशेषतालाई सङ्केत गर्छ । बरु यसले कुनै चिजलाई प्रतिनिधित्व गर्दछ । कुनै चिजलाई प्रतिनिधित्व गर्ने सजीव वा निर्जीव वस्तुलाई प्रतीक भनिन्छ (लुइटेल, २०६० : १२६) । काव्य वा साहित्यमा केही प्रचलित प्रतीकहरूको प्रयोग गरिएको पाइन्छ । जस्तै 'गुलाफ' सौन्दर्यको प्रतीक हो भने 'नदी' गतिको प्रतीक हो । 'सिंह' बलको प्रतीक हो भने 'पशु' मूर्खताको, 'परेवा' शान्तिको र 'ढुकुर' प्रेमको प्रतीकको रूपमा प्रयोग हुने गरेको पाइन्छ । यस खण्डकाव्यमा पनि प्रतीकहरूको प्रयोग राम्रैसँग गरिएको पाइन्छ, जस्तै :

बाँच्नु व्यर्थ भयो जुनी पशु भयो बाँचेर बस्ने उहाँ । (८१ औँ श्लोक)

यहाँ पशु शब्द अज्ञानता र मूर्खताको प्रतीकको रूपमा प्रयोग गरिएको छ । यसरी यस खण्डकाव्यमा बिम्ब, अलङ्कार र प्रतीकको उपयोग गरिएको छ ।

## ४.१.१.७ भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो । हरेक कृतिहरू भाषाकै माध्यमबाट प्रकट भएका हुन्छन् । काव्यमा भाषाको महत्त्वपूर्ण स्थान हुन्छ । काव्यको भाषा विशेष प्रकारको हुन्छ । मानक भाषाको विचलन समेत काव्यभाषामा हुन्छ । यसमा छन्द, लय, प्रतीक, बिम्ब, अलङ्कार, अनुप्रास आदि प्रयोग हुने भएकाले र भाव अभिव्यक्तिमा भावुकता र निजात्मकता पनि रहने भएकाले यसमा विशिष्ट भाषाको प्रयोग हुन्छ ।

शैली भनेको अभिव्यक्तिको तरिका हो । अभिव्यक्तिको माध्यम भाषा हो भने त्यसको तरिका शैली हो । शैली विभिन्न प्रकारका हुन्छन् । भाषाका आधारमा प्रसाद शैली, व्याख्यात्मक शैली, समाज शैली आदि हुन्छन् भने भावका दृष्टिले भावुक शैली, व्यङ्ग्य शैली संयत शैली आदि शैलीहरू हुन्छन् ।

**हाम्रो गन्तव्य र कर्तव्य** खण्डकाव्य हो । यसमा भाषा शैलीको उपयोग कसरी भएको छ भनेर हेर्नु पर्ने हुन्छ । साथै खण्डकाव्य भएकाले यसमा विधागत बनोट र बुनोटका सौन्दर्यलाई पनि व्यवस्थित गर्नु पर्ने हुन्छ । **हाम्रो गन्तव्य र कर्तव्य** खण्डकाव्य भएकाले यसमा आख्यानको प्रस्तुति अत्यन्त जरुरी हुन्छ तर यस खण्डकाव्यमा आख्यान छैन ।

आख्यानलाई खण्डकाव्यमा प्रस्तुत गरेर घटनाहरूको प्रवाह र घटना सन्दर्भलाई विभिन्न भाग, खण्ड वा सर्गहरूमा व्यवस्थित गर्नुपर्ने हुन्छ। यो पनि यस खण्डकाव्यमा देखिँदैन। यो आफ्नै शैलीको खण्डकाव्य बनेको छ । वास्तवमा विधागत मर्यादाका दृष्टिले यस खण्डकाव्यलाई खण्डकाव्य भन्न सकिँदैन । यो लामो कविता हो । यो छन्दोबद्ध छ र आध्यात्मिक उपदेशहरूको अव्यवस्थित प्रस्तुतिले भरिएको छ। खण्डकाव्य भनिए पनि यस अर्थमा यो खण्डकाव्य भएको छैन। यो काव्यमा उपदेश भरिएको लामो कविता बनेको छ। यद्यपि यसैलाई पनि कविको आफ्नो शैली मान्नुपर्ने हुन्छ। उनको प्रस्तुतिको आफ्नै ढङ्ग छ।

यस काव्यको भाषा पद्यात्मक, लयात्मक र सुकोमल छ तर एकदमै काव्यात्मक भाषा भने छैन । विशिष्ट लयात्मक भाषाको प्रयोग भएको पनि छैन र छन्दबाहेक अरू शैलीगत विशिष्टता पनि त्यति प्रस्ट देखिन्न। कवि कुनै घटना विशेषबाट आल्हादित भएर गहिरो अनुभूतिका साथ प्रस्तुत भएका छैनन् । बरु वेदान्तका दार्शनिक विचारहरूबाट प्रभावित भएर तिनको वर्णन व्याख्या गर्न लागेका छन् । अनुभूतिको तीव्रताभन्दा बौद्धिक विकासको वेग नै बढी पाइन्छ। यही भएकाले यसले कविका काव्यात्मक भावहरूलाई भन्दा पनि उनको जानकारी र पुस्तकीय अध्ययनबाट प्राप्त ज्ञानलाई प्रस्तुत गरेको छ। वेदान्तका दार्शनिक विचारहरू कविका आफ्ना विचारहरू होइनन्। यी शङ्कराचार्यका चिन्तन हुन्। त्यसो भएकाले यसमा कविको भाव उच्छलन हुने कुरै भएन। कविताको विषयवस्तु त भयो वा अनुभूतिको तीव्रता र सघन भावहरूको प्रस्तुति भने हुन सकेको पनि छैन । छन्दमा कविता रचना गर्न सक्ने शिल्पगत सम्भावना भने कविमा देखिन्छ । त्यस्तै केही भाषिक परिष्कारको अभाव पनि देखिन्छ। समग्रमा हेर्दा काव्यात्मक उडान भने भेटिँदैन।

यस काव्यमा छन्द भङ्ग हुन नदिन केही वर्णविन्यासको विचलन गरिएको छ, जस्तो कि 'पनी' दीर्घ, 'प्रकृती', 'कती', 'जती', 'आदी', 'फेरी' सबैलाई दीर्घ बनाइएको छ। यसरी छन्द मिलाउने काममा वर्णहरूलाई व्याकरणको नियम भङ्ग गरी प्रयोग गरिएको छ। कविताका कतिपय पङ्क्तिमा त्रुटिपूर्ण प्रयोग पनि पाइन्छ।

भाषिक अभिव्यक्ति पनि धेरै सपाट र रुखो प्रकारको छ। अलङ्कार भए पनि त्यसले काव्यिक उचाइ दिन सकेको छैन । त्यसो भएकाले अभिव्यक्तिमा केही समस्या देखिन्छ ।

सामान्य रूपले पढ्दा भने कृति पढ्न झिझ्यार लाग्ने खालको नभई पठनीय नै छ । स्पष्ट अभिव्यक्ति र सरल प्रस्तुतिले वेदान्तका कठिन दर्शनलाई पनि सहजै बुझ्न सकिने देखिन्छ ।

कविता तत्त्वहरूका आधारमा यस खण्डकाव्यको विश्लेषणबाट प्राप्त निष्कर्षलाई निम्नलिखित बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ :

क) यस खण्डकाव्यको शीर्षक काव्यात्मक नभएर अखबारी लेखका शीर्षक जस्तो भएकोले मन छुने बन्न सकेको छैन ।

ख) यस कृतिलाई खण्डकाव्य भनिएको छ तर खण्डकाव्यका संरचनात्मक गुणहरू यसमा छैनन् । खण्डकाव्य प्रबन्धात्मक रचना हो । यसमा आख्यान वा कथानक हुन्छ तर यस कृतिमा आख्यान छैन । यो उपदेश मञ्जरी जस्तो भएको छ । यस खण्डकाव्यमा कुनै भाग, खण्ड, घटना, प्रसङ्ग नै छैनन् र सर्गीय व्यवस्था पनि छैन । छन्द छ तर सर्गान्तमा छन्दान्तरण भावी कथाको छनक, यसमा नायक धीर वीर हुनुपर्ने जस्ता कुनै कुरा पात्रहरू वा चरित्रहरू छैनन् । खण्डकाव्य भनिए पनि यो लामो कविताजस्तो भएको छ ।

ग) कथावस्तुको उपस्थिति नभएकाले कथावस्तु भन्नु नै विषय वस्तु बनेको छ । विषयवस्तुका दृष्टिले खण्डकाव्यले एक आध्यात्मिक विचार क्षेत्र-अद्वैत वेदान्तलाई अँगालेको छ । ऋषिमुनिका उन्नत विचार संस्कृति र धर्म संस्कारलाई उच्च स्थान दिइएको छ । यसको तुलनामा वर्तमान मानिसका विचार संस्कृति र धर्म संस्कार धेरै निम्नकोटिको संस्कारहीन भएको र विकृति विसङ्गतिले भरिएको छ भनिएको छ । प्राचीन ऋषिमुनिका चिन्तन श्रेष्ठ रहेको र त्यसमाथि विशेष गरेर हिन्दू संस्कार उन्नत रहेको उल्लेख गरिएको छ । खण्डकाव्यले दर्शनको व्यापक विषय वस्तुलाई प्रस्तुत गर्न खोजे पनि मूलतः जगत् मिथ्या ब्रह्म सत्य भनिने शङ्कराचार्यका विचारहरूलाई खण्डकाव्यको मूल कडी बनाइएको छ ।

घ) यस खण्डकाव्यमा स्पष्टतः काव्यिक परिवेश, स्थान परिवेश र सामाजिक परिवेशको चित्रण छैन । परम्परागत संस्कार यस्तो थियो भनेर ऋषिमुनिलाई सम्झिने काम गरिएको छ । तिनको वर्णन गरिएको छ तर तोकिएको

काव्यिक परिवेश छैन । जहाँसम्म पात्र वा चरित्र चित्रणको कुरा छ, त्यो पूरा छैन । प्राचीन ऋषिमुनिलाई शुद्ध चरित्रको रूपमा प्रस्तुत गर्नु सिवाय कुनै व्यक्ति पात्र वा चरित्रको चित्रण यसमा रहेको छैन ।

ङ) भाषा अलङ्कारिक भएका सपाट कारुणिक विशिष्टताभन्दा बौद्धिक उहापोह रहेको आफ्नै खालको शैली यस खण्डकाव्यमा प्रस्तुत भएको छ । अनुप्रास प्रायः मिलेकै भए पनि यत्रतत्र छन्द पनि भङ्ग भएको छ । केही अलङ्कार, बिम्ब, प्रतीक पनि नभएका होइनन् । दर्शनका कुराहरूलाई सहज, सरल र सङ्क्षिप्तमा अभिव्यक्त गर्ने शिल्प भने कवितामा रहेको छ । साहित्य र यसको विधागत सौन्दर्यलाई पनि ध्यान दिएको भए काव्य अझै दखिलो, चुस्त र काव्यिक महत्त्वको ठहरिने थियो ।

## ४.१.१.८ निष्कर्ष

कवि लक्ष्मीदत्त भट्टको पहिलो कविता कृति **हाम्रो कर्तव्य र गन्तव्य** विधाका दृष्टिले खण्डकाव्य भनिए पनि वस्तुतः यो खण्डकाव्य बन्न सकेको छैन । उपदेशले भरिएको लामो कविताजस्तो भएको छ । यसर्थ यसलाई कविको आफ्नै खालको कृति भन्न सकिन्छ । यसमा आध्यात्मिक उपदेशहरू रहेका छन् । प्राचीन कालका ऋषिमुनिका विचारहरू असल थिए तर आजका मानिसका विचारहरू विकृति-विसङ्गतिले भरिए भन्ने चेतना प्रसारणलाई यस खण्डकाव्यले आफ्नो उद्देश्य बनाएको छ । यस काव्यको मूल कथ्य भनेको अध्यात्म चेतना 'जगत् मिथ्या ब्रह्म सत्य' भन्ने शङ्कराचायको विचारलाई यस काव्यमा प्रस्तुत गरिएको छ ।

खण्डकाव्य आख्यानयुक्त हुनुपर्नेमा यो खण्डकाव्य भने आख्यानरहित बनेको छ । कविले विभिन्न श्लोक मार्फत् आध्यात्मिक चेतनालाई प्रस्तुत गर्ने प्रयत्न गरेका छन् । त्यसो भएकाले यो खण्डकाव्य बन्नबाट बञ्चित भएको छ ।

भाषाशैलीका दृष्टिले भने यो मध्यम खालको काव्य बनेको छ । श्लोकहरू छन्दमा छन्, लयात्मक छन्, अनुप्रास मिलेको छ । छन्दभङ्गका स्थिति पनि प्रशस्त भेटिन्छन् । बिम्ब, प्रतीकहरू पनि छन् । अलङ्कारको पनि प्रयोग भएको छ । सरसर्ती हेर्दा कृति पठनीय देखिए पनि विधागत मर्यादा भने पालना गरिएको छैन ।

## ४.१.२ चाँदनीको व्यथा गजल सङ्ग्रहको अध्ययन

**चाँदनीको व्यथा** लक्ष्मीदत्त भट्टको दोस्रो साहित्यिक कृति हो । विधागत दृष्टिले भन्नुपर्दा यो गजल सङ्ग्रह हो । यो कृति वि.सं. २०६८ मा पल्लव साहित्यिक प्रतिष्ठान चितवनबाट प्रकाशित भएको हो ।

### ४.१.२.१ परिचय

यसको शीर्षक चाँदनीको व्यथा नेपालको नदी महाकाली पारिका दुई गा.वि.स.- चाँदनी र दोधाराका आधारमा चयन गरिएको हो । नेपालको पश्चिम सिमानामाथिको महाकाली नदीपारि नेपालका दुई गा.वि.स. रहेका छन् । यिनमा नेपालीपनको गौरव गर्ने गरिन्छ । नेपालका अन्य गाउँहरूका पनि आफ्ना व्यथाहरू छन् तर चाँदनीको व्यथा छुट्टै छ । चाँदनीले भारतीय सिमानासँग जोडिएर अनेक समस्या भोगिरहेछ । यसको सबैभन्दा ठुलो समस्या राष्ट्रिय स्वाभिमानको हो । यही समस्याले कवि एवं गजलकार लक्ष्मीदत्त भट्ट संवेदनशील देखिन्छन् । **चाँदनीको व्यथा**ले चाँदनीको मात्र नभई राष्ट्रिय व्यथालाई पनि झल्काएको छ । यही चाँदनी क्षेत्रका जनताको पीडा र समस्यालाई झल्काउने गरी उनले आफ्नो गजल सङ्ग्रहको शीर्षक दिएका छन् । कवि वैतडीबाट चाँदनीमा बसोबास गर्न झरेपछि उनी चाँदनीप्रति बढी नै संवेदनशील बनेका छन् ।

**चाँदनीको व्यथा** शीर्षक भएको यस गजल सङ्ग्रहमा ८८ वटा गजलहरू सङ्गृहीत छन् । सङ्गृहीत गजलहरू ८८ पृष्ठको आयाममा फैलिएका छन् र भूमिका, शुभकामना, प्रकाशकीय, समर्पण र विषयसूची गरेर २४ पृष्ठ गरी जम्मा (८८+२४) ११२ पृष्ठको आयाममा पुस्तक संरचित छ । प्रत्येक गजलमा ५ सेरहरू छन् । यस दृष्टिले ८८ वटा गजलका (८८×५) ४४० वटा सेरहरू रहेका देखिन्छन् । प्रत्येक गजललाई सङ्ख्यामा उल्लेख गरिएको छ तर शीर्षक भने छैन । **चाँदनीको व्यथा**को आवरण रङ्गीन र आकर्षक छ । महाकालीको पुलको चित्ताकर्षक फोटो आवरणमा छापिएको छ ।

### ४.१.२.२ गजलका तत्त्वहरूको आधारमा चाँदनीको व्यथाको अध्ययन र विश्लेषण

गजल काव्यको दृश्य तथा श्रव्यमध्ये श्रव्य भेदमा पर्दछ । यसै गरी प्रबन्ध र मुक्तकमध्ये मुक्तक भेदभित्र पर्दछ । यसमा आख्यानतत्त्व कम हुन्छ र यो मुक्तक जस्तो

हुन्छ । गजलमा सेरहरू हुन्छन् । ती सेरहरू एकअर्कासित जोडिएका हुँदैनन्, हरेक सेरको आफ्नो स्वतन्त्र अस्तित्व हुन्छ । यो गेयात्मक हुने हुनाले गीत जस्तो भए पनि यसको छुट्टै महत्त्व छ । यस प्रकारको महत्त्व भएको संरचनात्मक तत्त्वहरूका कारणले गर्दा भएको हो । लक्ष्मीदत्त भट्टको गजल सङ्ग्रह- **चाँदनीको व्यथा**को अध्ययन र विश्लेषणको आधार यसका संरचनात्मक तत्त्वहरूलाई मानिएको छ । यी संरचनात्मक तत्त्वहरूका आधारमा यस गजल सङ्ग्रहको अध्ययन निम्नलिखित उपशीर्षकहरूमा गरिएको छ :

## सेर

गजलमा दुई पङ्क्तिको एउटा श्लोक हुन्छ । त्यसलाई सेर भनिन्छ । सेर अरबी भाषाको शब्द हो । यसको अर्थ केश वा स्वास्नी मानिस भन्ने लगाइएको पाइन्छ (बराल, २०६४ : १०) । जसरी कपालले नारी सौन्दर्यलाई जनाउँछ, त्यसरी नै सेरले गजलको भाव सौन्दर्यलाई जनाउँछ । सेर द्विपदी रचना हो । यी दुई पङ्क्तिलाई मिसरा भनिन्छ । सेरको अघिल्लो पङ्क्तिलाई विषयको उठान गर्ने वा समस्या उठाउने र दोस्रो पङ्क्तिले त्यसलाई एउटा समाधान दिने गर्दछ । यसरी सेरहरू (३ देखि १३ सम्म) मिलेर गजल बन्दछ । सेरविनाको गजल कल्पना गर्न सकिन्न । गजलकार लक्ष्मीदत्त भट्टले पनि आफ्नो गजल सङ्ग्रह **चाँदनीको व्यथा**मा सेरहरूको कुशलतापूर्वक प्रयोग गरेका छन्, जस्तै :

चाँदनी र दोधाराको रमणीय ठाउँ हजुर
थोरै खुसी थोरै व्यथा समिश्रण गाउँ हजुर

- चाँदनीको व्यथा, गजल १ पहिलो सेर

**चाँदनीको व्यथा** गजल सङ्ग्रहको सुरुवात नै यस सेरबाट भएको छ । यसमा चाँदनी दोधारालाई रमणीय ठाउँ भनी पहिलो पङ्क्तिमा उठान गरिएको विषयलाई दोस्रो पङ्क्तिमा समापन वा समाधान गरिएको छ । यसमा 'ठाउँ' र 'गाउँ' को तुकान्त शब्द (जसलाई काफिया भनिन्छ) दिइएको छ र दुबै पङ्क्तिमा अन्तिम अक्षर 'हजुर/हजुर' (रदिफ) को पनि प्रयोग गरिएको छ । यसरी गजलकारले गजलको एक महत्त्वपूर्ण संरचनात्मक तत्त्व सेरको प्रयोग गरेका छन् । यस्तै प्रयोग उनले ८८ वटै गजलमा पनि गरेका छन् । यीमध्ये सुरुको गजल *चाँदनीको व्यथा*मा प्रयोग भएको पहिलो सेरलाई यहाँ प्रस्तुत गरिएको छ :

अर्ति दिए मूर्खलाई गाली मात्रै ठान्छ हजुर
आफ्ना खुट्टा आफै ताकी बन्चरोले हान्छ हजुर

- चाँदनीको व्यथा, ३६ औँ गजलको पहिलो सेर

यसमा मूर्खलाई अर्ती दिए गाली ठान्छ भनेर सेरको पहिलो पङ्क्तिमा भनिएको विषयलाई आफ्नै खुट्टामा बन्चरोले हान्छ भनी दोस्रो पङ्क्तिमा समस्याको समापन गरिएको छ । अर्को सेर यस्तो छ :

हजारी फूलको बोट कहीँ सार्न सक्या नाई
निस्ठुरीले छोडी गई मन मार्न सक्या नाई

- चाँदनीको व्यथा ८८ औँ गजल, पहिलो सेर ।

यो डोटेली भाषामा लेखिएको गजलको पहिलो सेर हो । यसमा पनि पहिलो पङ्क्तिमा 'हजारी फूलको बोट सार्न सक्या छैन' भनिएको छ र दोस्रो पङ्क्तिमा 'निष्ठुरीले छोडेर गए पनि माया मार्न सक्या छैन' भनी समापन गरिएको छ । यस प्रकार यस गजल सङ्ग्रहमा सेरहरूको प्रयोग भएको छ ।

## काफिया

'काफिया' गजलको एक संरचनात्मक तत्त्व हो । यसले गजललाई सौन्दर्यशाली बनाउँछ । 'काफिया' शब्द अरबी भाषाको शब्द हो र यसको अर्थ 'बारम्बार आउने' भन्ने लगाइएको पाइन्छ र काफिया विना गजल बन्न नसक्ने भएकाले यसलार्य गजलको मुटु भनिएको पनि पाइन्छ (परिश्रमी, २०६४ : ३३) । गजलको मुटु काफियालाई गजलकार लक्ष्मीदत्त भट्टले पनि सुव्यवस्थित ढङ्गले यस सङग्रहमा प्रयोग गरेका छन् :

नदीको प्रवाहभित्र खसेर त गजल लेखेँ
कालीको बाढीमा आफै फसेर त गजल लेखेँ ।

- चाँदनीको व्यथा, गजल ७, पहिलो सेर

यस सेरमा 'खसेर त गजल' र 'फसेर त गजल' जस्ता अनुप्रास युक्त शब्दहरूको प्रयोग भएको छ । यो तिन/तिन अक्षरको छ र समान अक्षरको छ । रदिफ-'लेखेँ' भन्दा अगाडि आएको अनुप्रासयुक्त शब्द खसेर र फसेर पहिलो सेरको दुबै पङ्क्तिमा प्रस्तुत भएको छ भने दोस्रो सेरदेखि नियमअनुसार पहिलो पङ्क्तिमा नभई दोस्रो दोस्रो पङ्क्तिमा मात्र यसको प्रयोग भएको देखिन्छ । सातौँ गजलको दोस्रो सेर यस्तो छ :

'कोलाहल परेको छ कोमल यो हृदयमा
मनभित्र पीडाहरू घसेर त गजल लेखे ।'

- उही, दोस्रो सेर

यस दोस्रो सेरदेखि अन्तिम सेरसम्म नै काफिया सेरको दोस्रो पङ्क्तिमा प्रस्तुत भएको देखिन्छ ।

पहिलो सेरमा 'खसेर' र 'फसेर' थियो । दोस्रो सेरको दोस्रो पङ्क्तिमा 'घसेर' आयो । यसै गरी तेस्रो चौथो र पाँचौं सेरको दोस्रा दोस्रा पङ्क्तिमा क्रमशः 'कसेर', 'बसेर' जस्ता काफियाको प्रयोग गरिएको छ । यसरी कुनै गजलमा समान अक्षर भएका काफिया र कुनै गजलमा अक्षर फरक भएका काफियाहरूको प्रयोग भएको पाइन्छ । अर्को एउट सेर यस्तो छ :

नेता भन्ने मान्छे जस्ता आफू हुन सकिएन
गोहीका झैँ आँसु झारी व्यर्थै रुन सकिएन ।

- चाँदनीको व्यथा, गजल ४१, पहिलो सेर

यस सेरमा 'हुन' र 'रुन' काफियाको प्रयोग भएको छ भने यसकै तेस्रो सेरको दोस्रो पङ्क्तिमा 'दुहुन' र चौथो सेरको दोस्रो पङ्क्तिमा 'पिउन' र अन्तिम सेरको दोस्रो पङ्क्तिमा 'जून' शब्द भएको काफियाको प्रयोग गरिएको छ । यसमा 'हुन', 'रुन', 'धुन' समान अक्षर भएका काफिया रहेका छन् भने सँगै 'दुहुन', 'पिउन' जस्ता तिन अक्षरका र अनुप्रास समान नभएका शब्द परेका छन् । अन्तिम काफिया शब्द 'जून' मा दीर्घ जू प्रयोग भएको छ । यसरी असमान अक्षर र ध्वनि भएको काफियाको पनि यस सङ्ग्रहमा प्रयोग भएको छ ।

## रदिफ

रदिफ गजलको महत्त्वपूर्ण संरचनात्मक तत्त्व हो । यो गजलका सेरहरूको अन्त्यमा यसको प्रयोग हुन्छ । यो अरबी भाषाको शब्द हो । यसको अर्थ पछि पछि हिँड्ने भन्ने हुन्छ (बराल, २०६४ : ३८) । सेरको अन्तमा आउने खास गरी पहिलो सेरका दुबै पङ्क्तिको अन्तमा र दोस्रो सेरदेखि दोस्रा दोस्रा पङ्क्तिको अन्तमा आउने शब्दलाई रदिफ भनिन्छ । गजलको यस संरचनात्मक तत्त्व रदिफको प्रयोग गजलकार लक्ष्मीदत्त भट्टले **चाँदनीको व्यथा** गजल सङ्ग्रहमा यसरी गरेका छन् :

'देश अब कता जाने देख्या छैन बाटो हजुर

सहिदको रगतले मुछिँदै छ माटो हजुर ।

- चाँदनीको व्यथा, गजल ९, पहिलो सेर

यस सेरका दुबै पङ्क्तिको अन्तमा जुन 'हजुर' शब्द प्रयोग भएको छ, यो नै रदिफ हो । पहिलो सेरमा यसरी दुबै पङ्क्तिमा प्रयोग भएको रदिफ दोस्रो सेरदेखि भने अन्तिम सेरसम्म प्रत्येक सेरको दोस्रा दोस्रा पङ्क्तिमा प्रयोग भएको देखिन्छ । अन्तिम सेरलाई हेरौँ :

एक जुट भई सबै मिले यो देशका पार्टीहरू

अवश्य नै थपिने छ इतिहासको पाटो हजुर

यस सेरमा भने दोस्रो पङ्क्तिमा मात्र 'हजुर' शब्द (रदिफ) प्रयोग भएको छ । यसरी के देखिन्छ भने गजलकारले यस सङ्ग्रहमा रदिफको प्रयोग नियमवद्ध ढङ्गले नै गरेका छन् ।

## तखल्लुस

तखल्लुस पनि गजलको एक संरचनात्मक तत्त्व हो । यसले गजललाई चोटिलो बनाउँछ । 'तखल्लुस' अरबी भाषाको शब्द हो । यसको अर्थ गजल लेख्नेको गजलमा उपनाम भन्ने हुन्छ (बराल, २०६४ : ४३) । यसले गजलकारको स्वामित्वलाई जनाउँछ । यस्तो तखल्लुस प्रायः गजलको अन्तिम सेरमा प्रयोग हुन्छ । यस्तो सेरलाई 'मकता' भनिन्छ । यसको प्रयोगले गजललाई खँदिलो र चोटिलो बनाउँछ र गजल गजलकारको स्वामत्विभित्र पनि पर्दछ । यस्तो तखल्लुसको प्रयोग यस सङ्ग्रहभित्रका ३३ वटा गजलहरूमा 'सत्यप्रेमी' उपनामको रूपमा प्रयोग भएको पाइन्छ । पहिलो उदाहरण यस्तो छ :

यस्तै जीवन बित्ने भयो फुटपाथको यात्रा सँधै

'सत्यप्रेमी' प्राण त्याग्न एक प्याला जहर छैन ।

- गजल १२ को मकता ।

गजल सङ्ग्रहमा प्रयोग भएको यो पहिलो तखल्लुस हो । गजल १२ देखि गजल १३, १४, १७, १९, २४, २५, २६, २८, २९, ३०, ३३, ३८, ४४, ४५, ४८, ४९, ५०, ५२, ५६, ५७, ५८, ५९, ६०, ६१, ६५, ६६, ६७, ७१, ७७, ८०, ८६ सम्मका गजलहरूमा तखल्लुसको

प्रयोग भएको छ । प्रयोग भएका ३२ वटामध्ये अन्तिम अर्थात् ८६औं मा प्रयोग भएको तखल्लुस यस्तो छ :

'सत्यप्रेमी' सामुन्नेमा घुँडा टेकेपछि
आफ्नै हातले मुख छोप्दै लाजले नै मर्छन्
- गजल ८६ को मकता ।

## भाव वा विषयवस्तु

भाव वा विषयवस्तु गजलको सर्वाधिक महत्त्वपूर्ण संरचनात्मक तत्त्व हो । भाव वा विषयवस्तुविहीन गजल सम्भव हुँदैन । दुःख-सुख, उत्साह-निराशा, उत्साह-हतोत्साह, वीरता-कायरता, धीरता-अस्थिरता आदि जति पनि भावनात्मक पक्ष छन्, यी सबै भावहरू हुन् । विषयवस्तु भनेको चाहिँ जे जति दृश्यजगत् र मनोजगत्का कुराहरू छन्, ती सबै विषयवस्तु हुन् । मानौँ चन्द्रमा एउटा विषयवस्तु हो । यस विषयवस्तुलाई लिएर मनमा दुःख सुखका भावहरू बन्दछन् । टहटह पूर्णिमाको जून र खुँडे जुनबाट अलग भावहरू निर्माण हुन सक्छन् । कुनै व्यक्तिलाई जून उज्यालो लाग्छ, तर चोर आदि व्यक्तिका निम्ति जून अभिशाप बन्छ । यो नै भाव हो ।

गजलको परम्परित विषय प्रणयी प्रणयिनीबिच हुने प्रेमप्रणयको हार्दिक प्रकटन हो । तर युग परिवर्तनसँगै यसमा धेरै परिवर्तन आएकाले गजलमा वस्तुतः धार्मिक, राजनीतिक, सामाजिक, ऐतिहासिक र सांस्कृतिक विषय पनि उठ्न थालेका छन् र समग्र मानवीय संवेद्यताका वैचारिक भावतरङ्गहरू गजलका विषयवस्तु नै हुन् (आमोदी, २०६९ : १६) । यसरी आज गजलमा पनि कवितामा जस्तै विषय विविधताको प्रयोग हुन थालेका छ । प्रेम, घृणा, सामाजिकता, सामाजिक विकृति, विसङ्गति, विद्रोही भावना, क्रान्तिचेतना, वर्गप्रेम र घृणा लगायत राजनीतिक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, वैज्ञानिक आदि विविध विषयवस्तुमा गजल थालेका छन् ।

गजलकार लक्ष्मीदत्त भट्टको **चाँदनीको व्यथा** यस्तै विविध विषयवस्तुको प्रयोग भएको गजल सङ्ग्रह हो । यस सङ्ग्रहमा विभिन्न किसिमका भाव तथा विषयवस्तुको प्रस्तुति पाइन्छ । तिनलाई छुट्टाछुट्टै रूपमा उल्लेख गर्न सकिन्छ ।

**क) प्रणय**

**चाँदनीको व्यथा** गजल सङ्ग्रहमा प्रणय वा शृङ्गारिकतालाई विषयवस्तु बनाइएका गजलहरू यथेष्ठ छन् । झन्डै ३० प्रतिशत गजलहरू शृङ्गारिकतालाई अँगालेर लेखिएका छन् । आठौँ गजलको पहिलो सेर यस्तो छ :

क) सबै रित्तै भए भन्छन् गरिबका गोठ हजुर
आज किन मौन छ चुम्बन दिने ओठ हजुर
- गजल ८, पहिलो सेर

गजल ८ का ५ सेर छन् र पाँचवटै सेरहरू शृङ्गारिक भावले भरिएका छन् । चुम्बन दिने ओठहरूले प्रणय प्रसङ्गलाई नै उठाएको छ । यसै गरी प्रसङ्ग प्रेमकै भए पनि वियोगको भाव भएको गजल यस्तो छ :

हृदयमा गुलाफको फूल सार्न सक्तिन म
निष्ठुरीले छोडे पनि माया मार्न सक्तिन म
- गजल ८३, पहिलो सेर ।

यसबाट के देखिन्छ भने पहिलो सेरमा प्रेमका (चुम्बन) को आतुरता छ भने दोस्रो सेरमा केही वियोग र हार्दिक प्रेमका भावहरू प्रकट भएका छन् । गजलका सङ्ख्या कम बढ्दै जाँदा प्रणय भावहरू पनि विकसित र परिमार्जित हुँदै गएको देखिन्छ ।

**ख) नैतिक सन्देश**

**चाँदनीको व्यथा** गजल सङ्ग्रहमा विविध विषयवस्तुलाई अँगालिएको छ । जसरी प्रेम-प्रणयलाई विषयवस्तुको रूपमा प्रयोग गरिएको छ, त्यसरी नै नैतिक उपदेशलाई पनि गजलको विषयवस्तुको रूपमा प्रयोग गरिएको छ । नैतिकताको सन्देशका केही उदाहरण यस्ता छन् :

नैतिकतालाई गुमाएर कुसंस्कारमा लागि
खुल्लमखुल्ला गरेका छौँ सुरापानका कुराहरू
- गजल ३९, दोस्रो सेर ।

यसमा सुरापन र कुसंस्कारमा लागेकोमा असन्तुष्टि र व्यङ्ग्य प्रकट गरी त्यसप्रति लाग्नु हुन्न भन्ने सन्देश दिन खोजिएको छ। त्यस्तै घुस र भ्रष्टाचारप्रतिको असन्तोष यसरी पोखिएको छ :

लोकलज्जा बिर्सिएर इमानलाई बेची
घुस अनि भ्रष्टाचारमा सँधै अघि सर्छन्

- गजल ८६, तेस्रो सेर

यसमा इमानलाई बेचिएको तथा घुस र भ्रष्टाचारमा लाग्नेहरूप्रति व्यङ्ग्य गरी त्यसो गर्न नहुने कुराको सङ्केत गरिएको छ।

मै हूँ भन्ने शब्द छाडी हामी भन्न थालौँ हजुर
नेपाली भै नेपालमै शान्ति दीप बालौँ हजुर।

- गजल १८, पहिलो सेर।

यसमा 'म' होइन 'हामी' भनौँ र नेपाली भएर नेपालमै शान्ति दीप बालौँ भन्ने नैतिकतासँगै राष्ट्रियता र शान्तिको लागि आह्वान गरिएको छ।

## ग) देश प्रेम

**चाँदनीको व्यथा** गजल सङ्ग्रह स्वयं नै देशप्रेमको भावनाले ओतप्रोत भएर लेखिएको कृति हो। **चाँदनीको व्यथा**ले महाहाली पारिको चाँदनी र दोधारामध्येको चाँदनी गाउँको व्यथालाई उजागर गरेको छ। त्यसकारण यस गजल सङ्ग्रहको शीर्षक र भित्री गजलका भागहरूको मूल मुद्दा भनेकै देशभक्ति हो। देशभक्तिलाई विषयवस्तु बनाइएका अनेक गजलहरू यस सङ्ग्रहमा समावेश भएका छन्। यी उदाहरणहरू हेरौँ :

देशभक्त भन्नेहरू शिर झुक्दा नबोल्ने रे
चाँदनीको इज्जतमा चोट पुग्दा नबोल्ने रे

- गजल ५, पहिलो सेर।

यस गजलमा आफ्नो सार्वभौमिकताप्रति आँच पुग्दा पनि चुप बस्नेहरूप्रति क्षोम प्रकट गरिएको छ।

महाकाली र जोगबुढाको बीचमा चाँदनी छ

पश्चिम नेपालको यही छ मीठो नाउँ हजुर ।

- गजल १, दोस्रो सेर ।

यसमा चाँदनीको भौगोलिक परिचय दिई चाँदनीलाई मिठो नाउँ मानेर यसरी देशप्रेम जाहेर गरिएको छ ।

नेपालीको बिडम्बना परदेशतिरै जानु पर्ने

गाउँ छाडी हिँड्दा नयन रसाएर आए हजुर

- गजल ८४, चौथो सेर ।

परदेश लाग्नु पर्ने नेपालीको विडम्बना भएको जनाउँदै यसरी आफ्नो गाउँघर छोड्दा मन विह्वल भई आँखा रसाएको देशप्रेमको भावना यसमा प्रस्तुत गरिएको छ ।

## घ) सामाजिक-राजनैतिक विकृति विसङ्गति

**चाँदनीको व्यथा** गजल सङ्ग्रहमा सामाजिक-राजनीतिक विषयवस्तुलाई पनि प्रस्तुत गरिएको छ । त्यस्ता विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, असन्तुष्टि र आक्रोश पोखिएको पनि छ । केही उदाहरणहरू यस्ता छन् :

नेता हुँदै मञ्चबाट शान्ति गीत गाउँछौं तिमी

सत्यप्रेमी मै हुँ भनी झुटो नारा लाउँछौं तिमी ।

- गजल १०, पहिलो सेर

यसमा राजनीतिक क्षेत्रमा आएको विकृति विसङ्गति र नेताहरूको झुठा र ढोँगी प्रवृत्तिप्रति असन्तुष्टि प्रकट गरिएको छ । चेलीबेटी बेचिएको कुरालाई यसरी प्रस्तुत गरिएको छ :

निर्धनका बस्तीहरू दिनदिनै सारेका छन्

गाउँघर्का चेलीबेटी मुग्लान्तिर तारेका छन् ।

- गजल ३५, पहिलो सेर ।

चेलीबेटी बेचबिखनको सामाजिक समस्यालाई यहाँ प्रस्तुत गरिएको छ र निर्धनका बस्तीहरू दिनदिनै सारिएको कुरा उठाएर सुकुमवासी समस्याप्रति पनि औँलो ठडाइएको छ । त्यस्तै नेताको रवाफलाई यसरी दर्साइएको छ :

राहतको कार्यक्रम मनपरी चाला देखेँ
नेताजीको एकलौटी ठूलो बोलबाला देखेँ

- गजल ५८, पहिलो सेर ।

विपतमा परेकालाई वितरण गरिने राहतको कार्यक्रममा समेत मनपरी र पक्षपात गरिएको र यस कार्यमा अरूको के कुरा गर्ने नेताज्यूहरू नै अघि सरेको र तिनको बोलबाला देखिएको कुरा प्रकट गरिएको छ । यसरी सामाजिक राजनैतिक क्षेत्रमा आएको विसङ्गति विकृतिलाई पनि यस सङ्ग्रहमा गजलको विषयवस्तु बनाइएको छ ।

### ङ) निम्नवर्गप्रति सहानुभूति

लेखिदिएँ मनको व्यथा गीत गाउने अर्कै हुन्छ ।
मजदूरले दुःख गर्छन् सुख छाउने अर्कै हुन्छ ।

- गजल ४९, पहिलो सेर ।

यस सेरमा मजदुरले गरेका दुःखको कमाइमा मोज गर्ने अरू नै हुन्छन् भनी श्रमजीवी वर्गप्रति सहानुभूति प्रकट गरिएको छ ।

अरूलाई खुसी राख्न सधैँ हाड घोट्नेहरू
पसिना त बगाउँछन् तर त्यसको दाम छैन ।

- गजल ६३, दोस्रो सेर ।

यसमा अरूको लागि हाड घोट्नेहरूको पसिनाको कुनै मूल्य नभएको कुरा प्रकट गरिएको छ । हलो जोत्ने किसानको दुर्दशालाई गजलमा यसरी चित्रण गरिएको छ :

हलो जोत्ने दुःखीलाई पेट भर्न गास छैन
जीउ ढाक्ने वस्त्र छैन रात काट्ने बास छैन ।

- गजल ८१, पहिलो सेर ।

यसमा गरिबी तथा निम्न वर्गको सामाजिक स्थितिको वर्णन गरिएको छ । निम्न वर्गका गास, बास र कपासको समस्याप्रति संवेदनशीलता प्रकट गरिएको छ । यसरी यस सङ्ग्रहमा निम्नवर्गप्रति सहानुभूति प्रकट गरिएका विषयवस्तुका गजलहरू पनि रहेको देखिन्छ ।

### च) विद्रोही चेतना

**चाँदनीको व्यथा** गजल सङ्ग्रहमा प्रयोग भएका विषयवस्तुमध्ये विद्रोही चेतना पनि एक हो । शृङ्गारिक विषयवस्तुबाट आरम्भ भएको गजलले सामाजिकता, देशभक्ति, नैतिकता, विकृति विसङ्गतिप्रति प्रहार र निम्नवर्गप्रति सहानुभूति प्रकट गरिएका विषयवस्तु र विद्रोही चेतनाको प्रस्तुति भएका गजल **चाँदनीको व्यथा**मा सङ्गृहीत केही सेरका उदाहरण यस्ता छन् :

भ्रष्टाचार, लुछाचुँडी धेरै गर्न थाले हजुर
सोझाका शासन गरी पेट भर्न थाले हजुर

- गजल २३, पहिलो सेर ।

यहाँ सोझामाथि शासन गरेर र भ्रष्टाचार गरेर शासक वर्गले अत्याचार गर्न थालेकोमा आक्रोश प्रकट गरिएको छ । नेतालाई मूर्ख मानी घृणा गरिएको एउटा सेर यस्तो छ :

देश बेची कुर्ची रोज्ने रैछौ साह्रै मूर्ख नेता
जनताबिना बाँच्न सोच्ने रैछौँ साह्रै मूर्ख नेता

- गजल ६४, पहिलो सेर

देश बेचेर भए पनि सत्तासीन हुन खोज्ने नेतालाई मूर्खको पगरी दिइएको छ र यो नेतालाई एउटा हाँक पनि हो । यो विद्रोही चेतनाको प्रकटीकरण हो । नेताको कर्तुत देखाउने सेर यस्तो छ :

वर्तमान समयमा देख्छु सबै जाली जाली
झुटो खेती गर्न थाले बजाउँदै रित्तो ताली

- गजल ८५, पहिलो सेर

गजलकारले वर्तमान समयमा सबैलाई जाली देखेका छन् । तिनले झुटको खेती गरेका कुराप्रति गजलकारले आपत्ती प्रकट गरेका छन् । यसरी विद्रोही चेतना पनि यस सङ्ग्रहमा प्रस्तुत भएको छ ।

यसरी **चाँदनीको व्यथा** गजल सङ्ग्रहमा विषयवस्तुको विविधता प्रस्तुत गरिएको पाइन्छ ।

### छ) सङ्गीत

गजलको संरचनात्मक तत्त्वहरूमध्ये सङ्गीत पनि एक हो । यसले गाना, बजाना वा बाजाको ताल र लयलाई मात्र होइन गायन, वादन र नृत्य तिनै कुरालाई जनाउँछ । सङ्गीत तत्सम शब्द हो । यसको अर्थ 'समूहिक गान' हो ।

गीतलाई जसरी सङ्गीतको जरुरत हुन्छ, त्यसरी नै गजललाई पनि सङ्गीतको जरुरत पर्दछ । गजलको सङ्गीतलाई दुई आधारमा बुझ्ने गरिन्छ । पहिलो भाषाद्वारा गजलमा अभिव्यक्त हुने लय, छन्द, अनुप्रास र यसबाट ध्वनित हुन पुगेको सङ्गीत तत्त्व हो भने दोस्रो गजलकारले रचना गरेको गजललाई गाउने क्रममा कुनै लयमा ढाल्नु, ध्वनिको निर्माण गर्नु, बाद्यवादनद्वारा सङ्गीत सिर्जना गर्नु हो । **चाँदनीको व्यथा**मा सङ्गीत तत्त्व कसरी प्रस्तुत भएको छ भन्ने तलको सेरले प्रस्ट पार्दछ ।

कति बस्छौ किनारैमा अब नदी तर्ने हो कि ?
तर्न गाह्रो पर्ने भए लिन आउन पर्ने हो कि ?

- गजल १९, पहिलो सेर

यस गजलमा 'कति बस्छौ किनारैमा' उच्चारण गरेपछि थोरै विश्राम आउँछ । त्यसपछि 'अब नदी' मा पनि हल्का विश्राम आउँछ र अनि 'तर्ने हो कि' भनेर पङ्क्तिमा पूर्णता आउँछ । यसले लयको सृजना हुन गएको छ । लयले गजलको फैलावटको समग्र वेगलाई जनाउँछ । लय जस्तै छन्दले पनि गजलमा सङ्गीत तत्त्व छर्दछ ।

संस्कृत कवितामा छन्द भएजस्तै गजलमा पनि (छन्दहरू) छन् र तिनलाई ‘बहर’ भनिन्छ र यसको अर्थ अरबी भाषामा ‘छन्द’ नै हो । यसरी लय, छन्द, गजलको पठन, गायनका साथै गायनको वेग, बाद्यवादनको ताल, सुर, राग इत्यादि सङ्गीतमय कुराहरू गजलमा रहेका हुन्छन् । यस सङ्गीत तत्त्वले यहाँ कृतिभित्रका गजललाई गेयात्मक बनाएको पाइन्छ ।

## ज) कल्पना

कल्पना गजलको संरचनात्मक तत्त्वहरूमध्येको एक हो । वास्तवमा सिर्जनामा कल्पना तत्त्व हुन्छ । कल्पनाद्वारा नै यसअघि अस्तित्वमा हुँदै नभएको कुराको निर्माण हुन्छ । कल्पना कुनै सिर्जना तथा कुनै गजलको मानसिक रूपरेखा हो । कल्पना शब्द संस्कृतको तत्सम शब्द हो र यसको अर्थ हुँदै नभएको कुराको निर्मित हो । कल्पनाले मानव मनमा त्यतिकै विलाएर जाने शक्तिलाई बाहिर ल्याउँछ । हुन त कल्पना दुई प्रकारको हुन्छ : कल्पना र स्वैर कल्पना । कल्पना सिर्जनाको मुहान जस्तै हो भने स्वैर कल्पना चाहिँ अति कल्पना हो । कल्पनाले गजलका भावहरूलाई खुलस्त पार्न मद्दत गर्छ । **चाँदनीको व्यथा** गजल सङ्ग्रहमा कल्पना तत्त्वको प्रयोग भएको छ । अलि फराकिलो अर्थमा भन्ने हो भने **चाँदनीको व्यथा** जुन पुस्तक बाहिर आएको छ, त्यो नै कल्पनाको उपज हो । चाँदनी र दोधारा दुई स्थानहरूका समस्याहरूलाई तुनेर एउटा गजलको सङ्ग्रह तयार पार्ने जुन रूपरेखा गजलकारको मनमा उब्जियो त्यो नै कल्पना तत्त्व हो । यस बाहेक गजलका विभिन्न सेरहरूमा पनि कल्पनाको भूमिका रहेको देखिन्छ । केही उदाहरणहरू यसप्रकार छन् :

मै हुँ खोला नदीसँगै झर्छु सँधै सागरतिर
आत्मा मेरो यति सारो सुकेको त छैन हजुर

- गजल १४, दोस्रो सेर

यसमा कविले आफू खोला भएको र नदीसँगै मिसिएर सागरतिर हुम्मिने गरेको कल्पना गरेका छन् ।

हजारी फूलको बोट कहीँ सार्न सक्या नाई
निष्ठुरीले छोडी गई मन मार्न सक्या नई ।

- गजल ८८, पहिलो सेर ।

यस सङ्ग्रहको डोटेली भाषामा भएको एउटा मात्र गजलको यो पहिलो सेरमा गजलकारले वियोग हुँदा पनि मन चाहिँ स्मृतिमै रमाउने कुराको कल्पना गरेका छन् ।

यसरी गजलको संरचनात्मक तत्त्वहरूमध्येको कल्पना तत्त्वको उपस्थिति यस **चाँदनीको व्यथा** गजल सङ्ग्रहमा भएको देखिन्छ ।

### झ) बिम्ब तथा प्रतीक

गजलका संरचनात्मक तत्त्वहरूमा बिम्ब तथा प्रतीक पनि पर्दछन् । गजलमा जुन परिष्कृत भाषाको जरुरत हुन्छ, त्यसलाई बिम्ब र प्रतीकले पूरा गर्दछ । 'बिम्ब' शब्दको शाब्दिक अर्थ 'छाया' वा 'प्रतिमा' हुन्छ । बिम्ब शब्दद्वारा बन्ने तस्वीर हो । बिम्ब दुई प्रकारका हुन्छन् : शब्दबिम्ब र अर्थबिम्ब । 'अँध्यारो आकाश' भनियो भने त्यो आकाशको शब्द तस्विर हो, शब्द बिम्ब हो । अर्थ बिम्ब चाहिँ अलि व्यापक हुन्छ । 'मान्छेले मान्छेलाई चिनेन' भन्दा यो. अर्थबिम्ब हुन्छ । यस्तै प्रतीक चाहिँ कुनै खास कुरालाई बुझाउन अर्को वस्तु वा चिह्नको प्रयोग हो । जस्तो 'नदी' गतिको प्रतिक हो । खुकुरी वीरताको प्रतीक हो । यस्तो बिम्ब र प्रतिकको प्रयोग **चाँदनीको व्यथा** गजल सङ्ग्रहमा पनि गरिएको छ । यस सङ्ग्रहमा बिम्बको प्रयोग यसरी गरिएको छ :

सहिदको मुटु जस्तै फराकिलो छाती हुन्छ
देशको माया गर्ने मान्छे सबैभन्दा माथि हुन्छ ।

- गजल ४७, पहिलो सेर ।

यस गजल सेरमा, 'फराकिलो छाती' भनेर शब्दबिम्ब राखिएको छ र छातीलाई 'सहिदको मुटु जस्तो' भनेर उपमा दिइएको छ । यसमा उपमा अलङ्कारको प्रयोग गरी गजललाई बिम्बात्मक तुल्याइएको छ ।

कति राम्रो पश्चिम हाम्रो स्वर्गबाट खसे जस्तो

प्रकृतिले सिँगारेर श्वेत हिमाल बसे जस्तो ।

- गजल २०, पहिलो सेर ।

यसमा पश्चिम नेपाललाई श्वेत हिमालको बिम्बमा उतरिएको छ । स्वर्गबाट खसेजस्तो उपमा दिइएको छ ।

यस सङ्ग्रहमा प्रतीकको पनि प्रयोग गरिएको छ । केही उदाहरणहरू :

जिन्दगीको धेरै रात सडकमै बित्न थाले

एकैक्षण साथ गर्न कसैको या भर छैन ।

- गजल १२, दोस्रो सेर ।

यस सेरमा प्रतीकको प्रयोग भएको छ । 'सडक' मा जिन्दगीको धेरै रात बित्न थालेको भनिएको छ । त्यसो भएकाले 'सडक' अभाव र गरिबीको प्रतीक बनेर आएको छ । यो 'सडक' अभाव र गरिबीको प्रतीक हो र यो नेपाली साहित्यमा प्रयोग हुँदै आएको प्रचलित प्रतीक हो । गजलकारले यही प्रचलित प्रतीकको प्रयोग गरेका छन् :

जिन्दगीको मृगतृष्णा पूरा कहिल्यै नहुने भो

छाक टार्नै रातोदिन भवसागर तर्नु पर्छ ।

- गजल ७२, तेस्रो सेर ।

यस सेरमा पनि 'भवसागर' कठिनाइको प्रतीक बनेर आएको छ ।

### ञ) भाषा

भाषा पनि गजलको एक संरचनात्मक तत्त्व हो । गजल भाषाकै माध्यमबाट बाहिर आउँछ । भाषा जति लयात्मक र कलात्मक भयो, गजल त्यति नै सुन्दर बन्छ । गजल गेय विधा हो । यसलाई त झन् लयात्मक भाषा चाहिन्छ । भाषा लयात्मक भएन भने गजल श्रुतिमधुर बन्दैन । भाषा विशिष्ट बनेन भने गजलका जुन रदिफ, काफिया, सेर, विषयवस्तु, कल्पना, सङ्गीत, बिम्ब, अलङ्कार, प्रतीक आदि संरचनात्मक तत्त्वहरू छन् ती फिका बन्छन् । त्यसो भएकाले गजलका लयात्मक र कलात्मक भावको जरुरत पर्दछ । चाँदनीका व्यथा गजल सङ्ग्रहमा प्रयोग भएको भाषालाई निम्नलिखित उदाहरणले प्रस्ट पार्छन् :

वसन्तमा उमेरको पालुवाले झुलेपछि

जवानीमा मनैभरि चोखो माया फुले पछि ।

- गजल ६९, पहिलो सेर ।

यस सेरमा विशिष्ट भाषाको प्रयोग भएको छ । जवानीमा चोखो माया मनमा फुल्छ भनिएको छ । मानक भाषामा चोखो माया फुल्छ भन्ने कुराले व्यक्तिका स्वभाव एवं गुणप्रति मनमा उत्पन्न हुने आकर्षण भन्ने बुझिन्छ । माया मनमा फुल्दैन तर मनमा माया फुल्ने कुरा विशिष्ट भाषाको कुरो हो । साहित्यमा यस्तै विशिष्ट भाषाको प्रयोग हुन्छ । भाषाको यही प्रयोगले यस सेरलाई सुन्दर बनाएको छ ।

यसका साथै एउटा गजल स्थानीय तथा लोकभाषाको प्रयोग भएको छ । यस बाहेक केही गजलहरू सपाट प्रकारका छन् । तिनमा आलङ्कारिक वा विशिष्ट भाषा पाइन्न । एउटा उदाहरण यस्तो छ :

राहतको कार्यक्रम मनपरि चल्या देखें

नेताजीको एकलौटी ठूलो बोल्बाला देखें ।

- गजल ५८, पहिलो सेर ।

यस प्रकारको सपाट भाषा र अभिव्यक्तिको प्रयोग यस गजल सङ्ग्रहमा भएको पाइन्छ ।

### ४.१.२.३ सारांश

गजलकार लक्ष्मीदत्त भट्टको दोस्रो कृति **चाँदनीको व्यथा** गजल सङ्ग्रह हो र यसलाई गजलका संरचनात्मक तत्त्वहरूका आधारमा अध्ययन गरिएको छ । **चाँदनीको व्यथा** गजल सङ्ग्रहले महाकाली पारिका दुई नेपाली बस्ती चाँदनी र दोधारामध्ये चाँदनी वस्तीको कथाव्यथा गजलमा उतारेका छन् । चाँदनीका धेरै सामाजिक, राजनैतिक र सांस्कृतिक समस्याहरू भएको र भारतसँग जोडिएको सीमाको बस्ती भएकाले सार्वभौमिकताका दृष्टिले पनि चाँदनी दुख्ने गरेको र चाँदनी दुख्दा नेपालका सत्तासीनहरूलाई नदुखेको उनीहरू शक्तिकेन्द्रकै दास बनेको, व्यक्तिवादी, स्वार्थी र अवसरवादी प्रवृत्ति हावी भएको र समाजमा विकृति विसङ्गति बढेको कुरालाई गजलकार लक्ष्मीदत्त भट्टले सुन्दर भाषाशैलीमा गजलमा

उतारेका छन् । गजललाई प्रणय सम्बन्धी विषवस्तुका साथै देशभक्ति, मानवता, निम्न वर्गप्रति सहानुभूति र सामाजिक विकृति विसङ्गतिदेखि लिएर विद्रोही भावना र क्रान्ति चेतनासम्मका विविध विषयवस्तु यस कृतिमा समेटिएका छन् ।

विविध विषयवस्तु र त्यसको प्रस्तुतिमा मात्र नभई भावको प्रवाह र भाषाको प्रयोगका दृष्टिले पनि **चाँदनीको व्यथा** गजल सङ्ग्रह पठनीय कृति बनेको छ ।

## ४.२ आमाको स्मृति शोककाव्यको अध्ययन

कवि एवं गजलकार लक्ष्मीदत्त भट्टका प्रकाशित चारवटा पुस्तकाकार कृतिहरूमध्ये **आमाको स्मृति** तेस्रो कृति हो । विधागत दृष्टिले यो कविता कृति हो र कविता विधाको उपविधाका रूपमा रहेको शोककाव्य (खण्डकाव्य) हो ।

### ४.२.१ कृति संरचना

यो शोककाव्य १४५ (१२१+२४) पृष्ठको आयाममा १८ वटा उपशीर्षकहरूमा संरचित छ । शोककाव्य एक प्रकारको खण्डकाव्य हो । खण्डकाव्य भनेको प्रबन्ध काव्य हो । प्रबन्ध काव्यमा कथावस्तु विभिन्न खण्डमा प्रस्तुत भएको हुन्छ । खण्डकाव्य र महाकाव्यहरूमा खण्डलाई 'सर्ग' पनि भनिन्छ । खण्डकाव्यका पनि कतिपय गुणहरू महाकाव्यका जस्तै हुन्छन् । महाकाव्यमा सर्गबद्धता सर्गान्तमा छन्दान्तरण, महत्त्वपूर्ण विषयवस्तु, वीर, धीर र उच्च कुलका नायक आदिको व्यवस्था गरिएको हुन्छ । आजका खण्डकाव्य र महाकाव्यमा यी कतिपय कुराको अभाव भए पनि कथावस्तुलाई भने अनिवार्य जस्तै मानिन्छ । त्यसो भएकाले खण्डकाव्यका कतिपय गुणहरू महाकाव्यसित मिल्दाजुल्दा हुन्छन् । यस शोककाव्य **आमाको स्मृति**मा पनि खण्डको रूपमा २८ वटा उपशीर्षकहरू रहेका छन् । यिनलाई 'सर्ग' भन्दा पनि हुने नै देखिन्छ । यस शोककाव्यमा एउटा डोटेली कविता (लोकछन्द) सहित ९ वटा छन्दहरूको प्रयोग भएको छ । शार्दूलविक्रीडित छन्द प्रयोग भएका १४ वटा सर्गहरू छन् । यसै गरी शिखरिणी छन्दका तिनवटा सर्ग, कुसुमविचित्रका दुई सर्ग, इन्द्रवज्राको एउटा सर्ग, मन्दक्रान्ताको एउटा, यसै गरी भुजङ्गप्रयात, द्रुतविलम्बित, तोटक, इन्द्रवज्रा र वसन्ततिलका छन्दका एकएकवटा सर्गको प्रयोग गरिएको छ । यसरी ९ वटा छन्द र एउटा लोकछन्दका २८ वटा सर्ग भएको यस शोककाव्यमा ३९८ वटा चतुष्पदी श्लोकहरू रहेका छन् । यसमा प्रकाशकीय लगायत केशव

प्रसाद आमोदीको भूमिका र डा. माधवप्रसाद पोखरेल, चक्रपाणि अधिकारी, आत्माराम ओझा, वीरबहादुर चन्द 'विश्राम' का शुभकामनाहरू रहेका छन् ।

कवि लक्ष्मीदत्त भट्टको शोककाव्य **आमाको स्मृतिमा**मा मूल रूपमा भट्टकी ममतामयी आमा (स्व. रत्नादेवी भट्ट) कै स्मृति विषयवस्तुको रूपमा रहेको छ । यसबाहेक वृद्धाश्रम, जन्मभूमि, डोटेली गाथा, पुर्खाहरू, अध्यात्म दर्शन, मातृगाथा आदि थप विषयवस्तु पनि यसभित्र रहेका छन् । आमाको सम्झना-१, २, ३ मा आफ्नी ममतामयी माताको केही सम्झना भए पनि मूल रूपमा यस शोककाव्यद्वारा शोक, वियोग, वियोगको पीडा, जन्मभूमिको माया, पुर्खाप्रतिको श्रद्धा, वृद्धवृद्धाप्रतिको सम्मान भाव र वेदान्त दर्शनका केही दार्शनिक मतहरूलाई पनि सामान्यीकृत रूपमा प्रस्तुत गरिएको छ ।

## ४.२.२ तत्त्वका आधारमा 'आमाको स्मृति' शोककाव्य

शोककाव्यका तत्त्वहरू भनेका खण्डकाव्यका संरचनात्मक तत्त्वहरू नै हुन् । यी तत्त्वहरूमा कथावस्तु, विषयवस्तु, पात्र, परिवेश, केन्द्रीय कथ्य, भावविधान, लयविधान, बिम्ब, प्रतीक एवं अलङ्कार विधान र भाषाशैली पर्दछन् । यिनै तत्त्वहरूका आधारमा **आमाको स्मृति** शोककाव्यको यहाँ क्रमशः अध्ययन गरिएको छ ।

### ४.२.२.१ कथावस्तु

कथावस्तु शोककाव्यको महत्त्वपूर्ण तत्त्व हो । शोककाव्य कुनै प्रियजनको वियोग पीडाको अभिव्यक्ति भएकाले यसमा प्रियजनका गुण, कीर्तिहरू, योगदानहरूको स्मरण गरिएको हुन्छ । प्रियजनसँग बिताएको विगतको सम्झना हुन्छ । प्रियजनका दुःखद र सुखद दिनहरू, उनको बाल्यकाल यौवनकाल, प्रौढकाल र वृद्धकालका साथै मृत्युको कारण, रोग र त्यसको आरम्भ वा कुनै आकस्मिक घटनाहरू एकपछि अर्को ऐना जस्तै स्मृतिपटलमा आउँछन् । यसरी प्रियजनसँगको भेट, सहयात्रा र वियोग आदि घटना र क्रियाकलापहरू कालक्रमिक रूपमा स्मृतिपटलमा छाएका हुन्छन् । त्यसो हुँदा त्यसको अभिव्यक्ति पनि आख्यानात्मक हुने हुन्छ । यसरी शोककाव्यमा कथावस्तु अनिवार्य रूपमा प्रस्तुत भएको हुन्छ ।

**आमाको स्मृति** शोककाव्यमा भने कथावस्तु झिनो रूपमा प्रयोग भएको छ । आमाको सम्झना-१ मा आमाको ममता, प्रेममय काख र मधुरवचन, खोजेर कतै पनि नपाइने बताउँदै आमा जीवित हुँदा यी सबै कुरा सहज रूपमा प्राप्त भएको कुरा उल्लेख छ । आमा नहुँदा दसैंमा कसको हातबाट टीका लगाउने भन्ने प्रश्न खडा भएको उल्लेख छ । यसमा आमाको मृत्यु 'भाद्र २९' गते भएको उल्लेख छ । साल नकिटिएको भए पनि २०६९ साल असोजअघि नै आमाको निधन भएको देखिन्छ । यसअघि आमाले आफूलाई अर्ती उपदेश दिएको, दसैंमा टीका लगाइदिएको, मृत्युपछि घाट लैजान शव सिँगारिएको कुरो यस श्लोकमा उल्लेख गरिएको छ । साथै आमाको मृत्युपछि बाबा एक्लिनु भएको कुरा पनि व्यक्त गरिएको छ । केही उदाहरणलाई यहाँ प्रस्तुत गरिएको छ :

यौटै प्राण थियो र देह दुइटा आमा र बाबा पनि ।
खोस्यौ दैव यता पिता छन् सधैँ रोई बसेका अनि ।

- ३० औँ श्लोक, आमाको सम्झना-३, पृ. १८

भाद्रैको महिना सदा विरहको उन्तीस गतेतिर ।
छोड्यो कर्मथलो नभोगी सहजै मृत्यु भयो आखिर ।

- ११ औँ श्लोक, आमाको सम्झना-१, पृ. ६

**आमाको स्मृति**मा कथावस्तुमा आमाको नाम स्व. रत्नादेवी भट्ट (समर्पणमा) बाहेक अरू उहाँको मृत्यु भएको साल, मृत्युको कारण, आमा-बाबाको दाम्पत्य जीवन, आमाको जन्म, जन्मस्थल, उहाँका बाबा-आमा, उहाँको कार्यशैली, कर्मभोग, बालबच्चाप्रतिको माया ममता, बालबच्चा हुर्काउने, बढाउने, पढाउने बेलामा उनले गरेका दुःख, योगदान, बोली बचन, मुखमुद्रा, आभूषण, विचारहरू, श्रीमान्प्रतिको व्यवहार इत्यादि कुराहरू यस शोककाव्यमा कथावस्तुमा हुनुपर्ने भए पनि यी सबै कुराहरू यस कृतिमा उल्लेख भएका छैनन् । यस शोककाव्यका कथावस्तुको रूपमा आंशिक कथावस्तु मात्र छ । शोककाव्यको ठूलो भाग सामान्य दार्शनिक कुराहरू र मनोगत कुराहरूको प्रस्तुतिमै सीमित छ । यस शोककाव्यलाई शोककाव्य नभनेर, आमाप्रति समर्पित कविता सङ्ग्रह भन्दा पनि हुने देखिन्छ तर आवरणमा भएको आमाको रङ्गीन फोटो र पुस्तकको शीर्षकमा रहेको 'शोककाव्य' ले भने यसलाई शोककाव्य नै भन्नुपर्ने देखिन्छ ।

आमाप्रति श्रद्धाशील भएर लेखिएका कविताहरूभन्दा धेरै दर्शनसित सम्बन्धित कविताहरूले नै यसको आधाभन्दा बढी भाग ओगटेको देखिन्छ । तिनमा आमाको स्मृतिसित

सम्बन्धित कुनै आख्यान पाइँदैन । मृत्यु, मातृभूमि, पुर्खा, वृद्धवृद्धाप्रतिका भावुक तर सामान्यीकृत दार्शनिक अभिव्यक्ति बाहेक शोककाव्य सुहाउँदो कथावस्तु यसमा देखिन्न ।

## ४.२.२.२ विषयवस्तु

शोककाव्यका तत्त्वहरूमा विषयवस्तु पनि एक हो । यसबारे छुट्टै पनि व्याख्या भइसकेको छ तर **आमाको स्मृति**भित्र के कस्ता विषयवस्तुहरू छन् भन्ने कुरा प्रस्तुत गरिएको छैन । यस शोककाव्यको मूल विषयवस्तु आमाको स्मृति भए पनि अरू विविध विषयवस्तु यससित जोडिएर आएका छन् । तिनलाई छुट्टाछुट्टै चर्चा गर्न सकिन्छ ।

### क) आमाको स्मृति

यो शोककाव्य **आमाको स्मृति**मा तयार भएको कृति हो । यसका प्रायः श्लोकहरू आमाको स्मृतिसितै सम्बन्धित छन् । यसभित्र रहेका २८ वटा सर्ग (खण्ड) हरूमा पहिलो *मेरो विनय* शीर्षकको छ । शक्ति र सिद्धि दिनका लागि मातृशक्तिसित पुकार गरिएको छ । यसै गरी आमाको सम्झना-१, २ र ३ मा आमाको स्मृति यसरी गरिएको छ :

आमाको ममता सधैँ समिपता मैले नपाए बरु ।
छाया देख्न म पाउँ यो समयमा चाहिन्न केही अरू ।

- **आमाको सम्झना-३**, २२ औं श्लोकको पहिलो पाउ ।

के आयो कुन खै यता रिपु सरी आमा छुटाई लग्यो
सारा यी सपना टुटे जनमका, दुर्भाग्य मेरो भयो ॥

- **आमाको सम्झना-१**, दोस्रो श्लोकको पहिलो पाउ ।

यसरी आफ्नी ममतामयी आमाको वियोगमा कवि तड्पिएका छन् । कुन शत्रुले आमालाई लग्यो, जसले गर्दा आफ्नो सारा सपना टुटे भन्दै आमासितको वियोगले आफ्नो दुर्भाग्य आएको ठानेका छन् । यसरी नै अर्को श्लोकमा आमाप्रतिको आफ्नो श्रद्धालाई उनले यसरी व्यक्त गरेका छन् :

म आमा सधैँ त्यो काखै म पाऊँ ।
म गीतै बनाई मनैले म गाऊँ ॥

सधैँझैँ म लाली म गीतै सुनेरै ।

बसौँ काख आमा म छोरा बनेरै ॥

- काखै म पाउँ जननी, पहिलो श्लोक, पृ. ९९ ।

भुजङ्गप्रयात छन्दमा लेखिएको यो कविता कविका यस काव्यभित्रका सुन्दर कवितामध्येको एक हो । यस भावपूर्ण कविताले कविको कवित्व क्षमतालाई पनि प्रस्तुत गरेको छ । यसै कविताको छैटौँ श्लोकमा पनि कविको यस्तै भावपूर्ण अभिव्यक्ति रहेको देखिन्छ :

निराशा बढेमा भने आज आमा ।

म रोऊँ त कस्का अगाडि आमा ॥ (छैटौ श्लोक, पृ. ९९)

आमाको वियोगको पीडाको अभिव्यक्ति कविले विभिन्न कविताहरू वा सर्गहरूमा गरेका छन् । मुख्य गरी **आमाको सम्झना-१, २, ३** लगायत *त्यो कोमलै काखको* शीर्षकको सर्गमा पनि आमाको सम्झना व्यक्तिएको छ :

माया त्यो जननी सदा मनमहाँ उत्सर्गका भावको

आमा त्यो शशिको सधैँ गगनझैँ त्यो कोमलै काखको ।

- त्यो कोमलै काखको, पहिलो श्लोकको पहिलो पाउ ।

यसै गरी *बिन्ति छ आमा* मा पनि आमाकै स्मृति यसरी मुखरित भएको छ ।

हिर्काऊ मनमाथि आज जननी लौरो समातीकन ।

मायाको सब मार विर्सन सके निर्दोष भो जीवन ॥

- विन्ति छ आमा, पहिलो श्लोकको पहिलो पाउ ।

यसै गरी आफ्नी ममतामयी माता हुँदा घर उज्यालो थियो र आज आमाको अभावमा घर अँध्यारो भएको र यस्ती आमालाई कसले उडायो होला भनेर आश्चर्य मानी आमाको स्मृतिलाई कविले ताजा बनाएका छन् । कवि अझै अगाडि भन्छन् :

छोरा चार थिए पनातिसँगमा सौभाग्यका साथमा

छोरी तीन थिए जवाइसँगमा शोभा थियो गाथमा ॥

कस्तो हाल भयो सुरम्य घरको के हाल देख्नु पऱ्यो ।

ऐले कागजमा दुखी कलमले यो गीत लेख्नु पऱ्यो । (तेस्रो श्लोक, पृ. ३८)

कविले आमाका छोराहरूमा आफूहरू चार भाइ र छोरी तिन बहिनी भएको उल्लेख गरेका छन् । पहिले उनको घरको हालत राम्रो भएको र अहिले घरको हालत बिग्रिएको कुरा पनि उल्लेख गरिएको छ ।

यस्तै *मातृ आराधना* शीर्षकको सर्गमा पनि आमाको अभाव खट्किएको कुरा यसरी उल्लेख गरिएको छ :

फाटेको मनमाथि आज जननी, माया म पाउँ यहाँ ।
छोराको मनको मनस्थिति बुझी आशीष पाउँ यहाँ ॥
तिम्रो शक्ति अदृश्य सूक्ष्म गतिको मिल्दैन किन्दा महाँ ।
मामै माग्छु भने न तिर्न सकिने, खोजेर खाऊ कहाँ ॥

- मातृ आराधना, ११ औँ श्लोक पृ. ८६ ।

यस्तै अर्को शीर्षक *मातृ देवो भवः* मा पनि आमाको महिमा गाइएको छ :

जस्तै कष्ट परे पनी जगत्मा सन्तानका खातिर ।
हाम्रा सङ्कटमा सहायक हुने माता तिमी आखिर ॥

- छैटौँ श्लोक, पहिलो पाउ, पृ. ८८ ।

विद्या बुद्धि दिने विराज मनमा माता त पैलो गुरु ।
लोली गीत सदा छ काख जसको भाषा र बोली सुरु ॥

- आठौँ श्लोक, पहिलो पाउ, पृ. ८८ ।

यसरी आफ्नी ममतामयी माताको गुण बखान गर्ने क्रममा समस्त आमाहरूको ( जननी वर्गको) गरिमामय महिमा गाइएको छ ।

### ख) वृद्धाश्रमप्रतिको अभिव्यक्ति

आफ्नी ममतामयी आमाको वियोगमा कविले यस शोककाव्यमा वियोग व्यथा प्रस्तुत गरेका छन् । यसका साथै उनले वृद्धाश्रममा बसिरहेका जननीहरूप्रति पनि श्रद्धाभाव व्यक्त गरेका छन् । *वृद्धाश्रममा बस्ने ती वृद्धा जननीहरूमा यो कविता समर्पण* भन्ने शीर्षकमा कविले ३२ श्लोकहरू रचेका छन् । कविताको दृष्टिले लामै खालको कविता र शोककाव्यको सर्गका हिसाबले २८ सर्गमध्ये एक रहेको यस सर्गमा कविले मूल विषयसित सम्बन्धित गरी सामान्यीकृत रूपमा सबै आमाहरूको

व्यथा लेखेका छन् । किनभने उनकी आमा वृद्धाश्रममा बसेको कतै उल्लेख छैन तर अरू आमाहरू जो वृद्धाश्रममा बस्छन्, उनीहरूप्रति यो कविता समर्पित गरिएको छ :

दियो जन्मै जस्ले झलझल भयो जीवन यहाँ ।
पठायो वृद्धा त्यो सकल घरको पालक उहाँ ॥
ति वृद्धाको सारा जनम सपना यो तुहिन गो ।
सधैँ हाँस्ने आमा नयन रज सारा चुहिन गयो ॥

- २३ औँ श्लोक, पृ. ३२ ।

जसले जन्म दियो जसले घरलाई पालना गऱ्यो, उसैलाई वृद्धाश्रम पठाइयो । ती वृद्धाको जीवनका सबै सपना टुटे र सधैँ हाँसिरहने आमाको आँखाबाट रगतको धारा चुह्यो भनिएको छ । कविता एकदमै करुण छ । वृद्धाहरूप्रति कवि अत्यन्त संवेदनशील र करुण बनेका छन् ।

### ग) जन्मभूमि मातृभक्तिको अभिव्यक्ति

*हे जन्मभूमि माता* शीर्षकको कवितामा आमालाई जन्मभूमि मानिएको छ । आमालाई जन्मभूमितुल्य मानेर देशप्रेमको भाव यसरी जगाएको छ :

यस कलिको मा नगर विषाद ।
सब नरनारी हुन एक जातै ॥
विषमहरूमा तन मन पारे ।
सब जन सारा सत धन हारे ॥

- हे जन्मभूमि माता, दोस्रो श्लोक, पृ. ७७ ।

कलिकालमा आमालाई कुनै विषाद नगर्न भनिएको छ र सबै नरनारी एउटै जात भएको कुरा उल्लेख छ । तलमाथि हुन्छन्, यसमा मन दिन हुन्न, दिइयो भने सत्यरूपी धन हरिन्छ भनिएको छ ।

### घ) पुर्खाप्रतिको समर्पण

यस **आमाको स्मृतिमा** शोककाव्यमा आमासँगको वियोग व्यथा शोक भाव प्रस्तुत हुनु पर्नेमा विषयभन्दा थोरै पृथक् पुर्खाहरूको सम्झना पनि गरिएको

छ । हुन त कविकी आमा पनि उनकी पुर्खा नै हुन् तर यस शोककाव्यको प्रसङ्गमा भने पुर्खाको सम्झना सामान्यीकृत रूपमा प्रस्तुत हुन आएको छ । पुर्खाहरूको स्मरणलाई यस शोककाव्यमा यसरी उल्लेख गरिएको छ :

पुर्खाहरू हुन इतिहास पात्र ।
छोडेर आफ्नो हितलाई मात्र ॥
यै धर्तीका लागि दिएर प्राण ।
बाँडेर यो सत्कथा दिएर ज्ञान ॥

- ती पुर्खाहरू, श्लोक २, पृ. ६७ ।

**ङ) उपदेशात्मक अभिव्यक्ति**

*सब गर राम्रो* शीर्षकको यस कवितामा नराम्रो कार्य नगर राम्रा गर भन्ने उपदेश रहेको छ :

सब जन आजै सब गर राम्रो ।
किन खति गर्छौ अवनति तिम्रो ॥
जनम र दाताप्रति किन दागा
मनभरि रीसै दुःख भरिएका ॥

- सब गर राम्रो, प्रथम श्लोक, पृ. ६५ ।

**च) आध्यात्मिक चेतनाको अभिव्यक्ति**

*आत्मज्ञान नै सुख हो* शीर्षकको यस सर्गमा १७ श्लोकहरू रहेका छन् र यसमा भौतिक जगत् नाशवान छ, आत्मा अविनाशी छ र त्यही आत्मामा नै सुख शान्ति हुन्छ । त्यसो भएकाले आत्मा चिन्नु पर्दछ । आत्मज्ञान हुनुपर्दछ । यसले मानिसलाई सत्मार्गमा लगाउँछ भन्ने भाव यसरी व्यक्त गरिएको छ :

आत्माभित्र छ तत्त्व शान्ति सुखको खोज्ने छ जस्ले यहाँ ।
यौटै तेज छ भानुको गगनमा संसार हेर्ने यहाँ ॥
प्राणैभित्र छ आत्मज्ञान सबको भण्डार भेटाउने ।
यौटै तेज छ ज्ञान यो मनुजको सन्मार्ग देखाउने ॥

- आत्मज्ञान नै सुख हो, तेस्रो श्लोक, पृ. ७३ ।

यसरी यस **आमाको स्मृति** शोककाव्यले आमाप्रतिको अटुट याद, वृद्धाश्रम, हाम्रा पुर्खाहरू, अध्यात्म, नीति, उपदेश लगायतका विभिन्न विषयवस्तुको उठान गरेको छ ।

### ४.२.२.४ पात्र

कवि लक्ष्मीदत्त भट्टको उपनाम 'सत्यप्रेमी' रहेको देखिन्छ । **आमाको स्मृतिमा** शोककाव्य कविकी ममतामयी आमाको शोकमा उब्जिएका भावहरूको सङ्ग्रह भएकाले यसमा मुख्य पात्र कविकी आमा नै हुन् । त्यसो भएकाले आमाकै वरिपरि रहेर काव्य रचिएको छ र आमाका आफन्तहरू स्वयं कवि र कविका आफन्त, कविका बा, छरछिमेकका आफन्त र छिमेकीहरू यसका पात्रहरू हुन् । व्यक्ति मात्र यति नभए पनि, आमा वा जननी, पुर्खा, वृद्ध माताहरू, जन्मभूमि नेपाल आमा, कविको जन्मभूमि, आमा आदि समूह बुझाउने अमूर्त र अव्यक्ति-पात्र वा चरित्रहरू यस काव्यमा रहेका छन् । आमाप्रति श्रद्धा, वियोगको पीडा वा शोक अभिव्यक्त गर्ने एकावली साहित्य वर्णन पनि रहेको छ ।

### ४.२.२.५ परिवेश

शोककाव्यका तत्त्वहरूमा परिवेश चित्रण पनि एक हो । परिवेश भन्नाले शोककाव्यमा प्रस्तुत काल, स्थान, वातावरण आदिलाई बुझिन्छ । साथै जाति, धर्म, दर्शन, संस्कृति आदिबाट पनि परिवेशीय कुराहरूलाई बुझ्न सकिन्छ । जस्तो यस काव्यमा कविकी ममतामयी आमा भदौ २९ गते बित्नुभएको समय परिवेश छ । भदौ महिनाले वर्षा र गर्मी सकिन लागेको एक प्रकारको सन्धिकाललाई जनाउँछ । कविले आमासितको वियोगको व्यथाको अभिव्यक्ति गर्ने क्रममा आमाको वियोगमा रुँदारुँदै आँखामा आँसु नै सुकेको, आमाको ममता टुटेको, ममतामयी वचन टुटेको र आमाको प्यारो काख टुटेको कुरा व्यक्त गरेका छन् । दहीमा मुछेर टीका लगाई दिने हिन्दू सांस्कृतिक परिवेशको वर्णन-चित्रण यसरी गरिएको छ :

मूछेरै दहिमा लगाइ नि टिका कोरिन्छ त्यो आशिष ।
आयो फर्कि दशैं टिका र जमरा लाऊँ म खै को सित ॥

- आमाको सम्झना-१, पहिलो श्लोक, दोस्रो पाउ, पृ. ४ ।

स्थान विशेषको चित्रणमा 'धरणि' भनेर पृथ्वीको स्थान यसरी उल्लेख गरिएको छ :

मृत्यु हुन्छ भने अहो धरणिमा बालै नजन्मे हुने ।
सारा मातृ मिलेर जीव घरमा बालै नपाए हुने ॥

- त्यो बालैपन-सातौँ श्लोकको दोस्रो पाउ, पृ. ७२ ।

यसरी नै कलिकालको सन्दर्भ पनि प्रस्तुत भएको छ :

यस कलिको नगर विषौदै ।
सब नरनारी हुन एक जातै ॥

- हे जन्मभूमि माता, दोस्रो श्लोक, पहिलो पङ्क्ति, पृ. ७७ ।

यसमा 'कलि' कालको समय परिवेश र नरनारी एक जातै हुन् भनी आजको सबै जात एकै भएको समानतामा आधारित मानवीय सामाजिक परिवेशको पनि चित्रण गरिएको छ । त्यस्तै 'आत्मा', 'आत्मज्ञान', 'सत्मार्ग', 'जीवन मुक्ति' जस्ता शब्दावलीहरूको प्रयोग, वेदान्त दर्शन र धार्मिक परिवेशको चित्रण यसरी गरिएको छ :

आत्मामै सुख शान्ति हुन्छ नजिकै चैतन्य चिन्छौ भने ।
पाउनेछौ सब चिज आत्म सुख यो आत्म खोल्छौ भने ॥

- आत्मज्ञान नै सुख हो, दोस्रो श्लोक, दोस्रो पाउ, पृ. ७३ ।

यसरी कलिकाल, 'घरणि', 'घर', 'आत्मसुख', 'नरनारी एकै जाति' जस्ता समय, स्थान, समाज, वातावरण, धार्मिक परिवेश आदि परिवेशीय कुराहरूको चित्रण यस शोककाव्यमा पाइन्छ । तर आमाको जन्ममिति, मृत्युको साल, जन्मठाउँ र समाज परिवेशको स्पष्ट उल्लेख भएको भने पाइँदैन ।

### ४.२.२.६ केन्द्रीय कथ्य

केन्द्रीय कथ्य पनि शोक काव्यको एउटा तत्त्व हो । काव्यमा मुख्य वा केन्द्रीय कथ्यले ठूलो महत्त्व राख्दछ । यस शोककाव्यमा केन्द्रीय कथ्यको रूपमा मातृशक्तिको महिमालाई वियोग वेदनाको गायन गरिएको छ । आमाहरूलाई महान् र यो संसार चलाउने आधार हुन् भन्ने कुरालाई यसरी प्रकट गरिएको छ :

माता रूप शिला वनस्पति लता यो देह की सौरभ ।
जन्मैभूमि र सत्य जन्म ममता सन्तान की गौरव ॥

जन्माई तन यो शरीर जगमा पालेर संसारमा ।

यो संसार चलाउने हुन सबै आधार संसारमा ॥

- मातृदेवो भवः दोस्रो श्लोक, पृ. ८७ ।

यसरी कविले मातृपक्षको विशाल महिमा, गरिमा र महान्तालाई केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरेका छन् ।

## ४.२.२.७ भावविधान

भावविधान पनि शोककाव्यका तत्त्वहरूमध्येको एक हो । **आमाको स्मृतिमा** शोककाव्यमा भावविधानको कुशल प्रयोग गरिएको छ । यो शोककाव्य जुन अन्तर्वस्तुद्वारा निर्मित भएको छ, त्यस अन्तर्वस्तु वा विचारलाई यहाँ कलात्मक रूपमा प्रस्तुत गरिएको छ । यसरी विचार कलाको बुई चढेर आएमा त्यो 'भाव' ठहरिन्छ । कुनै पनि विचारका राम्रा नराम्रा, असल-खराब, सकरात्मक-नकरात्मक पक्षहरू हुन्छन् । तिनलाई भाव भङ्गीपूर्ण तरिकाले अभिव्यक्त गर्नु भाव हो । अर्थात् हृदयलाई प्रभावित पार्ने काव्य तत्त्व हार्दिकता पैदा गर्ने तत्त्व भाव हो (पोखरेल (नि.), २०५२ : १०१०) । **आमाको स्मृतिमा** शोककाव्यमा मानव हृदयलाई प्रभावित पार्ने अनेक भावहरू रहेका छन् । निराशा बढेको बेला आमा नभएपछि कोसँग रुने भन्ने पीडा काव्यमा यसरी प्रकट गरिएको छ :

निराशा बढेमा भने आज आमा ।

म रोऊँ त कस्का अगाडी त आमा ॥

- काखै म पाऊँ जननी, छैटौं श्लोक, दोस्रो पाउ, पृ. १०० ।

यसरी नै भावपूर्ण ढङ्गले आमालाई पुकार गरिएको र वियोगको वेदना जाहेर गरिएको अर्को श्लोक यस्तो छ :

उज्यालो घर यो थियो जनमको आजै अदीप्ती भयो ।

सारा तेल सकेर यो अभयको बल्दै गरेको दियो ॥

के भो खै कसरी बुझ्यो यति छिटै कस्ले बुझाइ दियो ।

साथैमा जननी सदा नजिकमै कस्ले उडाई लियो ॥

- के देख्नु मैले पऱ्यो, पहिलो श्लोक, पहिलो पाउ, पृ. ३८ ।

यस काव्यमा भावपूर्ण श्लोकहरू पनि रहेका छन् । केही श्लोकहरू कलात्मक र सपाट अभिव्यक्तिका पनि छन् । तर कविमा आफ्ना कुराहरूलाई आलङ्कारिक ढङ्गले राख्ने शिल्पकारिता पनि छ । त्यसो भएकाले शोककाव्यमा भावविधानको राम्ररी प्रयोग गरिएको छ ।

### ४.२.२.८ लयविधान

शोककाव्यका तत्त्वमध्ये लयविधान पनि एक हो । **आमाको स्मृतिमा** शोककाव्य पद्यमा रचिएको छ । यसको लयविधानलाई हेर्दा शार्दूलविक्रीडित, शिखरिणी, कुसुमविचित्रा, इन्द्रवज्रा, मान्दाक्रान्ता, वसन्ततिलका, इन्द्रवंशा, तोटक, द्रुतविलम्बित, भुजङ्गप्रयात आदि १० वटा संस्कृतका छन्दहरू र एउटा डोटेली लोकछन्दको प्रयोग भएको पाइन्छ । लयको उत्पत्ति प्रवाह, गति, यति आदिको परस्पर क्रमिक मेलबाट हुन्छ (लुइँटेल, २०६० : १३७) । **आमाको स्मृति**मा पनि यस्तो मेल भएको देखिन्छ ।

माता नै नभई म बाँचु कसरी यो रिक्त संसारमा ।
आमाको शुभ भाव औ पद बिना सुन्सान आवासमा ॥

- आमाको सम्झना-३, २७औँ श्लोक, पहिलो पाउ, पृ. १७ ।

यस पङ्क्तिमा शार्दूलविक्रीडित छन्दको प्रयोग भएको छ । यसमा भावको प्रवाह, मात्रात्मक गति र यति छ । आमासितको वियोगको पीडाले धाराप्रवाह अमिव्यक्ति पाएको छ । यस पङ्क्तिमा झैँ अरू श्लोकहरूमा पनि लयको यस्तै कुशल प्रयोग भएको छ, जस्तै :

व्यथा रहे गहभरी मन खिन्न पारी ।
आमा नपाई जगमा म दुखी निहारी ॥

- जननी गाथा, पहिलो श्लोक, दोस्रो पाउ, पृ. ८० ।

यो वसन्ततिलका छन्दमा मधुरताले भरिएको श्लोक हो । यसमा लयको सुन्दर प्रयोग गरिएको छ ।

### ४.२.२.९ बिम्ब, प्रतीक एवं अलङ्कार विधान

शोककाव्यका तत्त्वहरूमध्ये बिम्ब, प्रतीक एवं अलङ्कार विधान हुन् । यिनले कवितालाई कलात्मक तुल्याउँछन् । 'बिम्ब भनेको कुनै दृश्य चित्र वा वस्तुको वर्णन

गरिएको शब्दचित्र हो । व्यापक अर्थमा यसले साहित्यका उनै अंशको आलङ्कारिक भाषा तथा इन्द्रिय र अनुभूतिलाई आकर्षित तुल्याउने वस्तु र गुणलाई सङ्केत गर्ने सम्पूर्ण शब्दहरूलाई जनाउँछ ।' यस्तै 'प्रतीक भनेको सादृश्य वा साहचर्यद्वारा कुनै चिजको प्रतिनिधित्व गर्ने वस्तु हो । यसले प्रायः कुनै विचार वा गुणको प्रतिनिधित्व गर्दछ, जस्तै- सामान्यतया सेतोले निर्दोषिता, सिंहले साहसिकता तथा गुलाफले सुन्दरतालाई सङ्केत दिन्छ (लुइँटेल, २०६० : १२७) । अलङ्कार भनेको चाहिँ काव्यको चमत्कारपूर्ण वर्णन शैली हो ( पोखरेल (नि.) २०५८ : ८०) । यस काव्यमा पनि बिम्ब, प्रतीक र अलङ्कारको विभिन्न किसिमले प्रयोग भएको पाइन्छ ।

माता रूप शिला वनस्पति लता संसारकी सौरभ ।
यो जन्मैभुमि सत्य जन्म ममता मेरी त हुन् गौरव ॥

- विन्ति छ आमा, ११ औं श्लोक, पहिलो पाउ, पृ. ३७ ।

यस कविता पङ्क्तिमा आमालाई 'शिला' 'वनस्पति' 'लता' भनिएको छ । वास्तवमा 'शिला' कहिल्यै केही नहुने अमर तत्त्वको प्रतीक बनेर यहाँ प्रस्तुत भएको छ । यस्तै 'वनस्पति' चाहिँ सदा शीतलता दिने, प्राणवायु प्रदान गर्ने तत्त्वको प्रतीक बनेको छ र 'लता' चाहिँ कोमलता र फैलावटको प्रतीक बनेर प्रस्तुत भएको छ । 'शौरभ' यस्तो लेखिए पनि 'सौरभ' हो । यसको अर्थ सुगन्ध वा सुवास हो । यहाँ 'सौरभ' आमाको विशेषण बनेर आएको छ । आमालाई सुगन्धको बिम्बमा उभ्याइएको छ । साथै 'सौरभ' शब्द अलङ्कारिक शब्द पनि हो । यसलाई शब्द अलङ्कार भनिन्छ । यस कृतिका प्रयुक्त शब्दालङ्कारका उदाहरणमा पनि हेर्न सकिन्छ :

उज्यालो घर यो थियो जन्मको आजै अदीप्ती भयो ।
सारा तेल सकेर यो अभयको बल्दै गरेको दियो ॥

- के देख्नु मैले पऱ्यो, पहिलो श्लोक, पहिलो पाउ, पृ. ३८ ।

यस श्लोकको पहिलो पङ्क्तिमा आमा हुँदा घर उज्यालो थियो । आमा नभएपछि घर अँध्यारो भएको ठानिएको छ । यहाँ उज्यालो र अँध्यारो दुई विपरीत कुराहरूको मिलन भएको छ र यो विषम अलङ्कार बनेर प्रस्तुत भएको छ । दोस्रो पङ्क्तिमा 'अभयको दियालो' बालिरहेको थियो र त्यसमा 'तेल' सकियो भनिएको छ । आमालाई अभयको

दियोको उपमा र उहाँको मृत्युलाई तेल सकिएको बत्तीको उपमा दिएको छ । तसर्थ यो उपमा अलङ्कार हो । यसरी यो अलङ्कारहरूले शोक काव्यको सौन्दर्यलाई बढाएको छन् ।

### ४.२.२.१० भाषाशैली

भाषाशैली पनि शोककाव्यको एक तत्त्व हो । भाषा र शैलीलाई सुव्यवस्थित र क्रमबद्ध रूपमा राख्ने काम विन्यास हो (लुइटेल, २०६० : १०६) । भाषा विचार र भावनाहरूलाई प्रस्तुत गर्ने माध्यम हो । भाषाको पनि आफ्नो संरचना हुन्छ । भाषाको संरचनामा सर्वप्रथम शब्द व्यवस्था पर्दछ । यसमा व्याकरण र शब्दार्थ वा अर्थव्यवस्था पर्दछ । साथै ध्वनि व्यवस्था पनि यसैभित्र पर्दछ । यसमाथि काव्यको भाषा अरू लयात्मक, श्रुति मधुर, सूक्ष्म र पद्यात्मक हुन्छ । कविताको भाषा मानक भाषाभन्दा फरक हुन्छ । कविताको भाषा विशिष्ट हुन्छ । यसमा भाषिक विचलन पनि हुन्छ । भाषाका कलात्मकता, रागात्मकता, लयात्मकता जस्ता लक्षण हुन्छन् । कविताको भाषा अभिधात्मक, लाक्षणिक र व्यञ्जनात्मक हुन्छ । यसै गरी शैली भनेको अभिव्यक्तिको तरिका हो । भाषा माध्यम र शैली तरिका हो । शैलीमा कथ्य र अन्य पक्षहरूको सुसङ्गति, एकान्विति, वैचारिक शृङ्खलाको व्यवस्थापन, संरचनागत विविधता, गतिशीलता आदि कुराहरू रहेको हुन्छ ।

**आमाको स्मृतिमा** शोककाव्यको भाषा पद्यात्मक र लयात्मक छ । विभिन्न १० वटा छन्दहरूको बिम्ब, प्रतीक र अलङ्कारहरूको प्रयोग गरेर कविताको भाषालाई विशिष्ट तुल्याएको छ । भाषिक विचलनले काव्यात्मकतालाई बढाएको छ । एउटा उदाहरण यस्तो छ :

फाटेको मनमाथि आज जननी, माया म पाऊँ यहाँ ।
छोराको मनको मनस्थिति बुझी आशीष पाऊँ यहाँ ॥

- मातृ आराधना, ११ औं श्लोक, पहिलो पाउ ।

यी पङ्क्तिमा भाषाका दृष्टिले 'फाटेको मनमाथि' भनिएको छ । मन कपडा भए पो फाट्थ्यो । मानक भाषामा कपडा फाट्छ, दूध फाट्छ तर काव्यको भाषामा मन फाट्छ । यो भाषिक विचलन हो । अब यसमा शार्दूलविक्रीडित छन्दको प्रयोग भएको छ । यसमा कोमल र श्रुतिमधुर शब्दहरू यसमा परेका छन् । मन, जननी, माया यी कोमल शब्दहरू यसमा प्रस्तुत गरिएका छन् ।

जननी, आशीष जस्ता संस्कृत भाषाका शब्दहरूको पनि प्रयोग गरिएको छ । यसले भाषिक मिठास र लयात्मकता थपेको छ । एउटा डोटेली भाषाको कविता पनि राखिएको छ । यसले लोकभाषाको मिठास थपेको छ । कतै हिन्दी शब्दको पनि प्रयोग गरिएको छ । शब्दका वर्णविन्यासमा धेरै त्रुटि छन् ।

अब शैली विन्यास हेर्ने हो भने यसले लेखकको पहिचान खुलाएको छ । **आमाको स्मृतिमा** शीर्षकको शोककाव्य वास्तवमा शोककाव्य जस्तो लाग्दैन । यसमा कथावस्तु जमेको छैन । कविताका शीर्षकहरू छन्, तिनै शीर्षकलाई सर्ग मान्नुपर्ने अवस्था छ । आमाको जन्ममिति र मृत्युको साल पनि उल्लेख छैन । तर आमाप्रतिको भावुक वियोगात्मक अभिव्यक्तिहरू भने छन् । तसर्थ यो आफ्नै खालको शोककाव्य बनेको छ । यसको शैली आफ्नै प्रकारको छ । आमाको जीवनका विविध पक्ष, उनका गुणहरू, उनका योगदान, सन्तानप्रतिको उनको मायाममता आदिको वस्तुसङ्गत वर्णनभन्दा कविका निजी भावनाहरूको मनोगत वर्णन, मनोगत अभिव्यक्ति नै यस काव्यको शैली विन्यास हो । तार्किकता, आध्यात्मिकता, उपदेशात्मकता, आदर्शवादिता यस शोककाव्यका विशेषता हुन् । आमाको स्मृति नामको अनेक विषयान्तर र भावुक प्रस्तुति कविको आफ्नो शैली हो । कथावस्तुको एकान्विति, सुसङ्गति यसमा खट्किन्छ । विषयवस्तुको विविधता र भावुक अभिव्यक्तिहरूको आधिक्यता पनि यस काव्यका शैली विन्यासका कुराहरू हुन् । पुस्तकको शीर्षक र त्यसभित्रका विषयवस्तुको तादाम्यतामा पनि व्यवधान देखिन्छ । तर कविको अभिव्यक्ति कौशल भने ठाउँठाउँमा उब्जेको देखिन्छ :

निराशा बढेमा भने आज आमा ।
म रोऊँ त कस्का अगाडी त आमा ॥

- काखै म पाउँ जननी, छैटौं श्लोक, दोस्रो पाउ, पृ. १०० ।

यस्तो अभिव्यक्तिगत कौशल कविले ठाउँठाउँमा देखाएका छन् । समष्टिमा भन्नु पर्दा यस शोककाव्यमा भाषाशैलीको विन्यास राम्ररी भएको पाइन्छ ।

### ४.२.३ सारांश

कवि लक्ष्मीदत्त भट्ट 'सत्यप्रेमी' द्वारा लेखिएको शोककाव्य **आमाको स्मृतिमा** नवीनतम कृति हो । यसमा आमाको वियोगको पीडाको अभिव्यक्ति कविले कलात्मक रूपमा

गरेका छन् । शोककाव्य परम्परामा पनि नयाँ शैली थपिएको छ । उनले छन्दहरूको कुशल प्रयोग गरेका छन् । कविले भाषिक मिठास र अभिव्यक्ति कौशलको पनि राम्रै प्रदर्शन गरेका छन् । कथावस्तुको कमी भल्किए पनि विषयवस्तुको विविधता र भावुक अभिव्यक्तिले काव्यलाई रोचक बनाएको छ । सबभन्दा ठुलो कुरो नयाँ पुस्ताले आफ्नी ममतामयी आमाको वियोगमा यति गम्भीर कोटिको कृति सिर्जना गर्नु आफैमा प्रेरणादायी कुरो हो ।

यस शोककाव्यलाई यहाँ यसका तत्त्वहरूका आधारमा अध्ययन र मूल्याङ्कन गरिएको छ । कथावस्तु, विषयवस्तु, पात्र, परिवेश, केन्द्रीय कथ्य, भावविधान, लयविधान, बिम्ब, प्रतीक एवं अलङ्कार विधान र भाषाशैलीका आधारमा अध्ययन गरी यस **आमाको स्मृतिमा** शोककाव्यलाई सर्वाङ्ग रूपमा अध्ययन र मूल्याङ्कन गर्दा यो कृति पठनीय छ तर त्यति उत्कृष्ट बन्न भने सकेको छैन ।

## ४.३ बहर सागरको अध्ययन एवं विश्लेषण

**बहर सागर** कवि एवं गजलकार लक्ष्मीदत्त भट्टको चौथो कृति हो । यो शास्त्रीय बहरबद्ध गजल सङ्ग्रह हो । विधाका यो कविता विधाकै एक रूप हो । कतिले यसलाई कविताको उपविधा नभएर छुट्टै विधा पनि भनेका छन् । अरबीमा 'गजल' शब्दको अर्थ 'मृग' लगाएको देखिन्छ । तर प्रायः सबै विद्वान्हरूले 'गजल' शब्दको अर्थ चाहिँ 'प्रेमिकासँग प्रेमपूर्ण वार्तालाप' भनेको उल्लेख पाइन्छ (बराल, २०६८ : ७) । वास्तवमा गजल मोतीराम भट्टको समयमा नेपाली साहित्यमा भित्रिएको हो । यस शब्दको उत्पत्ति र अर्थ बारे धेरै विद्वान्हरूको फरकफरक मत छ । यसलाई कसैले अरबी र कसैले फारसी शब्द मानेका छन् ।

### ४.३.१ कृति परिचय

**बहर सागर** शास्त्रीय बहरबद्ध गजल सङ्ग्रह हो । गजलकार लक्ष्मीदत्त भट्ट 'सत्यप्रेमी' को चौथो कृतिको रूपमा वि.सं. २०६९ मा यो प्रकाशित भएको हो । यसको प्रकाशक पल्लव साहित्य प्रतिष्ठान, चितवन हो । कविले आफ्नी धर्मपत्नी रञ्जना, छोरी पुनम, छोरा प्रदीप र चितवनका गजलकार गोर्खे साँइलोप्रति समर्पण गरेको यस कृतिको आवरण पृष्ठ रङ्गीन रहेको छ । १२२ पृष्ठको आयाममा फैलिएको यस कृतिभित्र ५/५

सेरका १२२ वटा गजलहरू समाविष्ट भएका छन् । यस दृष्टिले यस सङ्ग्रहमा ६१० वटा सेरहरू रहेका छन् । कृतिको नाम ‘बहर सागर’ रहेको छ र नाम अनुसार भित्र सबै गजलहरू बहरमा लेखिएका छन् । ‘बहर’ अरबी भाषाको शब्द हो । यसको अर्थ ‘छन्द’ हुन्छ (बराल, २०६८ : ८४) । यस सङ्ग्रहमा २७ वटा बहरहरूको प्रयोग भएको छ । प्रा.डा. महादेव अवस्थी, डा. राजकिशोर सक्सेना, वीरबहादुर चन्द ‘विश्राम’ र पञ्चमराज भट्टका शुभकामना र गोर्खे साइँलाको भूमिका रहेको यस सङ्ग्रहमा पल्लव साहित्य प्रतिष्ठान, चितवनका तर्फबाट हुँसैन खाँले प्रकाशकीय लेखेका छन् । गजलहरूका शीर्षक छैनन् तर गजल-१, गजल-२ गरेर गजल-१२२ सम्म दिइएको छ । प्रत्येक गजलको शिरमा त्यो गजल कुन बहरमा कुन कुन ‘अर्कन’हरू मिलेर बनेका छन् भनी त्यसको सूत्र पनि दिइएको छ । गजलका बहरहरू र संस्कृका छन्दहरूको परिचय पनि खुलाइएको छ । पहिलो गजलमा लेखिएको छ :

‘बहरे हजज मुसम्मन् मकबूज’

यसको सूत्र दिइएको छ :

‘मुफाइलुन + मुफाइलुन् + मुफाइलुन + मुफाइलुन’

मुफाइलुन एउटा ‘अर्कान’ हो । ‘अर्कान’ भनेको संस्कृत छन्दमा जुन लघु, गुरु हुन्छन् त्यस्तै लघु गुरुको क्रम हो । ‘मुफाइलुन’ एउटा ‘अर्कान’ हो । यसको लघुगुरुको क्रम यस्तो छ ।ऽ।ऽ (लघु गुरु लघु गुरु) । यस बहरलाई संस्कृतको पिङ्गल छन्द- पञ्चचामरसँग समतुल्य मानिएको छ ।

## ४.३.२ गजलका तत्त्वहरू

साहित्यका हरेक विधाका आ-आफ्ना तत्त्वहरू रहेझैँ गजलका पनि आफ्नै तत्त्वहरू रहेका छन् । यी तत्त्वहरूमा सेर, काफिया, रदिफ, तखल्लुस, भाव तथा विषयवस्तु, सङ्गीत, कल्पना, बिम्ब तथा प्रतीक र भाषा रहेका छन् । यिनै तत्त्वहरूका आधारमा लक्ष्मीदत्त भट्टको **बहर सागर** (बहरबद्ध गजल सङ्ग्रह) को अध्ययन र विश्लेषण गरिएको छ :

## ४.४.२.१ सेर

‘सेर’ गजलको एउटा तत्त्व हो । ‘सेर’ अरबी भाषाको शब्द हो । ‘सेर’ को अर्थ अरबीमा ‘कपाल’ र फारसीमा ‘सिंह’ लगाएको देखिन्छ । ‘सेर’ एउटै लय वा छन्दमा

बाँधिएका दुई पङ्क्तिको योगबाट बन्छ भनिन्छ (बराल, २०६८, १०) । यसलाई कतिपय विद्वान्हरूले 'द्विपदी' वा दुई पङ्क्तिको श्लोक पनि भनेका छन् । यी दुई पङ्क्तिमध्ये पहिलो पङ्क्तिमा समस्याको उठान हुन्छ र दोस्रो पङ्क्तिले भनाइलाई पूर्णता दिन्छ । 'सेर' गजलको मूल आधार हो । यसलाई अरबीमा 'बेत' (घर) भनिन्छ । सेरहरूकै शृङ्खलाबाट गजल बन्ने भएकाले यसलाई बेत भनिएको होला । गजलमा तिनदेखि माथि १३, १५ सम्मका सेरहरू हुने भए तापनि यस बहरबद्ध गजल सङ्ग्रहमा भने सबै गजलहरू ५ सेरका छन् । सेरहरू तिनवटा तत्त्वहरू अनुप्रासिकता, लयात्मकता र निश्चयात्मकताले बनेका हुन्छन् (आमोदी, २०६९:४) । **बहर सागर**मा १२२ वटा गजलहरू छन् । ती गजलहरू ५ वटा सेरहरूले बनेका हुँदा यस **बहर सागर**मा ६१० वटा सेरहरू रहेका छन् ।

यी सेरहरूमा अनुप्रासिकता, लयात्मकता र निश्चयात्मकता जस्ता तत्त्वहरूको उपस्थितिलाई प्रस्तुत उदाहरणमा हेर्न सकिन्छ :

रुन्छ मान्छे माम खोज्दै भेट्छ सादा बात मात्रै
हिँड्छ मान्छे काम दोज्दै भेट्छ सारा घात मात्रै ।

- गजल-११२, पहिलो सेर, पृ. ११२ ।

यस सेरमा बहरे रमल मुसम्मन सलिमको प्रयोग भएको उल्लेख छ । यो बहर ( छन्द) मा भएकाले लयात्मकता पनि छाएको छ । त्यस माथि 'माम', 'काम', 'बात', 'घात' जस्ता अनुप्रास मिलेका र 'मान्छे', 'भेट्छ', 'भेट्छ', 'सारा सारा' र 'मात्रै मात्रै' जस्ता शब्दहरूको पुनरावृत्तिले गर्दा यसमा अनुप्रासिकता सप्रेको र माम खोज्न हिँडेको मानिसले माम नपाएर कुरो मात्रै पाउने र काम खोज्न हिँडेको मानिसले काम नपाएर घात मात्र पाउने जुन कुराहरू कथ्यको रूपमा आएको छ । यस्तै गरी अन्य गजलहरूमा पनि सेरहरू राम्ररी प्रस्तुत भएको देखिन्छ :

उम्रेछ प्रेम पानी फुल्ने भयो जवानी
प्युँने बसेछ बाँनी झुल्ने भयो जवानी ।

- गजल २७, पहिलो सेर, पृ. २७ ।

शृङ्गारिक विषयवस्तु भएको यस सेरमा पनि 'पानी' 'बानी' 'फुल्ने' 'झुल्ने' जस्ता अनुप्रासयुक्त शब्दहरू रहेका छन् । यो पनि बहरबद्ध गजल हो र यो लयात्मक छ । प्रेम

उम्रेकाले जवानी फुल्ने भयो तर पिउने बानी भएकाले जवानी झुल्ने भयो भन्ने जस्ता विषयवस्तुको उठान र त्यसको समाधान यस सेरमा रहेको छ ।

यसप्रकार गजलकार लक्ष्मीदत्त भट्टको गजल सङ्ग्रह **बहर सागर**का गजलहरूको घरको रूपमा रहेका सेरहरू यसका तत्त्वहरूको आधारमा खरै उत्रिएका छन् । सबै सेरहरू उत्तिकै लयात्मक, अनुप्रासयुक्त र निश्चयात्मक नभए पनि मोटामोटी रूपमा यस कृतिका सेरहरू पठनीय नै छन् ।

## ४.३.२.२ काफिया

काफिया गजलको एक महत्त्वपूर्ण संरचनात्मक तत्त्व हो । यसलाई गजलरूपी शरीरको मुटुको रूपमा लिइन्छ (परिश्रमी, २०६४ : ३२) । 'काफिया'को अर्थ बारम्बार आउने भनिएको पाइन्छ । 'काफिया' सेरको अन्तिम शब्द अगाडि प्रयोग हुने अनुप्रासयुक्त शब्द हो । यो गजलको पहिलो सेरको दुबै पङ्क्तिमा र दोस्रो सेरदेखि दोस्रो दोस्रो पङ्क्तिमा अनुप्रासयुक्त शब्दको रूपमा प्रयोग हुन्छ । रदिफभन्दा अगाडि आउने एक वा एकभन्दा बढी शब्द नै अनुप्रास वा आंशिक अनुप्रास हो र यसलाई काफिया भनिन्छ यो नभई नहुने तत्त्व हो ।

गजलमा काफियाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । गजलरूपी शरीरको मुटुको रूपमा काफियाको स्थान रहन्छ । यति महत्त्वपूर्या गजलतत्त्वको **बहर सागर**मा कसरी प्रयोग भएको छ र यसले यस सङ्ग्रहको गजल सौन्दर्यलाई कसरी प्रस्तुत गरेको छ भनी हेर्न सकिन्छ :

म एउटा दियालो जलाएर आएँ
छ माया अनौठो पलाएर आएँ ।

- गजल ११९, पहिलो सेर, पृ. ११९ ।

यसमा 'जलाएर' र 'पलाएर' चार अक्षरको अनुप्रासयुक्त काफियाको प्रयोग भएको छ । यो सेरको दुबै पङ्क्तिमा अन्तिम शब्दको अगाडि जलाएर र पलाएर अनुप्रासयुक्त लयात्मक शब्दको रूपमा यो आएको छ । सेरको कथ्यलाई अर्थात् दियालो बालेर वा

उज्यालो लिएर प्रणय रसबाट वशीभूत भएर आएँ भन्ने शृङ्गारात्मक कथ्यलाई मन छुने ढङ्गले प्रस्तुत गर्न यस काफियाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

गजलकारले सबै गजलहरूमा काफियाको प्रयोग गरेका छन् तर प्रयुक्त सबै काफियाले गजललाई त्यतिकै सरस र जीवन्त बनाएका भने छैनन् । एकै प्रकारका काफियाहरूको प्रयोग भएको पनि छैन । फरक काफिया भएका गजल पनि यसमा रहेका छन् । केही उदाहरणहरू यस्ता छन् :

तिमीले मलाई दिवानी बनायौ

फसाएर ऐले विरानी बनायौ ।

- गजल ५९, पहिलो सेर, पृ. ५९ ।

यसमा 'दिवानी' र 'विरानी' काफियाको रूपमा आएका छन् तर यो 'दिवानी' र 'विरानी' शब्दहरू तिनतिन अक्षरका भए पनि दुबैमा समान ध्वनि 'नी' मात्र छ । 'दिवा' र 'विरा' अनुप्रास युक्त शब्द लाग्दैनन् । त्यसो भएकाले यसमा ध्वनिको साम्यता देखिन्न र यी दुई शब्द त्यति लयात्मक पनि देखिन्नन् तर सेरको कथ्यलाई भने यिनले उजिल्याएकै छन् ।

अर्को गजलमा पनि काफियाको प्रयोग लयात्मक ढङ्गले गरिएको छैन । यसमा 'बनायो', 'हरायो', 'मनायो', 'फसायो', 'बेसायो' र 'उडायो' गरेर ६ वटा समान ध्वनि नभएका शब्दहरू काफियाको रूपमा राखिएका छन् :

कसोरी पियारो बनायो तिमीले

सताइ मलाई हरायो तिमीले ।

- गजल ५६, पहिलो सेर, पृ. ५६ ।

यसै गरी दोस्रो सेरमा 'भनायो' को प्रयोग भएको छ । तेस्रोमा 'फसायो' चौथोमा 'बसायो' र पाँचौँमा 'उडायो' जस्ता अप्ठेरो उच्चारण हुने शब्दहरूलाई काफियाको रूपमा प्रयोग गरिएको छ । शृङ्गारिक विषयवस्तु भएको यस गजलमा यस प्रकारको काफियाहरूको प्रयोगले गजललाई सुन्दर, श्रवणप्रिय र मधुर बनाउन सकेको छैन । काफियाले गजलको कथ्यलाई एउटा सौन्दर्य प्रदान गर्छ र श्रुतिमधुर पनि बनाउँछ भन्ने कुराको नकारात्मक उदाहरण यो पनि भएको छ । तर सबै काफियाहरू यस प्रकारका मात्र छन् भन्ने कुरा होइन । केही गजलमा अत्यन्त सुन्दर र मधुर काफियाहरूको प्रयोग भएको छ, जस्तै :

बैंसको मातले गाउँछे माधुरी

गोधुली साँझमा आउँछे माधुरी ।

- गजल, ४१, पहिलो सेर, पृ. ४१ ।

यसमा 'गाउँछे' र 'आउँछे' दुई समान ध्वनि भएका अनुप्रासयुक्त शब्दहरू काफियाको रूपमा प्रयोग भएका छन् । गजल गायन गर्दा यस्ता प्रकारका 'गाउँछे', 'आउँछे', 'लाउँछे', 'छाउँछे', 'पाउँछे' र 'धाउँछे' जस्ता मधुर शब्दले मन छुन्छ । यसप्रकार लयात्मक काफियाहरूको प्रयोग यस गजलमा भएको छ । तर काफियाको प्रयोग गर्ने नाममा अर्थ नभएका शब्दहरू ध्वनि समान हुँदैमा पनि प्रयोग गर्नु उपयुक्त देखिन्न । त्यस्तै प्रयोग भएको एउटा उदाहरण यस्तो छ :

बेली चमेली फुलमा बसेरै

हावासरीको अनमा रमायौ ।

- गजल ७, अन्तिम सेर, पृ. ७ ।

यस गजलको पहिलो सेरमा 'मनमा' र 'तनमा' शब्दको काफियाको प्रयोग भएको छ । त्यसपछि क्रमशः 'वनमा', 'जनमा', 'पनमा' र अन्तिममा 'अनमा' शब्द काफियाको रूपमा प्रयोग भएका छन् । यीमध्ये 'अनमा' अर्थविहीन शब्द हो । यस प्रकारको काफियाको प्रयोग पनि यस सङ्ग्रहमा भएको छ ।

## ४.३.२.३ रदिफ

गजलका तत्त्वहरूमा रदिफ पनि एक हो । यो अरबी शब्द हो । यसो अर्थ अनुगामी हुन्छ । मतलाका दुबै मिसरा (पङ्क्ति) मा र अन्य सेरहरूमा दोस्रो पङ्क्तिको अन्त्यमा प्रयोग हुने उही पद वा पदावलीलाई रदिफ भनिन्छ (परिश्रमी, २०६४ : ४७) । रदिफ दुई प्रकारका हुन्छन् । शब्द प्रयोगका दृष्टिले सेरको अन्तमा एउटै अक्षर र शब्द आउने रदिफलाई एक रदिफ र बहुशब्द आउनेलाई बहुल रदिफ भनिन्छ । गजलको यस प्रकारको महत्त्वपूर्ण तत्त्वको प्रयोग गजलकार लक्ष्मीदत्त भट्ट 'सत्यप्रेमी' ले कसरी गरेका छन् भन्ने कुरा उनको **बहर सागर**मा यसलाई निम्नानुसार हेर्न सकिन्छ :

म केही कुराले रिसाएर आएँ

विषाक्तै मनैमा मिसाएर आएँ ।

- गजल १०२, पहिलो सेर, पृ. १०२ ।

यस सेरका दुबै पङ्क्तिको अन्तमा ‘आएँ’ शब्द दोहोरिएको छ । यो एकल शब्द हो । त्यसकारण यसमा एक रदिफको प्रयोग भएको छ । यसै गरी बहुशब्द भएको रदिफको प्रयोग पनि कतै कतै भएको छ ?

तिमी पास आयौ र लेखेँ कथा यो

तिमीले त धायौ र लेखेँ कथा यो ।

- गजल ८६, पहिलो सेर, पृ. ८७ ।

यस गजलमा ‘कथा यो’ दुई शब्दहरू सेरका दुबै पङ्क्तिमा प्रयोग भएका छन् । त्यस कारण ‘कथा यो’ बहुल रदिफ हो । पहिलो सेर वा मतलाको दुबै मिसरा र पङ्क्तिमा यो रदिफको प्रयोग भएको छ । तर दोस्रो सेरदेखि अन्तिम सेर वा मकतामा भने केवल दोस्रो पङ्क्तिमा मात्र प्रयोग हुने कुरा भनि सकिएको छ । यसको उदाहरण पनि हेर्न सकिन्छ :

माया नपाइ मैले आफ्ना बनाइ सारा

जाली रहेछ माया चर्केर जान लाग्यो ।

- गजल ३, दोस्रो सेर, पृ. ३ ।

यसमा रदिफको रूपमा ‘जान लाग्यो’ प्रयोग भएको छ । यो यस सेरको दोस्रो पङ्क्तिमा मात्र प्रयुक्त भएको छ जब कि यसै गजलको पहिलो सेरका यो दुबै पङ्क्तिमा प्रयोग भएको छ । साथै यसै गजलका अन्य सेरहरूमा दोस्रो, तेस्रो, चौथो र पाँचौ सेरमा भने दोस्रो दोस्रो पङ्क्तिमा मात्र प्रयोग भएको छ । यसरी गजलको एक महत्त्वपूर्ण तत्त्व रदिफको प्रयोग यस **बहर सागर** गजल सङ्ग्रहमा सुव्यवस्थित ढङ्गले गरिएको छ । यसले गजलको गरिमालाई बढाएको छ ।

## ४.३.२.४ तखल्लुस

गजलका संरचनात्मक तत्त्वहरूमा ‘तखल्लुस’ पनि एक हो । ‘तखल्लुस’ अरबी भाषाको शब्द हो । यसको अर्थ गजलकारको उपनाम भन्ने हुन्छ (बराल, २०३४ : ४३) । तखल्लुसले गजलमा गजलकारको स्वामित्वलाई जनाउँछ । तखल्लुसको प्रयोग मकतामा गरिन्छ । अर्थात् अन्तिम सेरमा यसको प्रयोग गर्ने चलन देखिन्छ । यसले गजललाई खँदिलो र चोटिलो बनाउँछ । यस प्रकारको विशेषता भएको ‘तखल्लुस’ को प्रयोग गजलकार लक्ष्मीदत्त भट्टले आफ्नो गजल सङ्ग्रह **बहर सागर**मा निम्नानुसार गरेका छन् :

प्रियाको जवानी म खोज्दै छु ऐले

बनी 'सत्यप्रेमी' रमाएर आएँ ।

- गजल ११९, मकता वा अन्तिम सेर, पृ. ११९ ।

गजलकार लक्ष्मीदत्त भट्ट आफ्नो उपनाम 'सत्यप्रेमी' लेख्ने गर्छन् । **बहर सागर** कृतिमा कृतिकारको नाम नै लक्ष्मीदत्त भट्ट 'सत्यप्रेमी' रहेको छ । उनले आफ्नो यस उपनामलाई यस सङ्ग्रहमा भएका १२२ वटा गजलमध्ये ६, ७ वटा गजलहरूमा प्रयोग गरेका छन् । उनले 'सत्यप्रेमी' चाहिँ केवल चारवटा गजलहरूमा प्रयोग गरेका छन् भने दुईवटा गजलमा 'लक्ष्मी' को प्रयोग गरेका छन् र एउटामा 'सत्य' को प्रयोग गरेका छन् । गजल ११९ मा प्रयोग भएको 'सत्यप्रेमी' प्रथम पुरुष सर्वनाम बनेर आएको छ । प्रियाको जवानी खोज्दै म 'सत्यप्रेमी' रमाएर आएँ भनिएको छ । यसबाहेक अन्य 'तखल्लुस' भने तृतीय पुरुष सर्वनाम बनेर आएका छन् । यसरी आएका तखल्लुसलाई यस गजलमा पनि हेर्न सकिन्छ :

'साथ खोज्न लागे दिल्मा नि 'सत्यप्रेमी' को

दुख्छ मन् नबुझ्ने मान्छे बने कथा मेरो ।

- गजल १४, मक्ता, पृ. १४ ।

यसमा 'सत्यप्रेमी' तखल्लुस मकताको पहिलो पङ्क्तिमै आएको छ र यो तृतीय पुरुष सर्वनाम बनेर आएको छ। 'लक्ष्मी' तखल्लुस बनेर प्रयोग भएको गजल पनि हेर्न सकिन्छ :

रम्ने सधैँ मातमा माया थियो साथमा

'लक्ष्मी' थिइन् बासमा सार्दै छ रे प्रेमले ।

- गजल ५१, मकता, पृ. ५१ ।

यसरी यस सङ्ग्रहमा तखल्लुसको रूपमा 'सत्यप्रेमी', 'लक्ष्मी' र 'सत्य' मात्र पनि प्रयोग गरिएको छ र यी तखल्लुसहरू कुनै प्रथम पुरुष सर्वनाम र कुनै तृतीय पुरुष सर्वनाम बनेर प्रस्तुत भएका छन् र यिनले गजल सौन्दर्यलाई बढाएका छन् ।

## ४.३.२.५ भाव तथा विषयवस्तु

गजलको विधागत तत्त्वहरूमा भाव तथा विषयवस्तु एक प्रमुख तत्त्व हो । कुन विषयवस्तु र भावभूमि स्वतन्त्र पहिचानका कुराहरू हुन् । सुख-दुःखका, उमङ्ग, उत्साहका,

निराशा एवं अन्योलका, वीरता एवं धीरताका जति पनि कुराहरू छन्, यी सबै भावहरू हुन् । जस्तो लडाइँ विषयवस्तु छ भने त्यस लडाइँमा वीरताको, शूरताको प्रदर्शन भयो कि, काँतरताको, आत्मसमर्पणको प्रदर्शन भयो भन्ने कुरा भावका कुराहरू हुन् । विषयवस्तु भनेको चाहिँ जीवन र जगत्का यावत् कुराहरू जसलाई कृतिको विषय बनाइन्छ, यी सबै कुराहरू, विषयवस्तु हुन् । विषयवस्तुलाई कुन पाटोबाट, कुन ढङ्गबाट र कुन भावभूमिबाट प्रस्तुत गर्ने भन्ने कुरा भाव हो । यसरी भाव र विषयवस्तु जोडिएका पनि हुन्छन् र तिनको फरक फरक अस्तित्व पनि हुन्छ । यसप्रकार गजलमा प्रमुख विधागत तत्त्वको रूपमा रहेको भाव तथा विषयवस्तु **बहर सागर** गजल सङ्ग्रहमा कसरी, कति र कस्तो रूपमा प्रस्तुति भएको छ र विषयवस्तु छनोटमा कति विविधता अपनाइएको छ, विषयवस्तु कति जीवन्त छन् भन्ने कुरालाई तलको सेरमा हेर्न सकिन्छ :

नसोचे तिमीले म जाली भनेर

भएको सहारा ढलाएर आएँ ।

- गजल ११९, दोस्रो सेर, पृ. ११९ ।

विषयवस्तुका दृष्टिले यो गजल प्रेमी प्रेमिकाका बिचको प्रणय सम्बन्धलाई जनाउने शृङ्गारिक रहेको छ । यस सेरमा मात्र होइन, गजल-११९ का पुरै पाँचवटै सेरमा शृङ्गारिक विषयवस्तु रहेको छ । शृङ्गारिकतामा पनि संयोग र वियोग हुन सक्छ, प्रणय प्रार्थना, प्रणय धाराका, प्रणय आनन्दका भावहरू हुन सक्छन् । यसै सेरमा पनि प्रणय प्रार्थनाका भिन्नार्थक भावहरू रहेका छन् । प्रेमका खातिर पुरानो सहारा ढलाएर प्रस्तुत भएको र यस कुरालाई जाली कुरा नठान्न प्रेमी वा प्रेमिकासित प्रार्थना गरिएको छ । यसरी प्रणयका मधुर भावहरू यसमा पोखिएका छन् । सबै गजलहरू र गजलका सबै सेरहरू उत्तिकै भावपूर्ण त छैनन् तर भावपूर्ण बनेका गजलहरू सुरम्य पनि बनेका छन् । एउटा उदाहरण यस्तो छ :

म माया नपाई भएको बिरामी

मनैभित्र दीयो जलायौ तिमीले

- गजल ९३, दोस्रो सेर, पृ. ९३ ।

यो गजल ९३ पनि पाँचवटा सुन्दर सेरहरूद्वारा बनेको छ । यस दोस्रो सेरमा माया नपाएर विरामी भएको व्यक्तिमा कसैले मनभित्र आशको दियो जलाएको उल्लेख छ । प्रणय

सम्बन्धको विषयवस्तु भए पनि यहाँ प्रेम नपाएर विरामी भएको व्यक्तिले त्राण पाएको भावलाई सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ । प्रणय प्रसङ्गकै तर प्रणयमा केही खटपट भएको र यसको कारणले आफू आक्रोशित भएको आत्मस्वीकृति सहितको भाव अभिव्यक्ति भएको गजलको अंश यस्तो छ :

म केही कुराले रिसाएर आएँ
विषाक्तै मनैमा मिसाएर आएँ ।

- गजल १०२, पहिलो सेर, पृ. १०२ ।

यसै प्रकारको प्रेमी प्रेमिकाबिच केही खटपट भएको र पीडापूर्ण अभिव्यक्ति भएका अरू गजलहरू यस्ता छन् :

दिलैमा सियोले बिभ्कायौ तिमीले
टुटाएर वाचा दुखायौ तिमीले ।

- गजल ९३, पहिलो सेर, पृ. ९३ ।

तिमीले त बाजा बजाएर आयौ
पराई सँगैमा सजाएर आयौ ।

- गजल ९०, पहिलो सेर, पृ. ९० ।

तिमीलाई मीठो खुसी दिन्छु भन्दै
दिलैभित्र काँडा बिभ्काएर आयौ ।

- गजल ९०, चौथो सेर, पृ. ९० ।

यस गजल सङ्ग्रह **बहर सागर**मा प्रायः सबै गजलहरू शृङ्गारिक धाराकै रहेका छन् । प्रणय सम्बन्धका काउकुतीहरू, विचलनहरू, प्रणय प्रार्थना, प्रणय खटपट, घुक्र्याइँ, धोकाको पीडा, प्रणय प्रस्ताव आदि प्रणय सम्बन्धी अनेक प्रसङ्गहरूको प्रस्तुति यसमा पाइन्छ । एक दुईवटा गजल प्रणयधाराभन्दा थोरै भिन्न सामाजिक सरोकारका पनि रहेका छन् । तर यस प्रकारका गजलहरू नगण्य मात्रामा रहेका छन् । एउटा उदाहरण हेरौं :

रुन्छ मान्छे माम खोज्दै भेट्छ सारा बात मात्रै
हिँड्छ मान्छे काम खोज्दै भेट्छ सारा घात मात्रै ।

- गजल ११२, पहिलो सेर, पृ. ११२ ।

यसमा वर्तमान मानिसको पीडापूर्ण र विसङ्गत जीवनको वर्णन छ । यस सामाजिक विसङ्गति विकृतिलाई गजलकारले यस गजलमा स्थान दिएका छन् ।

खोला बनेर पानी भर्दै छ आज माटो

सन्देश एकताको छर्दै छ आज लाटो ।

- गजल ९, पहिलो सेर, पृ. ९ ।

हुन त यो गजल पनि प्रणयसितै सम्बन्धित छ तैपनि यसमा माटो र एकताको सन्देश जस्ता सामाजिक राजनैतिक अर्थ लगाउन सकिने शब्दहरू रहेका छन् । यसबाहेकका गजलहरू सबै नै शृङ्गारिकताका विषयवस्तु बोकेका गजलहरू रहेका छन् ।

प्रणय प्रसङ्गका कुराहरू पनि समाजभित्रकै कुराहरू हुन् तर यसमा वैयक्तिकता र मनोरञ्जन, यौवन र यौनका कुण्ठित भावहरू नै बढी प्रस्तुत हुने गर्छन् । भोगका, मनका काउकुतीहरूका र सामाजिक दुःखदर्दहरूबाट अलगिएका रुमानी भावनाहरू नै यसमा बढ्ता प्रस्तुत भएका हुन्छन् । भोकका समस्याहरूप्रति आँखा चिम्लिएर भोगका रुमानी संसारप्रति आकर्षित हुनुलाई समाजप्रतिको जवाफदेहिता भन्न सकिन्न । त्यसकारण यस गजल सङ्ग्रहमा समाजप्रतिको जवाफदेहिताभन्दा पनि युवायुवतीहरूको केटौले भावना र यौन र यौवनका कुतकुतीहरू नै पोखिएको पाइन्छ । अनि प्रणय प्रसङ्गमा धोका पाएर छटपटिएका युवायुवतीहरूको निराशा, हतोत्साह र एक्लोपनका कुण्ठाहरू जतातत‌ै छरिएका पाइन्छन् । एउटा उदाहरण यस्तो छ :

उठायो मलाई ढलाएर जाऊ

लगाएर आगो जलाएर जाऊ ।

- गजल ८, पहिलो सेर, पृ. ८८ ।

यसप्रकारका उराठ लाग्दा भाव बोकेका निराशावादी ढाँचाका गजलले समाजलाई कुनै उपयुक्त सन्देश दिन सक्दैनन् र केटौले भावना र एक्लोपनका कुण्ठाहरूले समाजलाई उपयुक्त सन्देश दिन सक्तैन ।

## ४.३.२.६ सङ्गीत

गीतलाई जसरी सङ्गीतको जरुरत हुन्छ, त्यसरी नै गजललाई पनि हुन्छ । सङ्गीतबिना गजल गाउन योग्य हुँदैन । गजलमा सङ्गीत तत्त्वलाई दुई आधारमा बुझ्नुपर्ने

हुन्छ । पहिलो हो - भाषाद्वारा नै गजलमा अभिव्यक्त हुने लय, छन्द, अनुप्रास, वर्ण र अक्षरको आवृत्ति र यसबाट ध्वनित हुने सङ्गीत । दोस्रो हो - गजलकारले रचना गरेको गजल-गायन क्रममा कुनै लयमा ढाल्नु, ध्वनिको ढाँचा निर्माण गर्नु, बाद्यवादनद्वारा सङ्गीत सिर्जना गर्नु । यसरी गजलमा भाषासँगै र बाद्यवादनद्वारा सङ्गीत तत्त्व निर्मित भएको हुन्छ । छापामा चाहिँ यस सङ्गीत तत्त्वलाई लय, तथा छन्दका माध्यमबाट पहिल्याउनु पर्ने हुन्छ (बराल, २०६४ : ७२) । छन्दले एउटा लयात्मक ढाँचा प्रदान गर्नछ र लयले पठन वा गायनको वेग, वनोट, अक्षरको समानुपातिक नाप वा उच्चारण, गति र यति आदिलाई जनाउँछ र यसले सुर, तालको पनि निर्माण गर्छ ।

गजलको यस प्रकारको महत्त्वपूर्ण तत्त्वलाई **बहर सागरमा** निम्नानुसार प्रयोग गरिएको छ :

१) उठायो मलाई ढलाएर जाऊ
लगाएर आगो जलाएर जाऊ

- गजल ८८, पहिलो सेर, पृ. ८८ ।

२) म माया नपाई भएको बिरामी
मनैभित्र दीयो जलायौ तिमीले

- गजल ९३, दोस्रो सेर, पृ. ९३ ।

३) सधैँ साथ दिन्छु दिएका ति वाचा
सबै छोडी तिम्ले रमाना गरायौ ।

- गजल ७३, अन्तिम सेर, पृ. ७३ ।

४) नसोचे तिमीले म जाली भनेर
भएको सहारा ढलाएर आएँ ।

- गजल ११९, दोस्रो सेर, पृ. ११९ ।

५) म केही कुराले रिसाएर आएँ
विषाक्तै मनैमा मिसाएर आएँ ।

- गजल १०२, पहिलो सेर, पृ. १०२ ।

यस गजल सङ्ग्रहका १२२ वटा गजलहरूमध्ये ५ वटा गजलहरूबाट अलग अलग ५ वटा यी सुन्दर सेरहरू दिइएको छ । यी गजलहरूको पाठ वा वाचन गर्दा नै एउटा लयको आभास हुन्छ । यी गीतिलयमा गुनगुनाउन सकिने खालका छन् । त्यसरी गुनगुनाउँदा कतै नअड्किई सललल मधुर ध्वनि गुञ्जित हुन्छ । त्यसकारण यी लयात्मक, गेयात्मक, बहरबद्ध रहेका छन् । पठनको दृष्टिले यी सङ्गीतबद्ध लाग्छन् । बाँकी यी गजलहरूलाई तालसुरमा बाद्यवादनमा, गायनमा पनि ढाल्न सकिन्छ । यसप्रकार यस गजल सङ्ग्रहका अधिकांश गजलहरू बहरबद्ध भएकाले र लयात्मक भएकाले यी सबै गेयात्मक छन् । यसरी यस सङ्ग्रहमा गजलको महत्त्वपूर्ण संरचनात्मक तत्त्व सङ्गीतको राम्ररी प्रयोग गरिएको छ भन्न सजिलै सकिन्छ । यहाँ उद्धृत गरिएका पाँचवटै गजलका सेरहरूका शब्द संयोजन मनोहर छन्, सललल बगेका छन्, तिनले गजलको भावको भारलाई पनि बहन गरेका छन् र मधुर ध्वनिको सञ्चरण गर्न पनि समर्थ भएका छन् ।

### ४.३.२.७ कल्पना

'कल्पना' गजलका संरचनात्मक तत्त्वहरूमध्येको एक हो । यो तत्सम शब्द हो । कल्पनाको अर्थ कुनै अस्तित्वका नआएको कुराको निर्मित गर्नु हो । यो कुनै कुराको, कुनै रचनाको मानसिक रूपरेखा हो । कल्पनाका दुईवटा पक्ष छन् । एउटा कल्पना हो भने अर्को स्वैर कल्पना । स्वैर कल्पना भनेको अति कल्पना हो, यथार्थको अतिरञ्जन हो । कल्पना चाहिँ सिर्जनात्मक तत्त्व हो । यसले मानव मनमा त्यतिकै बिलाएर जाने शक्तिलाई बाहिर ल्याउँछ । मानव प्रतिभा प्रकट हुन्छ । कल्पना तत्त्वले गजलका भावहरूलाई खुलस्त पार्न मद्दत गर्छ । कुनै विषयवस्तुप्रति मानवमनमा राम्रो-नराम्रो, असल-कमसल र दुःखसुखका भावहरू हुन्छन् । यी भावहरूले एउटा रूपरेखामा ढल्ने अवसर पाएनन् भने त्यतिकै बिलाएर जान्छन् । यसरी मानवमनभित्र भएका भावहरूलाई एउटा सिर्जनात्मक रूपरेखा दिएर बाहिर ल्याउने काम कल्पनाले गर्दछ ।

यहाँ अध्ययन र विश्लेषणका निमित्त प्रस्तुत भएको **बहर सागर**भित्रका गजलहरूमा यस कल्पना तत्त्वको उपस्थिति कस्तो रहेको छ भनेर हेर्न सकिन्छ । पहिलो कुरो **बहर सागर** बहरबद्ध गजल सङ्ग्रह स्वयं नै गजल सङ्ग्रहको रूपरेखामा प्रस्तुत भएको छ । यसमा

रहेका १२२ वटा गजल र ६१० वटा सेरहरूका माध्यमबाट जुन भाव र विचार, कलाको बिम्ब, प्रतीक, रदिफ, काफिया, हम काफिया, गेयात्मकता र लयात्मकताको प्रस्तुति भएको छ, त्यो नै पनि कल्पना तत्त्वको अभावमा सम्भव हुने थिएन । दोस्रो, प्रस्तुत गजलहरूमा विषयवस्तुलाई खुलाउन जुन भावहरूको संयोजन भएको छ, जुन प्रस्तुतिको ढाँचा र अभिव्यक्ति कौशलको प्रस्तुति भएको छ, त्यो कल्पना बेगर सम्भव हुने थिएन । यसरी यस सङ्ग्रहका गजलहरूमा कल्पनातत्त्व निकै सबल बनेर आएको छ :

म माया नपाई भएको बिरामी
मनैभित्र दीयो जलायौ तिमीले ।

- गज ९३, दोस्रो सेर, पृ. ९३ ।

यस गजलमा कति सुन्दर कल्पना गरिएको छ । माया नपाएर विरामी बनेकोमा कसैले मनभित्र आशाको दीप जलाइ दिएको कल्पना गरिएको छ । यो कल्पना मनोहर बनेको छ । यस्तै कल्पनाहरू गजलमा यसरी प्रस्तुत भएका छन् :

मनैमा छ आस्था बनेको उकालो
बलेको दियो नै ढलाएर आएँ ।

- गजल ६८, चौथो सेर, पृ. ६८ ।

म पस्नै नसक्ने बगैँचा बनायौ
म फूलै फुलेझैँ फलाएर आएँ ।

- गजल ६८, अन्तिम सेर, पृ. ६८ ।

कल्पनाको कारणले यी दुई सेरहरू कसरी खुलेका छन् । मनको आस्थाले गर्दा ठूलो सौभाग्य समेत गुमाएर आफू आएको भन्ने पहिलो सेरको कथन र कसैले जतिसुकै निष्ठुरता अपनाए पनि आफू भने बस्न नसकिने बगैँचामा समेत फूल फूलाएर, बगैँचालाई सजाएर आएको भन्ने दोस्रो सेरका कथन सुन्दर कल्पनामा आधारित छन् । यसरी यस गजल सङ्ग्रहमा कल्पनातत्त्व राम्ररी सजिएको देखिन्छ ।

## ४.३.२.८ बिम्ब तथा प्रतीक

गजललाई सौन्दर्यमय बनाउने गजलका तत्त्वमा बिम्ब र प्रतीक पनि पर्दछन् । लक्ष्मीदत्त भट्टको **बहर सागर**मा यिनको कसरी प्रयोग भएको छ भन्ने कुरा यी सेरहरूमा हेर्न सकिन्छ :

तिमीले त बाजा बजाएर आयौ

पराई सँगैमा सजाएर आयौ ।

- गजल ९०, पहिलो सेर, पृ. ९० ।

यसमा ‘बाजा बजाएर आयौ’ भन्दा ‘बाजा’ हल्लाखल्लाको प्रतीक बनेको छ । ‘पराई सँगैमा सजाएर आयौ’ भन्दा यो अर्थ बिम्ब भएको छ र यसले चुनौती दिन आएको भन्ने अर्थ पनि बोकेको छ । अर्को उदाहरण यस्तो छ :

गुलाबी ती आँखा दिलैमा लुकायौ

नसालू नजरले मलाई छकायौ

- गजल ७१, पहिलो सेर, पृ. ७१ ।

यसमा ‘गुलाबी’, ‘आँखा’ आँखाको विशेषण बनेर आएको छ । यो ‘गुलाबी’ आँखाको बिम्ब हो । ‘नसालु नजर’ पनि नजरको शब्द बिम्ब हो ।

यस गजल सङ्ग्रहमा बिम्बहरूको प्रयोग राम्रै भएको छ तर बिम्बको तुलनामा प्रतीकहरू कमै छन् । बिम्बमा पनि शब्दबिम्बहरूको सङ्ख्या बढी छ । कतै ‘मनैभित्र आँधी चलेको छ साथी’ (गजल ३१) भनिएको छ । ’ ‘आँधी’ ठूलो उथलपुथलको अर्थमा आउने शब्द हो । यो कतै क्रान्तिको अर्थमा पनि आउँछ तर यहाँ मनभित्र चलेको ठुलो पीडालाई जनाएको छ । त्यसकारण यसलाई प्रतीक भन्न मिल्दैन । यस्तै खालका केही शब्दहरू यस सङ्ग्रहमा प्रयोग भएका छन् तर बिम्ब र प्रतीकको प्रयोगका दृष्टिले यो सङ्ग्रहलाई त्यति उर्वर मान्न सकिँदैन ।

## ४.३.२.९ भाषा

गजलको महत्त्वपूर्ण संरचनात्मक तत्त्वमध्ये भाषा एक हो । यो कृतिलाई प्रस्तुत गर्ने माध्यम हो । भावहरूको अभिव्यक्ति भाषाकै माध्यमबाट गरिन्छ । यसप्रकारको महत्त्व राख्ने गजलको संरचनात्मक तत्त्व भाषाको प्रयोगका दृष्टिले **बहर सागर** गजल सङ्ग्रहको अध्ययन गर्नु आवश्यक छ ।

यस **बहर सागर** बहरबद्ध गजल सङ्ग्रहमा बहरहरू (छन्दहरू)को व्यवस्थित प्रयोग गरिएको छ । हरेक गजल छन्दमा आबद्ध रहेका छन् । १२२ वटा गजलहरूमा १० वटा छन्दहरूको प्रयोग भएको छ । ‘बहरे हजज मुसम्मन मकबुज’ अर्थात् पिङ्गल-पञ्चचामर

छन्ददेखि बहरे मुतकारिब मुसम्मन सालिम अर्थात् पिङ्गल-भुजङ्गप्रयात छन्दसम्म प्रयोग भएको छ । छन्दमा हुनाले यसमा गति, यति, लय सबै पाइन्छ । **बहर सागरमा** भाषाको प्रयोग यसप्रकार भएको देखिन्छ :

भिजायौ परेली परानी सुकायौ

ति लाली मुहारै विकारै लुकायौ ।

- गजल ८२, पहिलो सेर, पृ. ८२ ।

यस गजलमा 'प्राण' लाई 'परानी' भनिएको छ । 'परानी सुकायौ' मा 'परानी' स्वनिर्मित शब्द हो । अर्थात् कतै कतै स्थानीय रूपमा कथ्य भाषामा प्रयोग हुने शब्द हो । यहाँ 'परानी' भाषिक विचलनको रूपमा आएको छैन । किनभने यो ध्वनि व्यवस्थाका दृष्टिले पनि त्यति श्रुतिमधुर शब्द लाग्दैन । त्यस्तै दोस्रो पङ्क्तिमा सायद छन्द मिलाउन 'ति लाली मुहारै' भनेर 'ति' को प्रयोग गरिएको छ र 'ती' सर्वनाम शब्दलाई बिगारेर 'ति' बनाइएको छ । यस्तै 'बिकारै' शब्द पनि त्यति लयात्मक लाग्दैन । यस्तै गजल-१०० को अन्तिम सेरमा काफियाको रूपमा 'झुटायो' शब्द राखिएको छ । यस्तो शब्दलाई के भन्ने ! यस्तै गजल १०१ को 'हिलायो' 'जिलायो' 'खिलायो' जस्ता शब्दहरू काफियाको रूपमा आएका छन् र काफियामा अनुप्रास मिलाउनका लागि मात्र यी शब्दहरूको प्रयोग भएको देखिन्छ । 'म आफ्नै नि आतै सुकाएर बाँचे' गजल ९४ को तेस्रो सेरको दोस्रो पङ्क्तिले । यसमा 'नि' शब्द निरर्थक रूपमा प्रयोग भएको छ र 'नि' 'त' 'कि' जस्ता निपात शब्दहरू यिनमा प्रशस्त प्रयोग गरिएका छन् । गजल- ९२ को ५ वटा सेरमध्ये चारवटा सेरमा 'नि' को प्रयोग गरिएको छ । यस सङ्ग्रहमा लयात्मक भाषाको प्रयोग पनि भएको छ, जस्तै :

उठाऊ मलाई गलेको छु ऐले

भिजाऊ न छाती जलेको छु ऐले ।

- गजल ७४, पहिलो सेर, पृ. ७४ ।

यसमा 'गलेको छु' 'जलेको छु' जस्ता अनप्रास युक्त शब्दहरू रहेका छन् र अरू शब्दहरू पनि मधुर छन् ।

यस सङ्ग्रहमा विशिष्ट र विचलित भाषाको प्रयोग भएको छ । ध्वनि व्यवस्थाका दृष्टिले कतै मधुरध्वनि भएमा शब्दहरूको प्रयोग भएको पाइन्छ । व्याकरण व्यवस्थाका केही त्रुटिहरू रहे पनि अर्थका दृष्टिले गम्भीर र भावपूर्ण गजलहरू पनि रहेका छन् । केही उदाहरण यस्ता छन् :

तिमीले त बाजा बजाएर आयौ
पराई सँगैमा सजाएर आयौ ।

- गजल ९०, पहिलो सेर ।

यसमा प्रयोग भएका शब्दहरू लयात्मक छन् । यसमा बिम्ब र प्रतीकको पनि प्रयोग भएको छ । जस्तै :

दिलैमा फलाएँ पियारो बगैँचा
सबै फूल तोडी पुरानी बनायौ ।

- गजल ५९, दोस्रो सेर ।

यस गजलमा दिलमा बगैँचा फुलाए भनिएको छ । यो अर्थ तात्त्विक विचलन हो । यो काव्यको विशिष्ट भाषा हो । दिलमा बगैँचा लगाउन सकिँदैन । मानक भाषामा यसको केही अर्थ हुँदैन तर विशिष्ट भाषामा यो भावपूर्ण अर्थयुक्त बनेको छ । अर्को उदाहरण हेरौं :

उम्रेछ प्रेम पानी फुल्ने भयो जवानी
प्यूने बसेछ बानी झुल्ने भयो जवानी

- गजल २७, पहिलो सेर ।

यसमा 'पानी' 'बानी' 'फुल्ने' 'झुल्ने' जस्ता अनुप्रास युक्त शब्दहरूको प्रयोग र 'भयो भयो' 'जवानी जवानी' को पुनर्उक्तिले गजललाई चित्ताकर्षक बनाएको छ ।

यस सङ्ग्रहमा सपाट अभिव्यक्ति भएमा गजल पनि रहेका छन् :

बनाई साथी मन नै रमाउने
हावासरी यो तन नै रमाउने ।

- गजल १२, पहिलो सेर ।

यस गजलमा साथी बनाएपछि मन रमाउने र हावासरी तन पनि रमाउने भनिएको छ । तनलाई 'हावासरी' भनेर भन्नु सिवाय यस गजलमा कुनै गम्भीर भावहरू देखिन्नन् । कुनै अलङ्कार देखिन्न । अतः यो सपाट अभिव्यक्ति भएको गजल हो ।

यसरी भाषाका दृष्टिले त्यति उच्चस्तरीय र कलात्मक अभिव्यक्ति नभएको, वर्ण विन्यासमा पनि समस्याहरू देखिएको तर वहरबद्ध र बिम्ब प्रतीक समेतको प्रयोग भएको, अनुप्रासको प्रयोग राम्रो रहेको र कतै भावपूर्ण र कतै सपाट अभिव्यक्ति भएको र ध्वनि र लयात्मकताका दृष्टिले पनि मध्यम तहमा रहेको यसलाई गजल सङ्ग्रहका मिश्रित गुणहरू र एउटै रस र विषयवस्तुले सजिएको मध्यम कोटिको गजल सङ्ग्रह मान्न सकिन्छ ।

## ४.४ सारांश

गजलकार लक्ष्मीदत्त भट्ट 'सत्यप्रेमी' को बहरबद्ध गजल सङ्ग्रह **बहर सागर** १२२ वटा गजल, ६१० वटा सेर तथा प्रणय वा शृङ्गारिक विषयवस्तु रहेको एक मध्यम कोटिको गजल सङ्ग्रह हो । गजलका संरचनात्मक तत्त्वहरूका आधारमा यस सङ्ग्रहको अध्ययन र मूल्याङ्कन गरिएको छ । गजलका तत्त्वहरू सेर, काफिया, रदिफ, तखल्लुस, भाव तथा विषयवस्तु, सङ्गीत, कल्पना, बिम्ब तथा प्रतीक र भाषाका आधारमा यसको अध्ययन गरिएको छ साथै सेर, काफिया रदिफ र तखल्लुसको व्यवस्थित प्रयोग, विषयवस्तुको हिसाबले, शृङ्गारिकताको प्रस्तुति, सङ्गीततत्त्वका हिसाबले लयात्मक, कल्पनाका हिसाबले पनि रोचक, बिम्ब तथा प्रतीकको पनि यथास्थान प्रयोग भएको छ । यस्तै भाषाका दृष्टिले वर्णविन्यासमा केही कमजोरी, अभिव्यक्तिमा केही समस्या सपाट अभिव्यक्ति र ध्वन्यात्मकता र लयात्मकताका दृष्टिले मध्यम दर्जाको गजल सङ्ग्रह हो यो । १०० वटा वहरहरूमा प्रस्तुत भएको सङ्ग्रहमा भावाभिव्यक्तिभन्दा पनि छन्दको प्राविधिक तालमेलमा बढी समय लगाएको महसुस हुन्छ ।

# परिच्छेद : पाँच

# निष्कर्ष तथा उपसंहार

## परिच्छेद : पाँच

# निष्कर्ष तथा उपसंहार

### ५.१ निष्कर्ष

- साहित्यकार लक्ष्मीदत्त भट्टको जन्म पिता रामदत्त र माता रत्नदेवीको कोखबाट वि.सं. २०२९ असोज २० गते भएको थियो ।
- उनका जन्मस्थान महाकाली अञ्चल, वैतडी जिल्ला आमचौर गा.वि.स. हो ।
- उनी ११ वर्षको उमेरसम्म लठेब्रो भएकाले शिक्षारम्भ ढिलो सुरु भएको थियो ।
- उनको औपचारिक शिक्षाको थालनी वि.सं. २०४१ मा गाउँकै स्कुलबाट भएको थियो ।
- उनले आफ्नै गाउँको स्कुलबाट वि.सं. २०४६ मा प्राविधिक तालिम प्राप्त गरेका थिए ।
- लक्ष्मीदत्त भट्टको विवाह वि.सं. २०५४मा रञ्जना भट्टसित भयो ।
- उनका दुई सन्तान छोरी पुनम भट्ट र छोरा प्रदीप भट्ट हुन् ।
- वि.सं. २०५८ मा उनकी आमाको रक्त क्यान्सरबाट मृत्यु भएको थियो ।
- वि.सं. २०५२ देखि उनले सेती प्राविधिक शिक्षालय दिपायलमा प्राविधिक सहायकको रूपमा कार्यरत छन् ।
- उनी मेहनती र सङ्घर्षशील व्यक्तित्वको रूपमा परिचित छन् ।
- उनको प्रशिक्षक व्यक्तित्व, साहित्यिक, सामाजिक, सङगठक व्यक्तित्व पनि प्रखर देखिन्छ ।
- उनी विभिन्न सामाजिक सङ्घसंस्थामा पनि संलग्न रहेका छन् ।
- उनी साहित्यको क्षेत्रमा पनि सक्रिय रहेका छन् ।
- उनले चारवटा साहित्यिक कृतिहरूको सिर्जना र प्रकाशन गरेका छन् ।
- उनको साहित्य यात्रा २०५३ देखि सुरु भएको पाइन्छ ।
- वि.सं. २०५५ सालमा उनको *यो देशको दुर्दशा* नामक कविता दिपायल स्थित रेडियो नेपालबाट प्रसारित भयो ।

- वि.सं. २०६५ मा उनको पुस्तकार कृति **हाम्रो गन्तव्य र कर्तव्य** खण्डकाव्य प्रकाशित भयो ।
- वि.सं. २०६८, २०६९, २०७० मा लगातार उनले **चाँदनीको व्यथा** गजल सङ्ग्रह **आमाको स्मृतिमा** शोककाव्य र **बहर सागर** गजल सङ्ग्रह प्रकाशित भयो ।
- खण्डकाव्यमा विचारपक्ष र विधागत सौन्दर्य अन्यत्न कमजोर रहेको छ ।
- छन्द, लय अनुप्रास, बिम्ब, प्रतीक लगायतका केही रूपगत पक्ष भने आकर्षक देखिन्छन् ।
- उनको दोस्रो कृति गजल सङ्ग्रह हो ।
- यस गजसङग्रहमा विषयवस्तु देशप्रेमलाई बनाइएको छ ।
- यसमा गजलका तत्त्वहरू राम्ररी प्रयोग भएका छन् ।
- यसले उनलाई एक प्रखर गजलकारको रूपमा उभ्याइएको छ ।
- उनको तेस्रो कृति **आमाको स्मृति**मा शोककाव्य हो. ।
- यो शोककाव्य आफ्नी ममतामयी आमाको स्मृतिमा तयार पारेका छन् ।
- लक्ष्मीदत्त भट्टको चौथो कृति **बहरसागर** गजल सङ्ग्रह हो ।
- यसमा २७वटा बहरहरूको प्रयोग गरिएको छ ।
- गजलहरू लयबद्ध र छन्दबद्ध छन् । यिनमा काफिया, रदिफ र सेरहरूको संरचना र सङ्गीत, कल्पना, बिम्ब, प्रतीक र अलङ्कार जस्ता तत्त्वहरूको राम्रो प्रयोग भएको छ ।

तसर्थ लक्ष्मीदत्त भट्ट बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । जसबाट नयाँ पुस्ताका पाठकलाई अटुट रूपमा प्रेरणा प्राप्त भइरहने छ ।

## ५.२ उपसंहार

यस शोधपत्रको पहिलो परिच्छेदमा लक्ष्मीदत्त भट्टको जीवनी, व्यक्तित्व र कृतित्व नामक अध्ययन शीर्षक, शोधपत्रको परिचय र रूपरेखा प्रस्तुत गरिएको छ । यसमा विषय परिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, अध्ययनको औचित्य, महत्त्व र उपयोगिता, सामग्री सङ्कलन विधि, शोधविधि र शोधपत्रको रूपरोखा समेत

उल्लेख गरिएको छ । यसका साथै यस परिच्छेदमा समस्या कथनमा आएका समस्याहरूको समाधान गर्नुमा  नै यो शोधपत्र केन्द्रित भएको कुरा उल्लेख गरिएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा साहित्यकार लक्ष्मीदत्त भट्टको जीवनीखण्ड रहेको छ । जीवनी शीर्षकअन्तर्गत जीवनी परिचय, वंशपरम्परा र जन्म, बाल्यकाल र शिक्षादीक्षा, वैवाहिक जीवन र पारिवारिक स्थिति, जीविका, आर्थिक अवस्था, साहित्य क्षेत्रमा प्रवेश, प्रेरणा र सिर्जना, सामाजिक क्षेत्रमा संलग्नता, मान सम्मान र पुरस्कार, भ्रमण, अविस्मरणीय घटना, रुचि र स्वभाव, जीवनदर्शन र अन्त्यमा निष्कर्ष दिइएको छ । वि.सं. २०२९ मा बैतडी, आमचौर गा.वि.स.मा जन्मिएर त्यही नै माध्यमिक तहसम्मको शिक्षार्जन गरेका र दिपायलबाट पशुस्वास्थ्य सम्बन्धी प्राविधिक तालिम प्राप्त गरी सहायक प्राविधिक शिक्षकको रूपमा कार्यरत रहँदै र साहित्यक्षेत्रमा पनि कला चलाउँदै आएका लक्ष्मीदत्त भट्टको जीवनी अनुकरणीय रहेको छ । पेसाले शिक्षक र रुचिले साहित्यकार बनेका लक्ष्मीदत्त भट्ट शैक्षिक, साहित्यिक क्षेत्रमा मात्र कार्यरत नभई सामाजिक क्षेत्रमा पनि त्यत्तिकै सम्लग्न रहँदै आएका छन् । डेढ दर्जन जति साहित्यिक र सामाजिक सङ्घ-संस्थाहरूमा रहेर उनले उल्लेख्य कार्यहरू गरेका छन् र त्यसको समुचित कदर पनि हुँदै आएको छ । यसरी उनको जीवन सङ्घर्षमय र गतिशील रहेको उल्लेख यस परिच्छेदमा गरिएको छ ।

यस परिच्छेदमा साहित्यकार लक्ष्मीदत्त भट्टको व्यक्तित्व चर्चा गरिएको छ । उनको व्यक्तित्व बहुआयामिक रहेको र यसमा उनको बाह्य र आन्तरिक व्यक्तित्वका विभिन्न पाटाहरूको यथोचित चर्चा गरिएको छ । बाहिरी व्यक्तित्वमा उनी गहुँगोरो वर्णका खाइलाग्दा व्यक्ति हुन् भने सधैँ प्रसन्न रहने मिलनसार र भरोसालाग्दा व्यक्ति पनि हुन् । यसै गरी लक्ष्मीदत्त भट्टको आन्तरिक व्यक्तित्व पनि त्यत्तिकै सशक्त देखिन्छ । उनको साहित्यिक व्यक्तित्व कवि र गजलकार व्यक्तित्वमा विस्तारित छ भने समाजसेवी, शैक्षिक र सङ्गठक व्यक्तित्व पनि त्यत्तिकै उजेलिएको देखिन्छ । उनले कविता र गजलका पुस्तकहरू मात्र लेखेनन्, साहित्यिक संस्थाहरू पनि खडा गरे । यसै गरी शिक्षकको रूपमा शिक्षण पनि गर्दै आएका छन् । रेडक्रसजस्ता संस्थामा बसेर सामाजिक सेवा पनि गरिरहेका छन् । यसरी लक्ष्मीदत्त भट्टको बहुआयामिक व्यक्तित्व एक प्रेरक व्यक्तित्वको रूपमा मुखरित भएको छ भन्ने कुरालाई यस परिच्छेदमा उल्लेख गरिएको छ ।

यस परिच्छेदमा साहित्यकार लक्ष्मीदत्त भट्टको कृतित्वको अध्ययन गरिएको छ । उनले रचना गरेका कृतिहरूको गुण वा विशेषताको अध्ययन नै कृतित्वको अध्ययन हो । लक्ष्मीदत्त भट्टका चार कृतिहरू छन् र विधाका दृष्टिले खण्डकाव्य, शोककाव्य र गजलसङ्ग्रह रहेका छन् । गजलसङ्ग्रहमा बहरबद्ध गजलसङ्ग्रहका कृति पनि रहेको छ । उनको पहिलो कृति **हाम्रो कर्तव्य र गन्तव्य** हो । यो खण्डकाव्य हो । यस कृतिको अध्ययन खण्डकाव्यका तत्त्वहरूका आधारमा गरिएको छ । तत्त्वहरूमा कथावस्तु, पात्रविधान, केन्द्रीय कथ्य, भावविधान, लयविधान, बिम्ब, प्रतीक र अलङ्कार र भाषा हुन् र यिनकै आधारमा यस कृतिको अध्ययन गरिएको छ । विषयवस्तुका हिसाबले आध्यात्मिक चेतना र यसको सामाजिक उपयोगको विषय भए पनि खण्डकाव्यको कथावस्तुका हिसाबले यसमा कथावस्तु नभएको, खण्डकाव्यको विशेषता नभएको तर छन्द, लय, अनुप्रास, बिम्ब, प्रतीक र अलङ्कारसमेतको प्रयोग भएको र अभिव्यक्तिगत सौन्दर्य रहेकोले यस कृतिको साहित्यिक महत्त्व कृति मात्रामा रहेको उल्लेख गरिएको छ । यस्तै उनको दोस्रो कृति **चाँदनीको व्यथा** गजलसङ्ग्रह हो । गजलकृति भएकाले यस कृतिलाई गजलका तत्त्वहरू - सेर, काफिया, रदिफ, तखल्लुस, विषयवस्तु, सङ्गीत, कल्पना, बिम्ब र प्रतीक र भाषाका आधारमा अध्ययन र विश्लेषण गरिएको छ । यस कृतिको नाम **चाँदनीको व्यथा** राखिएको छ । चाँदनी महाकाली नदी पारी रहेको नेपाली भूमि हो र यस भूमिको कथाव्यथालाई लक्ष्मीदत्त भट्टले आफ्नो कृतिमा उतारेका छन् । यस कृतिको देशभक्तिको भावनालाई उठाएको छ । कृतिको विषयवस्तु नै देशभक्ति भएको छ । प्रणय भावमा मात्र गजल लेखिँदै आएकोमा देशभक्तिको भावमा पनि गजल लेख्न सकिन्छ भन्ने यो कृति उदाहरण भएको छ । हुन त यस कृतिमा प्रणयका भाव भएका गजल पनि छन् । तैपनि मुख्य विषय देशप्रेम बनेर आएको छ यस कृतिमा लक्ष्मीदत्त भट्टको तेस्रो कृति **आमाको स्मृति** हो । यो शोककाव्य हो । यस कृतिमा आमाप्रतिको श्रद्धाभाव व्यक्त भएको छ । शोककाव्यका काव्यगत वा विधागत सौन्दर्यमा केही कमी भए पनि कथावस्तुका हिसाबले कमजोर कृति भए पनि आफ्नी ममतामयी आमाको स्मृति विषयवस्तु रहेको यस कृतिलाई भावअभिव्यक्तिका हिसाबले राम्रै मान्न सकिन्छ । यस कृतिमा आमाप्रतिको श्रद्धाभावसँगै अग्रजहरू, वयोवृद्धहरू, मातृभूमि, बृद्धाश्रम आदिप्रति पनि उनको सम्मान भाव रहेको र यस हिसाबले कृति प्रेरणादायी रहेको उल्लेख

गरिएको छ । लक्ष्मीदत्त भट्टको चौथो कृति **बहरसागर** हो । यो बहरबद्ध गजलसङ्ग्रह हो । गजलकृति भएकाले यस कृतिलाई पनि दोस्रो कृति **चाँदनीको व्यथा**लाई जस्तै गजलका तत्त्वहरूका आधारमा अध्ययन र विश्लेषण गरिएको छ । सेर, काफिया, रदिफ, विषयवस्तु, सङ्गीत, कल्पना, बिम्ब, प्रतीक र अलङ्कार र भावका आधारमा अध्ययन गरिएको छ । यस सङ्ग्रहमा सबै गजलहरू बहरमा रहेका छन् अर्थात् गजलको शास्त्रीय छन्दमा रहेका छन् । यसमा २७ वटा बहरहरूको प्रयोग भएको छ । यस सङ्ग्रहमा प्रायः शृङ्गारिक विषयवस्तुकै बाहुल्य रहेको छ । यसमा तत्त्वहरूको व्यवस्थित प्रयोग भएको छ । गजल लयात्मक र रोचक रहेका छन् । वर्ण विन्यास र अभिव्यक्तिमा केही समस्या भए पनि र विषयवस्तुका दृष्टिले शृङ्गारिकता र छन्दको प्राविधिक तालमेलका हिसाबले गजलसङ्ग्रह महत्त्वपूर्ण कृति रहेको निष्कर्ष यस परिच्छेदमा उल्लेख गरिएको छ ।

अन्त्यमा साहित्यकार लक्ष्मीदत्त भट्टद्वारा रचना गरिएका खण्डकाव्य, गजलसङ्ग्रह, शोककाव्य र बहरबद्ध गजल सङ्ग्रह गरी चारवटा पुस्तकाकार कृतिहरूले उनलाई मेधावि स्रष्टाको रूपमा उभ्याएका छन् र यसबाट नयाँ पिँढीलाई प्रेरणा मिलिरहने देखिन्छ । साथै उनका यी कृतिहरू, उनको जीवन र व्यक्तित्वलाई पाँच परिच्छेदहरूमा अध्ययन विश्लेषण गरी सर्वाङ्ग रूपमा जुन यो शोधपत्र प्रस्तुत गरिउको छ, यसबाट उनको समग्र मूल्याङ्कन पनि हुन पुगेको छ ।

# परिशिष्ट


# परिशिष्ट : एक

## शोधनायक लक्ष्मीदत्त भट्टको छायाँचित्र



# परिशिष्ट : दुई

## शोधनायक लक्ष्मीदत्त भट्टले प्राप्त गरेका सम्मान/प्रमाण-पत्रहरू



"शिक्षालयलाई शान्ति क्षेत्र बनाऔं
गुणात्मक शिक्षाको विस्तार गरौं"

श्री ५ को सरकार

शिक्षा तथा खेलकूद मन्त्रालय

केशरमहल, काठमाडौं


प्रमाणपत्र

श्री लक्ष्मीदत्त भट्ट, क.प्र.सहायक, प्राविधिक शिक्षालय दिपायल लाई शिक्षा/खेलकूद क्षेत्रमा प्रशंसनीय काम गरे वापत उनन्तीसौं शिक्षा दिवस २०६० को उपलक्ष्यमा शिक्षा दिवस पदक सहित यो प्रमाणपत्र प्रदान गरिएको छ ।

विद्याधर मल्लिक
सचिव
शिक्षा तथा खेलकूद मन्त्रालय

२०६० साल फाल्गुण १२ गते

हरिबहादुर बस्नेत
मन्त्री
शिक्षा तथा खेलकूद मन्त्रालय



क.जि.प्र.द.नं. २४/०४७-४८ स.क.प. आबद्धता नं. ९८६४।०५६

भाषा साहित्य कला संस्कृति

महाकाली साहित्य सङ्गम

केन्द्रीय समिति

कञ्चनपुर

२०४७

सहभागिताको प्रमाण-पत्र

श्री लक्ष्मीदत्त भट्ट सत्यप्रेमी ज्यू
डोटी

नेपाल प्रज्ञा-प्रतिष्ठान र महाकाली साहित्य सङ्गमको संयुक्त आयोजनामा कञ्चनपुरको भीमदत्तनगरमा सञ्चालित लोकसंस्कृति, साहित्य र दर्शन विषयक विचार गोष्ठी (२०६७ चैत्र १९-२०) मा सहभागी भई भाषा, साहित्य, कला र संस्कृति संरक्षण र सम्वर्द्धनमा योगदान पुऱ्याउनु भएकोमा यहाँको उत्तरोत्तर प्रगतिको कामना सहित यो प्रमाण-पत्र प्रदान गरिन्छ ।

नव वर्ष २०६८ को हार्दिक मङ्गलमय शुभकामना !

(हरीशप्रसाद जोशी)
महासचिव

मिति २०६७ चैत्र २० गते

(गङ्गाप्रसाद उप्रेती)
प्रमुख अतिथि

(वीरबहादुर चन्द)
अध्यक्ष

" शिष्ट र नम्र व्यवहार : सेवाग्राहीको अधिकार "

# निजामती सेवा दिवस समारोह २०६७, डोटी

## प्रमाण–पत्र

निजामती सेवा दिवस २०६७ को अवसरमा आयोजित ......साँस्कृतिक (कविता)...... कार्यक्रममा सहभागी हुनु भएकोमा श्री......सेती प्राविधिक शिक्षालय...... का ......कृषि सहायक प्रशिक्षक...... श्री ......लक्ष्मीदत्त भट्ट......लाई स–धन्यवाद यो प्रमाण–पत्र प्रदान गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी

प्रमुख अतिथि
क्षेत्रीय प्रशासक

# महाकाली साहित्य सङ्गम

केन्द्रीय समिति

कञ्चनपुर, सु. प. नेपाल

## सम्मान–पत्र

आदरणीय ......लक्ष्मी दत्त भट्ट...... को साहित्य प्रतिको अगाध निष्ठा एवं महत्वपूर्ण योगदानको उच्च सम्मान गर्दै यस सङ्गम द्वारा मिति २०६९ माघ २८ तदनुसार 10th Feb. 2013 मा आयोजित नेपाल-भारत साहित्यिक स्रष्टा मिलनको अवसरमा महाकाली साहित्य सङ्गम यहाँलाई यो सम्मान-पत्र सगौरव प्रदान गर्दछ ।

समुज्ज्वल साहित्यिक यात्राको हार्दिक शुभकामना !

## LETTER OF HONOUR

Respected ......Laxmi Datta Bhatta...... Considering and appraising your high regard and contribution to literature, we feel proud to award you this Letter of Honour on the occasion of NepalIndia Literacy Artists' meeting organized by Mahakali Sahitya Sangam on 10th Feb. 2013.

We wish for your bright literary future.

(हरीशप्रसाद जोशी)
महासचिव

(वीरबहादुर चन्द)
अध्यक्ष



सम्पूर्ण साहित्य प्रेमी सर्जकहरु एक होऔं
आफ्नो संस्कृतिको जगेर्ना गरौं ॥

विज्ञान साहित्यिक मञ्च

श्री सिद्धनाथ विज्ञान क्याम्पस

मिति: २०६९।११।४ गते

महेन्द्रनगर, कञ्चनपुर

प्रशंसा-पत्र

कला साहित्य र संस्कृतिको संरक्षण सम्वर्द्धन गर्ने उद्देश्यले श्री सिद्धनाथ विज्ञान क्याम्पस अन्तर्गत स्थापित यस विज्ञान साहित्यिक मञ्चका गतिविधिहरुमा यहाँको सक्रिय सहभागिता र सहयोगको उच्च मुल्याङ्कन गर्दै तपाई श्री लक्ष्मीदत्त भट्ट 'सत्यप्रेमी' लाई यो प्रशंसा-पत्र प्रदान गरिन्छ ।

साथै आगामी दिनमा पनि यहाँको सहयोगको अपेक्षा गरिन्छ ।

| | | | |
|---|---|---|---|
| प्रमुख अतिथि | विशिष्ठ अतिथि | विशिष्ठ अतिथि | सभापति |
| बासुदेव भाईसाव | राजेन्द्र सिंह रावल | डा. पुर्ण बहादुर चन्द | टेकराज ओझा |

# सन्दर्भग्रन्थ सूची

# सन्दर्भसूची

अधिकारी, खेमराज (२०७०), **साहित्यकार इन्द्रप्रसाद रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवन

आचार्य, नन्दलाल, *चाँदनीको व्यथामा लुकेको पीडा प्रलाप,* **चितवनपोष्ट**, (वर्ष १६, अङ्क ३३, २०७०), चितवन : चितवन पोष्ट प्रकाशन प्रा.लि., पृ. ३ ।

आमोदी, केशवराज, **बहर बाटिका**, चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९ ।

ओझा, देवीप्रसाद, **सुदूर पश्चिमाञ्चलमा साहित्य र साहित्यकार**, कञ्चनपुर : सु.प. सामाजिक सेवा तथा अनुसन्धान समिति, २०६० ।

काफ्ले, राउत (२०७०), **लक्ष्मी उप्रेतीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवन ।

दुवाल, मोहन (सम्पा.), **जनमत**-डोटी साहित्य विशेष (मासिक पत्रिका, वर्ष ३१, अङ्क १०, २०७१), बनेपा : जनमत प्रकाशन, पृ. ३-७ ।

————, **जनमत**-कञ्चनपुर साहित्य विशेष, (मासिक पत्रिका, वर्ष ३१, अङ्क १२, २०७१), बनेपा : जनमत प्रकाशन, पृ. ३-८ ।

परिश्रमी, घनश्याम न्यौपाने, **गजल सौन्दर्य र मीमांसा**, रूपन्देही : सनसाइन आवासीय उच्च माध्यमिक विद्यालय, २०६४ ।

पोखरेल, बालकृष्ण (नि.), **नेपाली बृहत् शब्दकोश**, (ते. संस्करण), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, २०५२ ।

बराल, कृष्णहरि, **गजल सिद्धान्त र परम्परा**, ललितपुर : साझा प्रकाशन, २०६४ ।

भट्ट, लक्ष्मीदत्त, **हाम्रो गन्तव्य र कर्तव्य**, खण्डकाव्य, महेन्द्र : महाकाली साहित्य सङ्गम, २०६५ ।

————, **चाँदनीको व्यथा**, गजल सङ्ग्रह, चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६८ ।

————————, **आमाको स्मृतिमा**, शोककाव्य, चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९ ।

————————, **बहर सागर**, शास्त्रीय बहरबद्ध गजल सङ्ग्रह, चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९ ।

वंशल, सत्यप्रकाश, **भारतीय दर्शनहरूमा के छ ?**(अनु. अर्जुनदेव शर्मा), काठमाडौं : परिवेश प्रकाशन प्रा.लि., २०६१ ।

लुइँटेल, खगेन्द्र प्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

शर्मा, मोहन राज र खगेन्द्र प्र. लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६१ ।

साइँलो, गोर्खे, **गजल दर्शन**, चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६९ ।